# परिच्छेद : एक

# शोध परिचय

## १.१ विषय परिचय

राप्ती अञ्चलमा पर्ने दाङ जिल्ला साहित्य सिर्जनाका दृष्टिले अत्यन्तै धनी छ । यहाँको साहित्यिक पृष्ठभूमिलाई हेर्दा वि.सं. १८९९ मा रचित दाङको श्रीगाउँमा पाइएको कवितात्मक ताम्रपत्र नै हालसम्म उपलब्ध प्रथम कविता हो । यस ताम्रपत्रका रचनाकार को हुन् भन्ने स्पष्ट नभए तापनि विभिन्न विद्वान् तथा अनुसन्धाताहरूले कवि जक्तिनाथ भएको अनुमान गरेका छन् । यसरी वि.सं. १८९९ तिरबाट प्रारम्भ भएको दाङको साहित्य सिर्जना परम्परालाई त्यसपछिका थुप्रै साहित्य सर्जकहरूले समृद्ध तुल्याउने कार्य गरेका छन् ।

दाङको साहित्य सिर्जना परम्परालाई विकास गर्नका लागि पुरुष साहित्यकारका साथै थुप्रै नारी साहित्यकारहरूले पनि योगदान दिँदै आएका छन् । समग्र नेपाली साहित्यलाई हेर्दा पुरुष स्रष्टाकै बाहुल्य रहे झैँ दाङमा पनि नारी साहित्यकारका तुलनामा पुरुष साहित्यकारहरूकै बाहुल्य रहेको छ । दाङकी स्रष्टा श्रीमती सुशीला घिमिरेले यस शताब्दीको प्रारम्भतिर बनारस पढ्न गएको बेला त्यहाँबाट प्रकाशित **उदय** पत्रिकामा आफ्ना रचना प्रकाशित गरी पहिलो दङाली नारी स्रष्टा बन्ने अवसर प्राप्त गरेकी छन् । उनी नै दङाली पहिलो नारी हुन् जसले साहित्य लेखनमा रुची देखाइन् । हालको स्थितिलाई हेर्दा दाङका नारी स्रष्टाहरूले स्थानीय स्तरमा मात्र नभएर राष्ट्रिय स्तरमा समेत आफ्नो छवि स्थापित गर्न सफल भएका छन् । बुनू लामिछाने राष्ट्रिय स्तरमै आफ्नो छविलाई उचाइमा पुऱ्याउन सफल दङाली नारी स्रष्टा हुन् । उनका **बिहानीका पाइलाहरू** (कविता सङ्ग्रह-२०५८), **सुलोचना महाकाव्यको विश्लेषण** (समालोचना-२०५८), **याचना** (महाकाव्य-२०६०), **विद्रोही इन्द्रकुमारी** (महाकाव्य-२०६४) कृतिहरू प्रकाशित भइसकेका छन् । उनको **याचना** महाकाव्य नारी स्रष्टाद्वारा लेखिएको नेपालकै पहिलो महाकाव्य कृति हो । त्यसैगरी कविता, गीत, गजल तथा समालोचनामा निरन्तर कलम चलाइरहेकी अर्की दङाली नारी सर्जक बिन्दु शर्माका **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे** (समालोचना-२०६२), **आधारभूत नेपाली समालोचना** (२०६५) गरी दुईओटा समालोचनात्मक कृतिहरू प्रकाशित छन् । दाङकै सरला रेग्मीका **चुडाल्दै बन्धनहरू** (कथा सङ्ग्रह-२०६३), **प्रवाह** (उपन्यास-२०६६) कृतिहरू प्रकाशित छन् । यी बाहेक अन्य थुप्रै दङाली नारी स्रष्टाहरूले फुटकर रूपमा तथा पुस्तकाकार रूपमा कृति प्रकाशित गरी नेपाली साहित्यको भण्डारलाई समृद्ध तुल्याएका छन् । तसर्थ तिनै दाङका नारी साहित्यकारहरू जसले नेपाली साहित्याकाशलाई चम्किलो बनाउन कसरत गरिरहेका छन्, उनीहरूका बारेमा समग्र रूपले कुनै खास खोज तथा अनुसन्धान भएको पाइँदैन । त्यसैले समग्र दङाली नारी स्रष्टाहरूको खोज तथा अनुसन्धान र

उनीहरूका कृतिहरूको अध्ययन यस शोधमा गरिने छ । प्रस्तुत शोधकार्य दाङका नारी स्रष्टाहरू र तिनीहरूका कृतिको अध्ययनमा केन्द्रित रहेको छ ।

## १.२ समस्याकथन

साहित्यको विकास र विस्तारमा विभिन्न क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । त्यसैले नेपाली साहित्यको विकास र विस्तारमा दङाली नारी स्रष्टाहरूको पनि विशिष्ट योगदान रहेको छ । नेपाली साहित्यका विभिन्न विधाहरू कविता, कथा, उपन्यास, लेख, निबन्ध, समालोचना आदिमा यहाँका नारी स्रष्टाहरूले कलम चलाएको पाइन्छ । यसरी साहित्यका विविध विधामा कलम चलाउने यहाँका समग्र नारी स्रष्टाहरूका बारेमा हालसम्म कुनै पनि खास खोज भएको पाइँदैन । यही नै यस शोधको मुख्य समस्या हो । तसर्थ हालसम्म पुस्तक प्रकाशन गरेका नारी स्रष्टाहरूको अध्ययनमा आधारित छ ।

प्रस्तुत शोधकार्य तल उल्लिखित प्राज्ञिक शोध समस्याहरूमा केन्द्रित रहेको छ :

क) दाङका नारी स्रष्टाहरूको सिर्जन परम्परा के-कस्तो रहेको छ ?

ख) दाङका नारी स्रष्टाका कृतिहरू के-कस्ता रहेका छन् ?

## १.३ शोधको उद्देश्य

यस शोधको मुख्य उद्देश्य दाङका नारी स्रष्टाहरूको अध्ययन गर्नु रहेको छ । साथै नारी स्रष्टाहरूले साहित्यका विविध विधामा दिएको योगदानको निरूपण गर्ने प्रयास पनि शोधमा गरिएको छ । यस शोधकार्यका उद्देश्यहरू निम्न लिखित रहेका छन् :

क) दाङका नारी स्रष्टाहरूको सिर्जना परम्परा पहिल्याउनु,

ख) दाङका नारी स्रष्टाका कृतिहरूको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधालाई अँगाल्दै साहित्य सेवामा समर्पित दाङका नारी स्रष्टाहरूका बारेमा समग्र रूपमा हालसम्म कुनै पनि खोज तथा अनुसन्धान कार्य भएको पाइँदैन । यद्यपि केही नारी साहित्यकारहरू भने विभिन्न शीर्षकमा भएका शोध तथा अनुसन्धानमा समेटिन पुगेको देखिन्छ । यसरी विभिन्न शीर्षकमा भएका शोध-खोज, अनुसन्धान तथा लेख आदिलाई यहाँ पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ :

टीकाराम उदासी (२०५९) ले **छहरा** पत्रिकाको वर्ष १५, अङ्क १५, २०५९. पृ. ११ मा *छहराभित्रका नारी स्रष्टाहरू* शीर्षकको लेख लेखेका छन् । जुन लेखमा उनले २०३० सालदेखि प्रकाशित **छहरा**मा रचना प्रकाशित गर्ने नारीहरूका नाम, रचनाको शीर्षक, विधा वर्गीकरण, साल र अङ्क समेत उल्लेख गरेका छन् । उदासीको प्रस्तुत लेखले शोधकार्यका लागि विवरणात्मक सूची तयार पार्न र विधा वर्गीकरण गर्नमा सहयोग पुऱ्याउनुका साथै दङाली नारी स्रष्टाका बारेमा सूचना समेत प्राप्त गर्न सहयोग दिएको छ तर यसबाट शोधको समस्या समाधान हुने देखिँदैन ।

निर्मला शर्मा (२०५९)ले **दाङ जिल्लाका कवि र तिनका कविता कृतिको अध्ययन** शीर्षकमा तयार पारेको स्नातकोत्तर तहको शोध पत्रमा दाङका कविहरू मीना स्वर्णकार र बुनू लामिछानेका बारेमा गरेको अध्ययनबाट यो शोध तयार पार्दा यी दुई स्रष्टाका बारेमा खोजी गर्न सहयोगी बनेको छ ।

केशव सुवेदी (२०६५)ले **रापतीको साहित्यिक रूपरेखा**मा 'रापती अञ्चलका साहित्यकारहरूको वर्णानुक्रमिक सङ्क्षिप्त जीवनवृत्त' शीर्षकमा केही दङाली नारी साहित्यकारहरूका बारेमा सङ्क्षिप्त जीवनवृत्त प्रस्तुत गरेका छन् । जसबाट यो शोधकार्यमा ती दङाली नारी स्रष्टाहरूका बारेमा सूचना प्राप्त गर्न सहयोग मिलेको छ ।

वासुदेव रिजाल (२०६५)ले **दाङ जिल्लाका उपन्यासकार र तिनका उपन्यासहरूको परिचयात्मक अध्ययन** शीर्षकमा तयार पारेको स्नातकोत्तरको शोध पत्रमा दाङकी नारी उपन्यासकार सरस्वती पोखेलका बारेमा गरेको अनुसन्धानले यो शोध गर्दा सरस्वती पोखेलका बारेमा जानकारी लिन सहयोगी बनेको छ ।

यी बाहेक दाङका नारी स्रष्टाहरूका बारेमा अन्य कुनै खोज, अनुसन्धान भएको पाइँदैन । हालसम्म भएका यी खोज तथा अनुसन्धान कार्यबाट यस शोधको समस्या समाधान हुन नसक्ने हुनाले शोधकार्यको औचित्य ठहर्दछ ।

## १.५ अध्ययनको औचित्य

नेपाली साहित्यका विविध विधामा कलम चलाउँदै आएका दाङका नारी स्रष्टाहरूले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण योगदान दिँदै आएका छन् तर पनि उनीहरूका बारेमा कुनै खास अध्ययन, अनुसन्धान भएको पाइँदैन । यही अध्ययनको अभावलाई पूरा गर्ने उद्देश्यतर्फ प्रस्तुत शोधकार्य लक्षित रहने छ । यसका साथै दाङका नारी साहित्यकारहरूका बारेमा जान्न इच्छुक पाठक वर्गका लागि समेत यो शोधकार्य उपयोगी र महत्त्वपूर्ण हुने भएकाले यस अध्ययनको औचित्य रहेको छ ।

## १.६ अध्ययनको सीमा

दाङका नारी स्रष्टाहरूले साहित्यका विविध विधाका पुस्तकहरू प्रकाशित गरिसकेका छन् । त्यसैगरी फुटकर रूपमा समेत विभिन्न पत्रपत्रिकाहरूमा साहित्यिक रचनाहरू प्रकाशित गरेको पाइन्छ । यस शोधकार्य फुटकर रचनाहरू तथा स्रष्टामा केन्द्रित नरही कृति प्रकाशन गर्ने नारी स्रष्टा र कृतिहरूको अध्ययनमा केन्द्रित रहेको छ । तसर्थ दाङका नारी स्रष्टाहरूका प्रकाशित कृति र कृतिकारहरूको अध्ययन गर्नु नै यस शोधको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

यस शोधपत्र तयार पार्दा प्राथमिक सामग्रीका रूपमा सम्बन्धित नारी स्रष्टाहरूका कृतिहरूलाई नै लिइएको छ । जसका लागि पुस्तकालयीय अध्ययन कार्य अवलम्बन गरिएको

छ । यसका साथसाथै आवश्यकता अनुसार जानकार तथा सम्बद्ध व्यक्तिहरू र विषय विज्ञहरूसँग परामर्शसमेत लिई सामग्री सङ्कलन गरिएको छ ।

## ८. सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्र दाङका नारी स्रष्टाहरूको अध्ययन भएकाले सङ्कलित सामग्रीहरूको अध्ययन गरी आवश्यकता अनुसार ऐतिहासिक अनुसन्धान पद्धति, जीवनीपरक समालोचना तथा विधातत्त्वको अबलम्बन गरिएको छ । नारी स्रष्टाको सङ्क्षिप्त परिचय सहित उपलब्ध नारी स्रष्टाका कृतिहरूको विधागत वर्गीकरण गरी अध्ययन गरेर यो शोधपत्र तयार पारिएको छ ।

## ९. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित तथा व्यवस्थित रूपमा प्रस्तुत गर्नाका लागि विभिन्न परिच्छेदमा विभाजन गरिएको छ । यस अतिरिक्त अध्ययनको क्रममा आवश्यकता अनुसार उक्त परिच्छेदहरूमा विभिन्न शीर्षक उपशीर्षकहरूको समेत व्यवस्था गरी अध्ययन गरिएको छ । यसको प्रमुख भागहरूलाई निम्नलिखित परिच्छेदहरूमा वर्गीकरण गरिएको छ :

*पहिलो परिच्छेद : शोध परिचय*

*दोस्रो परिच्छेद : दाङ जिल्लाको परिचय र यसको सङ्क्षिप्त साहित्यिक इतिहास*

*तेस्रो परिच्छेद : दाङका नारी स्रष्टाहरूको लेखन परम्परा*

*चौथो परिच्छेद : दाङका नारी कविहरूको सङ्क्षिप्त परिचय र तिनका कृतिको अध्ययन*

*पाँचौं परिच्छेद : दाङका नारी गद्य स्रष्टाहरूको सङ्क्षिप्त परिचय र तिनका कृतिको अध्ययन*

*छैटौं परिच्छेद : उपसंहार तथा निष्कर्ष*

# परिच्छेद : दुई
# दाङ जिल्लाको परिचय र यसको सङ्क्षिप्त साहित्यिक इतिहास

## २.१ विषय प्रवेश

नेपाली साहित्यको उत्थान र विकासमा क्षेत्रीय स्तरमा रहेका साहित्यकारहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपाली साहित्यको विकासमा दाङ जिल्लाका साहित्यकारहरूको पनि महत्त्वपूर्ण भूमिका रहेको छ । यस सन्दर्भमा दाङ जिल्लाको परिचय र यसको साहित्यिक इतिहासलाई सङ्क्षिप्त रूपमा चिनाउनु पनि उपयुक्त हुन्छ । अतः दाङ जिल्लाको नामकरण, भौगोलिक परिचय, प्राकृतिक परिचय, ऐतिहासिक परिचय, सामाजिक-सांस्कृतिक परिचय, धार्मिक स्थल एवम् मठमन्दिरहरू, जनसङ्ख्या लगायत दाङको साहित्यिक इतिहासलाई सङ्क्षिप्त रूपमा चिनाउने कार्य यस परिच्छेदमा गरिएको छ ।

## २.२ नामकरण

दाङ जिल्लाको परिचय दिँदा यसको नामकरणका बारेमा चर्चा गर्नु प्रासङ्गिक हुन्छ । नेपालका कतिपय जिल्लाहरूको नाम प्रसिद्ध तीर्थस्थल, पौराणिक, ऐतिहासिक घटना, जातजाति र जातीय विशेषता आदिसँग जोडेर राखिएको पाइन्छ । अतः दाङ जिल्लाको नामकरणको बारेमा पनि यस्तै कतिपय भनाइ र किंवदन्तीहरू प्रचलित छन् । ती निम्नानुसार छन् :

"संस्कृतको पुरवाचक द्रङ्ग शब्दबाट दाङ्ग बने होला भन्ने धेरैले अनुमान लगाउँछन् तापनि, दाङमा पुर बसेको कहिल्यै थाहा नपाइने हुँदा पहाडका बीचको मैदानलाई बुझाउने संस्कृतको द्रोण शब्दबाट दाङ्ग बने होला भन्दा ज्यादा उपयुक्त हुने देखिन्छ । किनभने पहाडका बीचका मैदानी भागलाई दाङ्ग शब्दयुक्त दाङ्गमई, दाङ्गसिङ, दाङ्गवाङ्ग, दाङ्ग भन्सार, दाङ्ग चूली, दाङ्ग चोट, उपर दाङ्ग गढी आदि नामले बुझ्ने बुझाउने गरेको देखिन्छ (गौतम, २०५० : ५६-५७) ।"

"रामसरा मगरनीका अनुसार दाङ्ग, वाङ्ग, हाङ्ग शब्द मगरे खामका हुन् । यिनका क्रमशः अर्थ मैदान, चउर, पहाड हुन् भन्ने छ । दाङ्ग शब्द खास कुरामा मगरे खामबाट आएको हुन सक्छ तर यसको पूर्वरूप द्रोण शब्दलाई नै मान्नु उचित देखिन्छ (गौतम, २०५० : ५६-५७) ।"

"दाङ्ग देखि दखिनको पहाड द्रोणाद्रि दुन्द्रवा-दुडुवा भनिन्छ । दाङ्गको पूर्व रूप द्रोणलाई मान्दा मात्र दखिनका पहाडको द्रोणाद्रि नाम सार्थक हुन्छ (गौतम, २०५० : ५६-५७) ।"

"महात्मा बुद्धका जीवन चरित्रमा जेतवन (श्रावस्ती) वर्तमान बहराइचमा द्रोणवास्तुका ब्राह्मणको बुद्धसित वादविवाद भएको कुरा आउँछ । द्रोण वास्तु भन्ने स्थान अन्त नभेटिएकाले कपिलवास्तु र श्रावस्तीका बीच उत्तरको दाङ्ग नै द्रोण वास्तु हो भन्ने धेरैको सोचाइ छ (गौतम, २०५० : ५६-५७) ।"

यसका अतिरिक्त दाङ उपत्यकाको नाम दङ्गीशरण नामक थारू राजाका नामबाट भएको हो भन्ने किंवदन्ती पनि प्रचलित छ । यस अनुसार यिनको दरबार सुकौरागढमा थियो । यसरी नामकरणका सम्बन्धमा विभिन्न व्यक्तिहरूका फरक मत पाइए पनि यही भनाइ नै उपयुक्त देखिन्छ ।

## २.३ भौगोलिक एवम् प्राकृतिक परिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने राप्ती अञ्चलका पाँच जिल्लाहरूमध्ये दाङ एक प्रमुख जिल्लाको रूपमा रहेको छ । महाभारत पर्वतमाला यस जिल्लाको उत्तरी खण्डमा पूर्व-पश्चिम लम्बिएर रहेको छ । यसका उच्च टाकुराहरू २०५८ मिटरसम्मका छन् ।

महाभारत र चुरे श्रृङ्खलाका वरपर अवस्थित यी पाँच जिल्लामध्ये रोल्पा, रुकुम, सल्यान र प्यूठान पहाडी जिल्लाहरू हुन् भने दाङ राप्ती अञ्चलमा पर्ने एक मात्र समथर भू-भाग भएको भित्री मधेस हो । यो जिल्लाको उत्तरतर्फ महाभारत पर्वत, दक्षिणमा भारतको उत्तर प्रदेश, पूर्वमा अर्घाखाँची जिल्ला र पश्चिममा सुर्खेत जिल्ला पर्दछ । यो जिल्ला दाङ र देउखुरी गरी दुई उपत्यकामा विभाजित छ । क्षेत्रफलको हिसाबले देउखुरी उपत्यका भन्दा दाङ उपत्यका केही ठूलो छ ।

यो जिल्ला ८२ डिग्री २ मिनेट पूर्वदेखि ८२ डिग्री ५४ मिनेट पूर्वी देशान्तरसम्म र २७ डिग्री ३७ मिनेट उत्तरदेखि २८ डिग्री २९ मिनेट उत्तरी अक्षांशभित्र अवस्थित छ । यहाँ करीब २० प्रतिशत भित्री मधेस पर्दछ । भित्री मधेस समुद्र सतहदेखि लगभग २१३-२४४ मिटरको उचाइमा अवस्थित छ । यसको कुल क्षेत्रफल २७९० वर्ग किलोमिटर (२,९५,५०० हेक्टर) छ । भू-स्वरूपको दृष्टिकोणले यो जिल्लालाई मोटामोटी रूपमा तीन भागमा विभाजन गर्न सकिन्छ :

१) पहाडी प्रदेश

२) भित्री मधेस

३) चुरे पहाड

## पहाडी प्रदेश

यस जिल्लाको उत्तरी सिमानामा महाभारत पर्वतको पूर्व-पश्चिम फैलिएर बसेको छ । यहाँका उच्च शिखरहरू समुद्र सतहबाट ४,००० फिटदेखि करीब ६,७५० फिटसम्मको उचाइमा पर्दछन् । कहिलेकाहीँ यो उचाइमा हिउँ परेको पनि देखिन्छ तर केही दिनभित्रै उक्त हिउँ पग्लन्छ । यहाँका लेकहरूमा कोइला, स्लेट, हावा, पेट्रोलियम पदार्थ जस्ता भौतिक सम्पदाहरू रहेका छन् ।

## भित्री मधेस

यो प्रदेश माथि उल्लेख भए झैँ दुई ठूला उपत्यकामा विभाजित छ । दाङ र देउखुरी यी दुवै उपत्यका पूर्व-पश्चिम भई फैलिएका छन् । पहाड पखेराबाट खोलानालाले बगाई ल्याएको मलिलो माटोले गर्दा यहाँको जमिन अत्यन्तै उर्वरायुक्त छ । देउखुरी उपत्यकाको बीच भागबाट राप्ती नदी बगेर गएको छ भने दाङ उपत्यकाको दक्षिण भागबाट बबई नदी बगेर आएको छ र यसलाई सरयू भनिएको पनि पाइन्छ ।

## चुरे डाँडा

दाङ जिल्लाको दक्षिणी भागमा पूर्व-पश्चिम फैलिएर रहेको श्रृङ्खला चुरे डाँडा हो । चुरे पहाड श्रृङ्खलालाई राप्ती नदीले चिर्दै पूर्व-पश्चिम बगेकाले यहाँको चुरे पहाड दुई हाँगामा विभाजित भएको छ । दक्षिणतर्फ चुरेकै अन्तरमा देउखुरी उपत्यका वा भित्री मधेस समुद्र सतहदेखि करीब २२५ मिटरको उचाइमा रहेको छ । चुरे तथा दुँदुवा पहाड श्रृङ्खलामा क्रमशः १,२५६ मिटर र ९८६ मिटर सम्मका टाकुराहरू छन् ।

## २.३.१ नदी नाला

दाङ जिल्लामा राप्ती नदी र बबई नदी गरी दुईओटा नदी छन् । यी नदीकै आधारमा दाङलाई मुख्य दुई जलाधार क्षेत्रमा विभाजन गर्न सकिन्छ :

**राप्ती जलाधार क्षेत्र** : यस क्षेत्र अन्तर्गत दाङका मुख्यतः अर्जुन, सुरहिया, मुसोट, रङसिङ, सुपैला, गुरुङ, गढवा, मोड, करी, दारा, कक्रहवा, गंगदी, करङ्गा, कौडिया आदि खोलाहरू समेटिन पुगेका छन् ।

**बबई जलाधार क्षेत्र** : यस जलाधार क्षेत्र अन्तर्गत दाङका मुख्यतः बालीम, सिस्ने, सेवार, गुर्जे, हापुर, चौवा, ग्वार, पातु, नरुले, भमके, कटुवा, पत्रीफाल्ने, सङ्क्राम, बाँदरे, काला, बागेश्वरी, सुङ्गुरे, बागर, बौलाहा, सुसाउने आदि खोलाहरू समेटिन पुगेका छन् ।

### २.३.२ जलवायु

दाङ मिश्रित जलवायु भएको भित्री मधेस भाग ज्यादा र पहाडी भाग कम भएको जिल्ला हो । मुख्यतः दाङको जलवायु समशीतोष्ण मानिए पनि दाङ उपत्यकामा समशीतोष्ण र देउखुरी उपत्यकामा उष्ण जलवायु पाइन्छ । यहाँ ग्रीष्ममा अधिकतम ४० डिग्री सेल्सियस र न्यूनतम २५ डिग्री सेल्सियस सम्मको तापक्रम रेकर्ड पाइन्छ । यहाँको औसत तापक्रम २६ डिग्री सेल्सियस रहन्छ । वार्षिक औषत वर्षा १७०६ मिलिलिटर रहन्छ । कुल वर्षामा ९० प्रतिशत वर्षा ग्रीष्म ऋृतुमा हुन्छ भने हिउँदमा कहिलेकाहीँ मात्र हुन्छ ।

### २.३.३ छहरा, ताल-तलाउ र गुफा

यस जिल्लाको मुख्य आकर्षक झरना पुरन्धारा झरना हो । पुरन्धारा ८ स्थित यो झरना (छहरा) दाङ जिल्लाको मुख्य झरना हो । यसैगरी बाह्रकुने दह, चरिङ्गे दह, ज्यामिरे ताल, तत्त्व कुण्ड, भोटे दह, जखेरा ताल, गौरीगाउँ ताल, किचेनी दह आदि यहाँका मुख्य ताल हुन् ।

चमेरे गुफा, चन्द्रकोट गुफा, गुप्तेश्वर गुफा दाङका मुख्य गुफा हुन् । “हलवार गा.वि.स. ५ मुलकोटमा रहेको चमेरे गुफा नेपालकै सबैभन्दा ठूलो गुफा हो (पोखेल, २०६२ : १-१५) ।”

### २.३.४ माटो

दाङ उपत्यकाको माटो खासगरी लेटराइट किसिमको छ, जो ढुङ्गा, ग्रेसर र बालुवायुक्त छ । त्यसैले यहाँको माटो उर्वराका दृष्टिले ठीकै मानिन्छ । देउखुरी उपत्यकाको माटो भने दोमट पाँगो र बलौटे खालको हुनाले बाली उत्पादनका दृष्टिले उर्वरायुक्त मानिन्छ (पोखेल, २०६२ : १-१५) ।

## २.४ ऐतिहासिक पृष्ठभूमि

दाङ उपत्यका परापूर्व कालमा एउटा विशाल तलाउको रूपमा थियो भन्ने मानिन्छ र झट्ट हेर्दा त्यस्तै अनुमान गर्न लायक पनि छ । भौगोलिक इतिहासका दृष्टिमा हेर्दा ७ करोड वर्ष अगाडि टेथिस सागर भौगोलिक परिवर्तनबाट स्थल भागमा परिवर्तन भइसकेपछि पनि धेरै समयसम्म दाङ एक तलाउको रूपमा रहेको मानिन्छ । समय बित्दै जाँदा पछि उत्तरी दिशाबाट बग्ने नदीले तलाउको पानी चिरेर लगेपछि यो ठाउँ स्थल भागमा परिवर्तन भयो र यहाँ घना जङ्गल फैलियो । विभिन्न ग्रन्थमा उल्लेख भएको ‘वन खण्ड मण्डल’ले दाङ देउखुरीलाई नै अङ्कित गरेको कुरामा विद्वान्हरू विश्वास गर्दछन् (पोखेल, २०६२ : १-१५) ।

नेपालको इतिहासमा दाङ जिल्लाको आफ्नै महत्त्व छ । अहिले सम्मका शोधखोज अनुसार रापती अञ्चलको दक्षिण क्षेत्रमा पर्ने दाङ उपत्यकामा मानव बसोबासको अस्तित्त्व सभ्यताका आदिम प्रहरदेखि नै विद्यमान थियो भन्ने कुरा त्यहाँ बेला-बेलामा गरिएका उत्खनन तथा तिनबाट उपलब्ध पाषण युगीन पुरातात्त्विक सामग्रीहरूले पुष्टि गर्दछन् (सुवेदी, २०६५ : १०) ।

राम निवास पाण्डेले कटुकी सेवारमा, जनकलाल शर्माले ग्वारखोला र डिल्लीराम शर्माले बिजौरीमा नवपाषाणकालीन औजार प्राप्त गरेको पाइन्छ । यसरी नव पाषाण कालीन औजार दाङमा प्राप्त हुनुले दाङ उपत्यका नेपालका प्राग् ऐतिहासिक स्थलहरूमध्ये एक महत्त्वपूर्ण स्थल भएको पुष्टि मिल्दछ (पोखेल, २०६२ : १-१५) ।

दाङ देउखुरीमा पहिले थारू जातिका राजा दङ्गीशरणले पनि राज्य गरेका र यिनै थारू राजाको शासनकालमा दाङ सुकौरागढमा राजभवन निर्माण भएको हो भन्ने विश्वास गरिएको छ । दाङमा थारू राजाले राज्य गरिरहेको बेलामा कर्णाली प्रस्रवण क्षेत्रमा खसिया मल्लहरूले प्रभुत्व बढाउँदै आएपछि उनीहरूले दाङको थारू राजालाई आफ्नो सामन्त तुल्याए । खसिया मल्लहरूको पतनपछि दाङमा स्वतन्त्र राज्य खडा भएको देखिन्छ र त्यसैताका सवारीकोटमा मणिक परीक्षकले राज्य स्थापना गरी राज्य गर्न थालेको पाइन्छ । यिनको मृत्युपछि राजा भएका यिनैका छोरा रत्न परीक्षक सिकार खेल्न वनमा जाँदा गोरखनाथको दर्शन पाए । गोरखनाथको प्रभावबाट यी राजा पनि योगी भए र यिनको नाम रत्ननाथ सिद्ध भयो । सिद्ध रत्ननाथले दाङलाई रक्षा गरिरहेका छन् भन्ने अनेक कथाहरू पाइन्छन् । यसरी गोरखामा गोरखनाथको, जुम्लामा चन्दननाथको महत्त्व भए झैं दाङमा रत्ननाथको महत्त्व छ (मेचीदेखि महाकालीसम्म, २०३१ : २४०-२४२) ।

रतननाथले छाड्दा दाङ राज्यको विस्तार शिवराज इलाकाको अर्रासोतादेखि पश्चिम राप्तीसम्मको तुलसीपुर भनिने इलाकामा पनि थियो । नेपालको एकीकरणका बेला सम्बत् १८४३ मा दाङका राजा नवल सिंहले तापाका लडाईमा वीरगति प्राप्त गरे । पछि उनका राजकुमार दिलेर सिंहले पूरा दाङको रक्षा गर्न सकेनन् । आफ्नो आधा राज्य तुलसीपुरको तराई मात्र बचाई त्यहीका मात्र राजा भै बसे । गोर्खालीले जितेको दाङको देउखुरी पृथ्वीनारायण शाहकी छोरी सल्यानका युवराज्ञीलाई विर्ता भनी दिए । वि.सं. १८६५ मा सल्यानको राज्य नेपालमा मिल्दा दाङ पनि नेपालमा मिल्यो । वि.सं. १८९४ सालमा दरबारका कुनै कुमारीको विवाह गरिदिँदा सल्यानी राजा वंशज तेजबहादुर शाहलाई राजा पद र पश्चिमी दाङ फलावाङ राजाका नामले प्रदान गरियो र दाङ खण्डित भयो (दाङ जिल्लाको वस्तुगत विवरण, २०६२ : १) ।

नेपाल एकीकरण पश्चात् दाङ सल्यान गौँडाका मातहतमा थियो । वि.सं. १९३८ सालमा दाङको मैदानी भागलाई तौलिहवा गोश्वाराका, १९९६ सालमा भैरहवा गोश्वाराका, २००३ सालमा नेपालगञ्ज गोश्वाराका मातहतमा गराइएको थियो । २००७ सालसम्म यहाँ माल, अदालत, हुलाक, इन्सपेक्टर अफिस मात्र थिए । २००८ साल जेठ ३ गतेदेखि छुट्टै जिल्ला मानियो र यहाँ वडा हाकिम रहन थाले । २०१७ सालमा राप्ती अञ्चलको सदरमुकाम दाङ मानिएपछि यहाँ अञ्चलाधीश रहन थाले (दाङ जिल्लाको वस्तुगत विवरण, २०६२ : १) ।

फलावाङ राज्य वि.सं. २०१८ सालमा उन्मूलन भए पछि दाङको पश्चिमी भाग र अघिदेखि सल्यानतर्फ रहेको दाङको उत्तरी पानी ढली २०३० सालतिर दाङमा मिलेपछि दाङ आजको अवस्थामा आयो (दाङ जिल्लाको वस्तुगत विवरण, २०६२ : १) ।

## २.५ सामाजिक-सांस्कृतिक परिचय

कुनै पनि समाज विभिन्न जातजाति र धार्मिक सम्प्रदायहरूको संयोगबाट बनेको हुन्छ । यिनै जातजाति आदिका परम्परागत संस्कार, धर्मकर्म, रहनसहन, सामाजिक जनजीवनको निर्माण भएको हुन्छ भने यसबाट सामाजिक-सांस्कृतिक परिचय पनि पाउन सकिन्छ । अन्य जिल्लाहरूमा जस्तै दाङ जिल्लामा पनि विभिन्न जातजातिका मानिसहरू बसोबास गर्दै आएको पाइन्छ ।

प्राचीन कालदेखि नै दक्षिणतर्फ अवस्थित राप्तीको दाङ-देउखुरी उपत्यकामा थारू जातिको बसोबास रहँदै आएको हो भने मध्यकालभन्दा अघिदेखि नै उत्तरतर्फको पहाडी श्रृङ्खलामा मगरहरू र दक्षिणतर्फको पहाडी भू-भागमा खसमूलका विभिन्न जात/जातिहरू बसोबास गर्दै  आएका हुन् (सुवेदी, २०६५ : ११) ।

यस जिल्लामा थारू जातिको बाहुल्य रहे तापनि अन्य एक दर्जन भन्दा बढी जात जातिको सङ्गम स्थलका रूपमा रहेको दाङको संस्कृति विविधतापूर्ण छ । यहाँका थारू संस्कृतिका दृष्टिले निकै धनी छन् । एकदमै न्यून सङ्ख्यामा रहेका लोपोन्मुख जाति राउटेको संस्कृति संरक्षणमा विशेष ध्यान दिन आवश्यक छ । दाङमा प्रचलित मुख्य लोकनाचहरूमा बड्कीमार नाच, सारङ्गी नाच, सोरठी नाच, झुमे नाच, झुमरा नाच, राउटे नाच, मघौटा नाच, तरवार नाच, खुकुरी नाच, लट्ठी नाच आदि पर्दछन् ।

दाङमा मुख्यतः छैँठीमा छैँठी गीत, विवाह कर्ममा मागल र रत्यौली गीत, तीजमा तीज गीत, दशैँमा रैचुमा, मालश्री गीत तथा थारूको वर्कीमार र छोट्कीमार गीत, तिहारमा सैरालु र भैलोका साथै फागु पूर्णिमामा होरीका गीत गाइन्छन् । यसैगरी दाङमा झुमरा, सिँगारू, टप्पा, वयलडाँरी, दोहोरी गीतका साथै थारू भाषीको मैना गीत, अवधि भाषीको

चैता गीत, मगर भाषीको झूमे गीत प्रचलित छन् । चमारे बाजा र पञ्चे बाजा लगायतका लोक सङ्गीत दाङमा लोकप्रिय छन् (पोखेल, २०६२ : १५) ।

## २.६ जनसङ्ख्या

वि.सं. २०६८ सालको जनगणना अनुसार दाङ जिल्लाको जनसाङ्ख्यिक तथ्याङ्क यसप्रकार रहेको छ :

| | |
|---|---|
| कुल जनसङ्ख्या : | ५,५२,५८३ |
| महिला : | २,९१,५२४ (५२.७५ प्रतिशत) |
| पुरुष : | २,६१,०५९ (४७.२५ प्रतिशत) |
| घरधुरी : | १,१६,३४७ |
| प्रति परिवार व्यक्ति : | ४.७५ |
| जनघनत्व : | १८७ प्रति वर्ग किलोमिटर |

दाङमा सबैभन्दा बढी जनसङ्ख्या घोराही नगरपालिकामा छ भने सबैभन्दा कम जनसङ्ख्या कोइलाबास गाउँ विकास समितिमा रहेको छ । घोराही नगरपालिकाको जनसङ्ख्या ६२,९२८ छ भने कोइलाबासको जनसङ्ख्या ८६८ रहेको छ (जिल्ला तथ्याङ्क कार्यालय, दाङ) ।

## २.७ मन्दिर एवम् धार्मिक स्थलहरू

दाङ जिल्लाका प्रमुख मन्दिर एवम् धार्मिक स्थलहरू चौघेरा रत्ननाथ मन्दिर, अम्बिकेश्वरी मन्दिर, धारपानी पाण्डवेश्वर मन्दिर, बराह मन्दिर, गढीटाकुरा मन्दिर, कालिका-मालिका, सुदय रामेश्वर मन्दिर, बगारबाबा मन्दिर, रिहार मन्दिर, शुक्रेश्वरी मन्दिर, देवीकोट मन्दिर आदि रहेका छन् ।

## २.८ दङाली साहित्यको सङ्क्षिप्त इतिहास

नेपाली साहित्यको इतिहासलाई हेर्दा साहित्यको थालनी कविता विधाबाट भएको पाइन्छ । पृथ्वीनारायण शाहका समकालीन कवि सुवानन्ददासको ‘पृथ्वीनारायण शाह’ (१८२६) कविताबाट नै लेख्य नेपाली साहित्यको प्रारम्भ भएको पाइन्छ र उनलाई नै नेपालका प्रथम कवि मानिएको छ (भट्टराई र भट्टराई, सम्पा., २०५९ : ट र ठ) । यसै क्रममा दाङ जिल्लाको लेख्य साहित्य परम्परा पनि कविता विधाबाटै प्रारम्भ भएको पाइन्छ । केशव सुवेदीले ‘मध्यपश्चिमका कविता’ नामक पुस्तकभित्र समाविष्ट ‘दाङको कविता परम्परा र प्रवृत्ति’ शीर्षकको आफ्नो लेखमा रापती क्षेत्रमा दाङबाटै शिष्ट लेख्य परम्परा सुरु भएको र श्रीगाउँ दाङस्थित सिद्ध भवन्तनाथ मठमा रहेको वि.सं. १८९९ सालमा रचित ‘सिद्धगादी चरित’ कवितात्मक ताम्रपत्र नै हालसम्म प्राप्त रापतीकै प्रथम कविता भएको र

यसका लेखक जक्तिनाथ हुनसक्ने अनुमान गरेका छन् । यद्यपि यस विषयमा केही विवाद पनि भएको पाइन्छ तर भाषा र कालक्रमले आदिकवि भानुभक्तका समकालीन देखिने जक्तिनाथलाई प्राप्त लेख्य सामग्रीको आधारमा यो भन्दा पुरानो अन्य कुनै प्रमाण फेला नपर्दासम्म दाङका प्रथम कवि नै हुन् भन्न सकिन्छ र उनको 'सिद्धगादी चरित' नामक कविताबाटै दाङको लेख्य साहित्यको आरम्भ भएको मानिन्छ (मजगैयाँ, २०५४ : ४४) ।

बीसौँ शताब्दीका उत्तरार्द्धमा दाङबाट मटिहानी, काठमाडौँ र बनारस जस्ता विद्या केन्द्रहरूमा गई संस्कृत पढे लेखेका पण्डितहरूले साहित्य सिर्जनामा रुचि लिन थाले । यस क्षेत्रबाट साहित्य सिर्जनामा क्रियाशील हुने पहिलो पुस्ताका त्यस्ता प्रतिभाहरू हुन् : कविराज शालिग्राम गौतम, मित्रलाल आचार्य, चेतनाथ उपाध्याय, शोभाकर आचार्य आदि (सुवेदी, २०६५ : ४४) । व्याकरण, आयुर्वेद र साहित्य तीन विषयमा आचार्य गर्ने दाङका प्रथम व्यक्ति कवि/कविराज शालिग्राम गौतमका 'शाहवंश चरित्र' (१९९२), 'रामाश्वमेध काण्ड' (१९९३) नामक दुई काव्यहरू प्रकाशित छन् । यिनै शालिग्रामलाई दाङका साहित्यकारहरूमा प्रथमपल्ट काव्य ग्रन्थ प्रकाशन गर्ने श्रेय प्राप्त छ । यसपछि नै दाङका अन्य साहित्यकारहरूले प्रकाशनतिर ध्यान दिएको पाइन्छ (मजगैयाँ, २०५४ : ५४) । त्यसैले यिनका काव्य कृतिहरूले दाङको साहित्यिक इतिहासलाई अघि बढाउन महत्त्वपूर्ण भूमिका खेलेको मानिन्छ ।

वर्तमान शताब्दीका प्रारम्भसँगै दाङमा शैक्षिक गतिविधिहरू विस्तारित हुँदै गए । स्थानीय स्तरमै सुरू भएको संस्कृत तथा अङ्ग्रेजी शिक्षाको प्रारम्भिक पठनपाठन तथा उच्च शिक्षाका निम्ति बनारस तथा राजधानीमा पढ्न जाने प्रवृत्ति बढ्दै आएको पृष्ठभूमिमा दाङमा साहित्य सिर्जनाको सबल परम्परा पनि निर्माण हुँदै गयो । फलतः यस शताव्दीका प्रारम्भमै दाङबाट गणेशकुमार शर्मा, रामप्रसाद मजगैयाँ, रामेश्वर शर्मा, टेकनाथ गौतम, मेघराज शर्मा, बुद्धिप्रकाश शर्मा आचार्य, श्रीमती सुशीला घिमिरे, वासुदेव शर्मा, मीन दङ्गाली, भरतमणि शर्मा जस्ता प्रतिभाहरू देखापरे (सुवेदी, २०६५ : ४५-४६) ।

वर्तमान शताब्दीको दोस्रो दशकमा दाङबाट बनारसमा पढ्न जाने सिलसिला निकै तीव्र बन्दै गयो । त्यसबेला बनारसबाट नेपाली विद्यार्थीहरूका सक्रियतामा **छात्रदूत** (२०१२), **छात्रवाणी** (२०१२), **छात्रप्रभा** (२०१८) आदि विभिन्न पत्रपत्रिका प्रकाशित भइरहेका थिए भने दाङ-प्यूठानबाट पढ्न गएका विद्यार्थीहरूले पनि **सन्देश, सुमन** जस्ता पत्रिका प्रकाशित गर्न थालेका थिए । उपर्युक्त पत्रपत्रिकाका माध्यमबाट दाङका एकराज शर्मा, नारायणप्रसाद शर्मा, नेत्रलाल शर्मा 'अभागी', गिरिराज शर्मा, वासुदेव शर्मा घिमिरे, तोयनाथ धिताल, वामदेव शर्मा, लोकमणि आचार्य लगायतका स्रष्टाहरू साहित्य सिर्जनाका साथै पत्रपत्रिकाको सम्पादनमा समेत क्रियाशील रहेको पाइन्छ (सुवेदी, २०६५ : ४६-४७) ।

यसैगरी **उदय, छात्रदूत, छात्रवाणी, सन्देश, सुमन, प.प. हाइस्कुल पत्रिका, फूलबारी** आदि पत्रिकाका माध्यमबाट साहित्य सिर्जनामा उत्साहित हुने दाङका अन्य प्रतिभाहरू हुन् : पं.रामकुमार शर्मा, खलुप्रसाद शर्मा, गोपालप्रसाद शर्मा, टेकनप्रसाद शर्मा, दिवाकर शर्मा, ऋषिराज शर्मा, टीकाराम मजगैयाँ, बलदेव घिमिरे, हरिप्रसाद शर्मा'राही', केशव'दीपक' शर्मा, शिवकुमार रेग्मी, लक्ष्मण कुमार शर्मा, विष्णुप्रसाद शर्मा घिमिरे, छविकुमार शर्मा, रेवतीरमण शर्मा, यज्ञमूर्ति गौतम, लीलामणि शर्मा, गुरूप्रसाद रेग्मी, कृष्ण 'पथिक', कुञ्जविक्रम राणा, कृष्णकुमार आचार्य, विष्णुप्रसाद खनाल, पुष्पाकुमारी, श्रीमती प्रभादेवी, वासुदेव अर्याल, केशवकुमार आचार्य, टीकाराम धिताल, सुशील गौतम, नारायणप्रसाद गौतम, मोहललाल गौतम, राममणि नेपाली, नगेद्रबहादुर न्यौपाने, ठाकुरप्रसाद शर्मा, नारायण पोखल, खगराज न्यौपाने, शङ्कर आचार्य, धनेश्वर गौतम, के.पी. गौतम, ताराप्रसाद शर्मा, गोविन्द लम्साल, कमल गौतम, जीवराज पाण्डे, जनार्दन शर्मा, देवी पोखेल, गोपाल 'तुफान', हरिहर 'किसान', चन्द्रकान्त गौतम, भरत न्यौपाने, शिवकुमार गौतम, मधुसूदन शर्मा, शिवकुमार 'वसन्त', गोविन्द 'माली', रामप्रसाद शर्मा, रोमहर्ष धिताल, उदय बहादुर न्यौपाने, यमबहादुर पौडेल, प्रभातमणि रेग्मी, लालमणि अधिकारी, शरदकुमार शर्मा, जागेश्वर घिमिरे, बलदेव शर्मा, शोभाराम बस्नेत, कुमारी गोमा 'क्रान्ति', प्रकाश घिमिरे आदि । उपर्युक्त स्रष्टा प्रतिभाहरूले दाङको साहित्यिक परम्परालाई समृद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ तापनि यीमध्ये अधिकांश कवि लेखकहरूले पछिल्लो अवधिमा आफ्नो सिर्जन यात्रालाई निरन्तरता दिने चासो देखाएको पाइँदैन भने थोरैले मात्र अद्यावधि सिर्जनामा क्रियाशीलता देखाएको पाइन्छ (सुवेदी, २०६५ : ४८-४९) ।

दाङबाट स्थानीय स्तरमा प्रकाशित हुन थालेका **ज्योत्स्ना, मानस-प्रभा, पराग, अन्तर्ध्वनि** तथा राजधानीबाट प्रकाशित **रूपरेखा, मधुपर्क, गोरखापत्र** जस्ता विभिन्न पत्रपत्रिकाका माध्यमबाट २०२० का दशकमा पनि दाङका थुप्रै प्रतिभाहरू साहित्य सिर्जनातर्फ आकृष्ट रहेको पाइन्छ । यस अवधिमा साहित्य सिर्जनामा लागेका प्रमुख स्रष्टाहरू हुन् : तीर्थबहादुर डाँगी, यज्ञप्रताप बहादुर रजौरे, गोविन्द (चिस), दुर्गाप्रसाद मजगैयाँ, नारायणकुमार आचार्य, शङ्कर पौडेल, गणेश 'विषम', डिल्लीबहादुर केसी, गदाधर पौडेल, भक्तिराम ज्ञवाली, स्थानेश्वर पौडेल, नवराज रजौरे, वलदेब मजगैयाँ, उत्तमकृष्ण मजगैयाँ, महेश चौधरी । त्यसैगरी गजराज शर्मा, टीकादत्त पन्त, भूपाल योगी, चूडामणि अधिकारी, बलदेव अधिकारी, टीकाराम रेग्मी, लक्ष्मीनारायण ज्ञवाली, लोकमणि देवकोटा, भीमकान्त शर्मा आचार्य, भैरव मजगैयाँ, विश्वमाया गौतम, देवराज आचार्य, देवमणि गौतम, भागवत शर्मा, देवेन्द्र पौडेल, भगवतीप्रसाद चौधरी, अरविन्द सतगैयाँ आदि । यी प्रतिभाहरूले पनि दङाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ (सुवेदी, २०६२ : ५०-५१) ।

२०३० को दशकका अवधिमा दाङबाट प्रकाशित **छहरा, ऐसेलु, युगबोध, खलिहान, अन्तर्ध्वनि, इन्द्रेनी** तथा राजधानीबाट प्रकाशित **मधुपर्क, गरिमा, मिर्मिरे, समष्टि, नवकविता, कलम, सञ्चिता** आदि जस्ता विभिन्न पत्रपत्रिकाका माध्यमबाट अनेक कवि लेखकहरू दाङको साहित्यिक परम्परालाई अघि बढाउन सक्रिय रहेको पाइन्छ । उपर्युक्त पत्रपत्रिकाका माध्यमबाट देखापर्ने प्रमुख स्रष्टाहरू अमर गिरी, कृष्णसेन 'इच्छुक', गोविन्द आचार्य, नित्यानन्द शर्मा, भगीरथ योगी, सूर्यनाथ सापकोटा, लक्ष्मीनाथ योगी, कृष्णप्रसाद बस्याल आदि हुन् (सुवेदी, २०६५ : ५१) ।

२०३० पछिकै अवधिमा दङाली साहित्य परम्परामा देखा परेका यज्ञबहादुर डाँगी, शरद देवकोटा, हीरा डी.सी., धर्मराज वैरागी, पदमप्रसाद अधिकारी, नेत्र 'एटम', सुन्दर गौतम, कर्णप्रखर धिताल, कोमल वली, बुनू लामिछाने, बलदेव पोखेल, के.एल'पीडित' जस्ता प्रतिभाहरूले साहित्य सृजनामा निरन्तर क्रियाशीलता देखाएका छन् । यी बाहेक यसै अवधिमा दाङबाट साहित्यिक फाँटमा देखापर्ने अन्य साहित्यकारहरू हुन् : रामकृष्ण देवकोटा, श्रीधर पौडेल, गोविन्द 'कुसुम', भागवत शर्मा, बमबहादुर डी.सी., रामकुमार ज्ञवाली, श्रीधर मजगैयाँ, प्रेमकुमार आचार्य, गङ्गामणि शर्मा, लक्ष्मण ज्ञवाली, शेरबहादुर चौधरी, दीपक शाह, कृष्ण शाह, चन्द्रबहादुर थापा, भूपेन्द्रप्रकाश अधिकारी, आशाराम चौधरी, कुलवीर चौधरी, अशोक लोहनी, प्रबोध रेग्मी, युवराज पन्त, बोधराज भुसाल, दुर्गा गिरी, गोकर्णप्रसाद शर्मा, विनोद पोखेल, लक्ष्मी योगी, शेषमणि शर्मा, शेषमणि अधिकारी, नारायण पोखेल, चुनचुन केसी, पुष्पकुमार श्रेष्ठ, प्रेम 'अभागी', गणेशप्रसाद रेग्मी, शिवहरि देवकोटा, हेमन्त रिजाल, नारायणप्रसाद सुवेदी, शम्भुप्रसाद गौतम, ललिता शर्मा, नारायण शर्मा, खोपीराम लम्साल, वंशीधर आचार्य, चिन्तामणि योगी, ऋषिराज जङ्गली, कम्लेश डि.सी., सुधनकुमार पौडेल, कल्याण गौतम, शोभाकर बुढाथोकी, केशव बुढाथोकी, सुनिता लम्साल, नीता शर्मा, रामप्रसाद जैसी, वसन्त शाह, गोपाल भुसाल, फणिराज पोखेल, हीरामणि 'दुःखी', शालिकराम रजौरे, पुरूषोत्तम खनाल, भवानी पौड्याल, आत्रेय 'बेहोसी', निराजन खनाल, सम्झना आचार्य, गिरबहादुर अधिकारी, ज्ञानेन्द्र बुढाथोकी, एटम पौडेल, भूपबहादुर भण्डारी, विमल अधिकारी, खेमराज दोर्पाली, महेश निराजन, बि.अधिकारी, विपुल निनाद, सुरेश विम्ब, अनजान यात्री, मिलन, सन्जु रिजाल, नवराज पौडेल, फणीन्द्र पोखेल, प्रभास देवकोटा 'चरू', कृष्णराज चौधरी 'सर्वहारी', मणि देवकोटा, लोकराज पराजुली, सुधीर गौतम, प्रताप रेग्मी, मेनका पोखेल, अर्जुन आचार्य, दिवाकर शर्मा, दीपक सुवेदी, मीना स्वर्णकार आदि । यीमध्ये अधिकांश युवाहरू सिर्जनामा सक्रिय छन् र स्थानीय पत्रपत्रिका तथा आ-आफ्ना वैयक्तिक एवम् सामूहिक सङ्ग्रहमार्फत कथा, कविता, गीत, गजल, निबन्ध र समीक्षात्मक रचनाहरू प्रस्तुत गर्दै आएको पाइन्छ (सुवेदी, २०६५ : ४३) । यसैगरी कविता उपाध्याय, छमा पराजुली, सन्ध्या रेग्मी, जानकी सुनार, मधुमालती खत्री,

उदय जिएम, टीकाराम उदासी, प्रेम भण्डारी, हेमराज शर्मा, दुर्गालाल के.सी, सविन प्रियासन, इन्दिरा विष्ट, माधवा रेग्मी, शारदा शर्मा, विदुषी पाण्डेय, सुषमा शर्मा घिमिरे, उर्मिला लामिछाने, बिन्दु शर्मा, किरण पन्थी, सरला रेग्मी, सुशीला आचार्य, लक्ष्मी आचार्य, विमला गौतम, रत्नावली शर्मा लगायतका थुप्रै प्रतिभाहरूले साहित्यका विभिन्न विधामा कलम चलाउँदै दङाली साहित्यलाई अग्रता दिलाएका छन् ।

दाङ जिल्लामा शिष्ट लेख्य स्तरमा सिर्जनात्मक गतिविधि थालिएको पुग नपुग डेढ सय वर्ष भइसकेको छ । यस बीचमा शैक्षिक चेतनाको अभावका कारणले गर्दा पहिलो एक शताब्दीमा साहित्य सिर्जनातर्फको उन्मुखता त्यति देखिँदैन तापनि यस अवधिमा दाङ जिल्लामा शिष्ट लेख्य कविता परम्पराको बीजारोपण गर्नमा 'सिद्धगादी चरित'का कवि र कविराज शालिग्राम गौतम जस्ता प्रतिभाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । पछिल्लो अर्ध शताब्दीमा यस क्षेत्रमा क्रमशः अनेक स्कुल, कलेजहरूको स्थापना र तिनका माध्यमबाट सुरू भएको शैक्षिक विस्तारका पृष्ठभूमिमा क्रमशः साहित्यिक जागरण पनि आरम्भ भयो । स्थानीय स्तरमै विभिन्न पत्रपत्रिका प्रकाशित हुन थाले र साहित्यिक सङ्घ, संस्था तथा विभिन्न पुरस्कारको स्थापना, सञ्चार माध्यमको भूमिका, साहित्यिक कार्यक्रम जस्ता विभिन्न कुराले दङाली साहित्यिक परम्परालाई माथि उठाउन महत्त्वपूर्ण भूमिका खेल्दै आएको देखिन्छ (सुवेदी, २०६५ : ५३) ।

## २.९ निष्कर्ष

राप्ती अञ्चलकै क्षेत्रफल तथा जनसङ्ख्याका हिसाबले ठूलो दाङ जिल्ला प्रमुख व्यापारिक केन्द्र हो । भौगोलिक दृष्टिकोणले भित्री मधेसमा पर्ने दाङ जिल्ला उष्ण तथा समसितोष्ण हावापानी पाइने एक उर्वर भूमि हो । विभिन्न पुरातात्त्विक मठ मन्दिर तथा ताल तलैयाहरूले भरिपूर्ण दाङ जिल्ला पर्यटकीय तथा प्राकृतिक दृष्टिले समेत महत्त्वपूर्ण रहेको छ । आदिवासी जनजाति थारूहरूको बाहुल्य रहेको यस जिल्लालाई थारू संस्कृतिको अध्ययनका दृष्टिले एक खुला सङ्ग्रहालयका रूपमा लिन सकिन्छ । दाङको श्रीगाउँमा प्राप्त १८९९ मा रचना गरिएको मानिएको 'सिद्धगादी चरित'बाट सुरु भएको दाङको लेख्य साहित्य परम्परा वर्तमानसम्म आइपुग्दा निकै विकसित भइसकेको छ । पहिला संस्कृत पण्डितहरूले धानेको दाङको लेख्य साहित्यिक परम्परालाई शैक्षिक गतिविधिको विस्तारसँगै साहित्यप्रेमी विद्यार्थीहरूले सचेतताका साथ अगाडि बढाएको पाइन्छ । **उदय, छात्रदूत, छात्रवाणी, सन्देश, सुमन, प.प. हाइस्कुल पत्रिका, फूलबारी** जस्ता पत्रिकाहरूले दाङको साहित्यिक परम्पराको पृष्ठभूमि निर्माणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । दङाली साहित्यिक विकासमा **छहरा, ऐसेलु, युगबोध, खलिहान, अन्तर्ध्वनि, इन्द्रेनी** लगायतका पत्रिकाको भूमिका पनि महत्त्वपूर्ण रही आएको छ ।

# परिच्छेद : तीन

# दाङ जिल्लाका नारी स्रष्टाहरूको लेखन परम्परा

## ३.१ विषय प्रवेश

नेपाली साहित्यको उत्थानमा दाङ जिल्लाको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ । यहाँका थुप्रै स्रष्टाहरूले आफ्ना सिर्जनात्मक अभिव्यक्तिद्वारा नेपाली भाषा र साहित्यको भण्डारलाई समृद्ध तुल्याएका छन् । नेपाली भाषा साहित्यको उन्नयनमा यहाँका अन्य स्रष्टाहरूका साथै नारी स्रष्टाहरूको भूमिका पनि उल्लेखनीय रहेको छ ।

दङाली नारी स्रष्टाहरूको लेख्य परम्परालाई हेर्दा वि.सं. २००३ बाट प्रारम्भ भएको देखिन्छ । तत्कालीन समयमा दाङमा शैक्षिक संस्थाका अभावका कारणले गर्दा दङाली विद्यार्थीहरू शिक्षा आर्जनका लागि छिमेकी देश भारतका विभिन्न स्थानमा जाने गर्दथे । बनारसलाई शैक्षिक केन्द्रको मूल थलो बनाई शिक्षा आर्जनार्थ गएका विभिन्न विद्यार्थीहरूले आफ्नो क्षेत्रको साहित्यिक उत्थानका साथै नेपाली भाषा र साहित्यको उन्नयनका लागि कलम चलाएको देखिन्छ । यसै सिलसिलामा बनारसबाट प्रकाशित **उदय**, **सन्देश** जस्ता पत्रिकामा दाङका अन्य स्रष्टाका साथै नारी स्रष्टाहरूले कलम चलाएको पाइन्छ । वि.सं. १९९३ बाट आफ्नो प्रकाशन यात्रा आरम्भ गरेको **उदय** पत्रिकाका माध्यमबाट दाङका साहित्य सर्जकका साथै नारी स्रष्टाको सिर्जनात्मक गोरेटो निर्माण भएको पाइन्छ ।

वि.सं. २००३ मा दाङकी श्रीमती सुशीला घिमिरेको *हाम्रो समाजमा शिक्षाको अभाव (उदय, वर्ष ९, सङ्ख्या ७-८, वैशाख-जेठ २००३)* शीर्षकको लेख प्रकाशित भएको पाइन्छ । यही लेख नै दाङ जिल्लाका नारी स्रष्टाद्वारा लेखिएको हालसम्म प्राप्त पहिलो लेख्य सामग्री हो र घिमिरे दाङकी प्रथम नारी स्रष्टा हुन् । घिमिरेको **उदय**मा प्रकाशित उक्त लेखले दङाली नारी लेखन परम्पराको श्रीगणेश गरेको देखिन्छ ।

## ३.२ दङाली नारी लेखन परम्पराको विकासक्रम

दङाली नारी लेखन परम्परा वि.सं. २००३ बाट प्रारम्भ भई हालसम्म निरन्तर रूपमा अघि बढिरहेको देखिन्छ । यस परम्परालाई सरल र सहज बनाउनका लागि चरणगत विभाजन गर्नु उपयुक्त हुने देखिन्छ । दङाली नारी लेखन परम्परा त्यति लामो नभए पनि यसको चरणगत विभाजनले सर्वेक्षण कार्यलाई व्यवस्थित गर्ने देखिन्छ । चरण विभाजन गर्दा राजनीतिक परिवर्तनलाई मुख्य आधार मानिएको छ । जुन निम्नानुसार रहेको छ :

प्रथम चरण (वि.सं. २००३ देखि २०४५ सम्म)

द्वितीय चरण (वि.सं. २०४६ देखि हालसम्म)

### ३.२.१ प्रथम चरण (वि.सं. २००३ देखि २०४५ सम्म)

यस चरणको प्रारम्भ श्रीमती सुशीला घिमिरेको **उदय**मा प्रकाशित *हाम्रो समाजमा शिक्षाको अभाव* शीर्षकको लेखबाट भएको देखिन्छ । घिमिरेको उक्त लेखमा हाम्रो समाजमा शिक्षाको अत्यन्तै महत्त्व भएको र शिक्षा विनाको मानिस पशु सरह हुने भएकाले देशका सबै चेतनशील व्यक्तिहरू आ-आफ्ना स्वार्थलाई त्यागी देशका सबै क्षेत्रमा शिक्षाको विस्तार गर्ने कार्यमा अग्रसर हुनुपर्ने विचार व्यक्त गरिएको छ । घिमिरेको उक्त निबन्धात्मक लेखले दङाली नारी स्रष्टाको लेख्य परम्परामा ऐतिहासिक भूमिका निर्वाह गरेको देखिन्छ ।

यसपछि दङाली नारी लेखन परम्परामा बनारसबाटै प्रकाशित **सन्देश** (२०१४) पत्रिकाको भूमिका महत्त्वपूर्ण रहेको छ । यस पत्रिकाका माध्यमबाट देखिएका नारी स्रष्टाहरू कुमारी पुष्पा, कुमारी विद्यादेवी लम्साल, श्रीमती प्रभादेवी आदि रहेका छन् । यी नारी स्रष्टाहरूले **सन्देश** पत्रिकामा आफ्ना कविता प्रकाशित गरी दङाली नारी लेखन परम्परालाई अगाडि बढाउने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । एकराज शर्माको प्रधान सम्पादकत्वमा प्रकाशित **सन्देश** वर्ष १, अङ्क २, २०१४, कात्तिकमा कुमारी पुष्पाको *पक्षपात,* कुमारी विद्यादेवी लम्सालको *नारी,* श्रीमती प्रभादेवीको *तीज* शीर्षकका कविताहरू प्रकाशित छन् । त्यसैगरी यही पत्रिकाका माध्यमबाट सिर्जनामा लाग्ने अन्य नारी प्रतिभामा तारा सुवेदी र कुमारी अना पर्दछन् ।

बनारसबाट प्रकाशित **उदय, सन्देश** जस्ता पत्रिकाहरूले दङाली नारी स्रष्टाको लेख्य परम्परा स्थापित गर्दै अगाडि बढाउन महत्त्वपूर्ण योगदान दिएको पाइन्छ भने यतातिर देशभित्रै शिक्षाको लहर फैलिँदै गएको र स्थानीय स्तरमै स्कूल तथा कलेजहरूको स्थापना भई ती शैक्षिक संस्थाहरूबाट मुखपत्रका रूपमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भएको पाइन्छ । यिनै शैक्षिक संस्थाहरूबाट प्रकाशित **ज्योत्स्ना, पराग, मानस-प्रभा, छहरा** लगायतका विभिन्न पत्रपत्रिकाहरूले दङाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । यी पत्रिकाका प्रकाशनसँगै कछुवाको तालमा रहेको दङाली नारी स्रष्टाहरूको सिर्जन परम्पराले केही तिब्रता प्राप्त गरेको देखिन्छ ।

२०१५ सालमा पद्मोदय पब्लिक हाई स्कुलबाट प्रकाशित **ज्योत्स्ना** (सुरूको अङ्क **पद्मोदय पब्लिक हाइस्कुल** पत्रिकाका नामबाट प्रकाशित) पत्रिकाले दाङका नारी स्रष्टाहरूको सिर्जन परम्परालाई उचाइ थप्ने कार्य गरेको देखिन्छ । **ज्योत्स्ना** पत्रिकाका माध्यमबाट साहित्य सिर्जनामा लाग्ने नारी प्रतिभाहरू हुन् : राधिकादेवी आचार्य, खिमकुमारी, कुमारी राधा, विद्यादेवी पन्त, विश्वमाया देवी, पार्वती कुमारी, नारायणी देवी, मनकुमारी, कृष्णकुमारी, कुमारी गौरा, गिरा कुमारी, विश्वमाया गौतम, कृष्णाकुमारी गौतम, कमला कुमारी, कुमारी मङ्गला, रुद्रा शाह, खिमा योगी, वेदकुमारी, सरस्वती न्यौपाने, गीता

कुमारी, सावित्रा कुमारी, शारदा कुमारी, तारा कुमारी, कुसुमा योगी, कुमारी पुष्पा, पवित्रा थापा, कुमारी सुगन्ध, कालिका पन्त, सरस्वती बुढाथोकी, लक्ष्मी गौतम, मञ्जु योगी, माधवी पन्त आदि । यी नारी स्रष्टाहरूले आफ्नो विद्यार्थी कालमा फुटकर रूपमा साहित्य सिर्जनामा लागेको पाइन्छ तर पछि घरायसी व्यवहारको व्यस्तताले हो वा अन्य केही कारणले गर्दा हो साहित्य सिर्जनातर्फ निरन्तर क्रियाशील रहेको पाइँदैन । यी मध्येकी खिमा योगी भने फुटकर रूपमा सिर्जनामा हालसम्म क्रियाशील देखिन्छिन् ।

दाङको साहित्यिक विकासमा महेन्द्र बहुमुखी क्याम्पस दाङबाट प्रकाशित **छहरा** (२०३०) पत्रिकाको भूमिका पनि उल्लेख्य रहेको छ । यस पत्रिकाका माध्यमबाट यस चरणमा देखापर्ने नारी प्रतिभाहरू हुन् : राधा शाह, गौरा रेग्मी, सरिता खनाल, राधा अधिकारी, विमला न्यौपाने, देवका पोखेल, विभालक्ष्मी शर्मा, भगवती भण्डारी, माधवी अधिकारी, यशोदा देवकोटा, विमला घिमिरे, माधवा कुमारी, यशोदा घिमिरे, लीला चौधरी, सुशीला पछाईं, सुधा रजौरे, शारदा पौडेल, भगवती भण्डारी, सीता डि.सी., देवा डि.सी., दीपा पछाईं, जयन्ता गिरी, मालता कुमारी डाँगी, बाल्मी के.सी., सीता आचार्य, सुधा धिताल, सरिता भण्डारी, शोभा शाह, चन्द्रशोभा लामिछाने, मीना न्यौपाने (मीरा), रमा कुमारी न्यौपाने, सुमित्रा आचार्य, सरस्वती पौडेल, हर्कमाया आर.एम., दिलमाया न्यौपाने, विमला अधिकारी, दीपा के.सी., यशोदा के.सी., लक्ष्मी देवकोटा, शारदा डि.सी., बिन्दु आचार्य, शान्ता रजौरे आदि । यी स्रष्टाहरूमध्ये विमला न्यौपाने, बाल्मी के.सी., चन्द्रशोभा लामिछाने, यशोदा के.सी. आदिले उक्त पत्रिकाको सम्पादक मण्डलमा रहेर कार्य सम्पादन समेत गरेको पाइन्छ ।

दाङबाट प्रकाशित साहित्यिक पत्रिकाहरू **अन्तर्ध्वनि** (२०२४), **मानस-प्रभा** (२०२५), **राप्तीदूत** (२०३५) पत्रिकाहरूमा यस चरणमा कुनै पनि नारी स्रष्टाहरूका रचनाहरू प्रकाशित भएको पाइँदैन । **खलिहान** (२०४३)को वर्ष १, अङ्क २ भदौ-माघ संयुक्ताङ्कमा सुधा धितालको *मेरो मृत्युमा* र कल्पना ज्ञवालीको *जेलका साथीहरूलाई सम्झदा* शीर्षकका कविताहरू प्रकाशित भएको देखिन्छ ।

यसरी दङाली नारी लेखन परम्पराको विकास तथा विस्तारमा यस चरणमा प्रकाशित **उदय, सन्देश, ज्योत्स्ना, छहरा, खलिहान** पत्रिकाहरूले महत्त्वपूर्ण योगदान दिएका छन् । यस चरणमा नारी स्रष्टाहरूले फुटकर रूपमा मात्र आफ्ना रचनाहरू प्रकाशित गर्ने गरेको पाइन्छ भने कृति प्रकाशनतर्फ कुनै रुचि देखाएको पाइँदैन ।

### ३.२.२ द्वितीय चरण (वि.सं. २०४६ देखि हालसम्म)

यस चरणमा मुलुकमा देखापरेको राजनीतिक परिवर्तनका कारण साहित्यिक गतिविधिहरू पनि तीब्र बन्दै गएको र नारीहरू पनि सिर्जनात्मक कार्यमा क्रियाशील बन्दै

गएको पाइन्छ । यस चरणमा फुटकर रूपमा कविता, कथा, लेख, निबन्धहरूका साथै पुस्तकाकार कृति प्रकाशनतर्फको उन्मुखता देखिन्छ ।

यस चरणको प्रारम्भतिर प्रथम चरणमा झैँ फुटकर रूपमै नारी स्रष्टाहरू आफ्ना सिर्जनामार्फत साहित्यमा क्रियाशील देखिन्छन् । वि.सं. २०५५ मा दङाली नारी स्रष्टाको कृति प्रकाशित हुन पुग्दछ । २०५५ सालमा मीना स्वर्णकारको **अपमानित क्षणभित्र** शीर्षकको कविता सङ्ग्रह प्रकाशित भएपछि दङाली साहित्यमा नारीहरूको कृति प्रकाशनतर्फको रुचि तीव्र बन्दै गएको पाइन्छ । यसपछि कृति प्रकाशनतर्फ लागेका अन्य नारी स्रष्टाहरूमा बुनू लामिछाने, आकृति शर्मा पाण्डे, तारा पुन निशानी, चन्द्रकला शाह, मञ्जु राणा, सरस्वती पोखेल, विदुषी पाण्डेय, बिन्दु शर्मा, श्रीमती किरण पन्थी पाण्डेय, अनिता शर्मा मजगैयाँ, शारदा शर्मा, सरला रेग्मी, उर्मिला लामिछाने, बिन्दु श्रेष्ठ, सुषमा घिमिरे, सन्ध्या रेग्मी, कविता उपाध्याय, आशा न्यौपाने, झुपा ओली, रुक्मिणी उपाध्याय, निलम शर्मा ओली, ईश्वरी कुमारी बस्नेत आदि पर्दछन् ।

कृति प्रकाशन बाहेक यस चरणमा **अन्तर्ध्वनि, राप्तीदूत, हैमप्रभा, बहिङ्गा, नयाँ युगबोध, सीमारेखा, गाउँघर सातदिने, गोरक्ष, गणतन्त्र** लगायतका विभिन्न पत्रपत्रिकाहरूका माध्यमबाट सिर्जनामा देखिएका नारी स्रष्टाहरू हुन् : मेनका पोखेल, रञ्जना रजौरे, यशोदा न्यौपाने, अम्बिका रिजाल, रेखाकुसुम रेग्मी, रञ्जिता शर्मा, रत्नावली शर्मा, जानकी सुनार, मधुमालती खत्री, छमा पराजुली, विमला गौतम, बालिका पन्त, लक्ष्मी आचार्य, सुशीला आचार्य, वसुन्धरा अधिकारी, नीता शर्मा, पार्वती लोहनी मनोरमा, सर्मिला गिरी, सीतादेवी सापकोटा, पुनम देवकोटा आदि ।

त्यसैगरी यस चरणमा महेन्द्र बहुमुखी क्याम्पस दाङबाट प्रकाशित **छहरा** पत्रिका मार्फत साहित्य सिर्जनामा लागेका नारी स्रष्टाहरू रेखा शर्मा, सरिता शर्मा, जमुना थापा, राधा लम्साल, सुश्री पूर्णिमा चौधरी, शीला आचार्य, पदमा अधिकारी, विश्वमाया अधिकारी, गङ्गा के.सी., प्रमिला गौतम, रमा गौतम, विमला योगी, शारदा पोखरेल, निर्मला थापा, आशा श्रेष्ठ, शीला गौतम, सरस्वती शर्मा, कमला रेग्मी, शारदा महरा, उषा न्यौपाने, निर्मला पन्त, अर्चना अर्याल, बालिका लम्साल, रोशनी गौतम, नारायणी पोखेल, शान्ता पोखेल, सिर्जना सेन, गौरी शाह, अर्चना पाण्डे, पूर्णिमा आचार्य, बिन्दु धिताल, कल्पना गौतम, लक्ष्मी घिमिरे, भागवता लम्साल, नारायणी अधिकारी, प्रमिला हमाल, यमा के.सी., रमा जि.एम., विमला भट्टराई, इन्दु शर्मा, प्रतिभा शर्मा, सन्ध्या डि.सी., शारदा अधिकारी, प्रमिला पोखेल, बालिका अधिकारी, लक्ष्मी घिमिरे, गीता रिजाल, रमा शर्मा, बन्दना शर्मा मजगैयाँ, सञ्जु डि.सी., सिर्जना श्रेष्ठ, इन्दिरा विष्ट, लक्ष्मी पन्थी, पारु शर्मा, सुशीला शर्मा, निर्मला (निरुता) खनाल, गङ्गा घिमिरे, बसुन्धरा थापा, आशा बुढा, सीता गिरी, रेखा थापा, याशिका बाँठा मगर, अञ्जना वि.एम., पार्वता गिरी 'प्रगति', मीरा पोखेल, मीना वली, सीता

लम्साल, मेनका भण्डारी, अनिता पुरी, तिर्सना रावत, शारदा शर्मा, सावित्रा वली, हेमा बुढाथोकी, पुष्पलता पुन, शिवा थापा, हिमानी डाँगी, गोमा लामिछाने, यशोदा पुन, तारा हमाल, कमला घिमिरे, मेनका आचार्य, नीमा गिरी, केशवती भट्टराई, कल्पना खनाल, कल्पना विष्ट, मीरा पोखेल, कल्पना भुसाल, ममता विष्ट, लीला देवकोटा, भीमा के.सी., उषा श्रेष्ठ, अनिता भुसाल, यशोदा पाण्डे, जमुना धिताल, कौशिला पाण्डे, शोभा रिजाल, हिमा डाँगी आदि रहेका छन् । यीमध्ये धेरैजसोले आफ्नो विद्यार्थी कालमा केही छिटपुट रचनाहरू मात्र प्रकाशित गरी त्यसपछि सिर्जना कार्यमा निस्क्रिय रहेका छन् भने थोरैले मात्र सिर्जना यात्रालाई निरन्तरता दिएको पाइन्छ ।

यसरी विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना रचनाहरू प्रकाशित गरी साहित्यतर्फ लागेका दाङका नारी स्रष्टाहरूमा हालसम्म सिर्जना यात्रालाई निरन्तरता दिइरहेकामध्ये जानकी सुनार, मधुमालती खत्री, मेनका पोखेल, छमा पराजुली, सन्ध्या रेग्मी, विमला गौतम, बालिका पन्त आदि प्रमुख रहेका छन् । यिनीहरूले स्थानीय स्तरका विभिन्न पत्रपत्रिकाका माध्यमबाट आफ्ना रचनाहरू प्रकाशित गरी दाङको साहित्यिक भण्डारलाई समृद्ध बनाएका छन् ।

त्यसैगरी स्थानीय पत्रपत्रिकाका साथै काठमाडौँबाट प्रकाशित **वैजयन्ती, तन्नेरी, मधुपर्क, नागरिक आवाज** लगायतका विभिन्न पत्रपत्रिकाहरू मार्फत कलम चलाउने दाङका नारी स्रष्टाहरूमा बुनू लामिछाने, उर्मिला लामिछाने, कोमल वली, चन्द्रकला शाह, बिन्दु शर्मा, किरण पन्थी पाण्डेय प्रमुख रहेका छन् । यीमध्ये बुनू लामिछानेले फुटकर रचनादेखि लिएर कविता सङ्ग्रह हुँदै महाकाव्य प्रकाशनसम्मको यात्रा पूर्ण गरिसकेकी छन् भने चन्द्रकला शाहले हाइकु तथा ताङ्काको सँगालो स्वरूप एउटा कृति प्रकाशन गर्नुका साथै नेपाली लोकगीतका क्षेत्रमा आफ्नो छुट्टै पहिचान स्थापित गरी नेपाली साङ्गीतिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएकी छन् । त्यसैगरी बिन्दु शर्माले नेपाली समालोचनाका क्षेत्रमा कलम चलाउनुका साथै फुटकर कविता, गीत, गजल विधामा समेत निरन्तर क्रियाशील देखिन्छिन् । यिनले दुईओटा समालोचनात्मक कृति प्रकाशन गरिसकेकी छन् । यी नारी स्रष्टाहरूले दङाली साहित्यको विकासमा मात्र नभई दङाली साहित्यलाई राष्ट्रिय प्रवाहमा समाहित गर्दै नेपाली भाषा साहित्यको उत्थानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । बुनू लामिछाने नेपालकै प्रथम नारी महाकाव्यकारका रूपमा सुपरिचित नारी हस्ताक्षर हुन् ।

यसरी फुटकर रचनादेखि लिएर कृति प्रकाशनको यात्रा अगाडि बढिरहेको दङाली साहित्यमा स्थानीय स्तरबाट प्रकाशित विभिन्न पत्रपत्रिकामा फुटकर रूपमा रचना प्रकाशित गरी साहित्य सिर्जनामा देखिएका अन्य नारी स्रष्टाहरू निशा शाह, वसन्ता शाह, कमला रोका, प्रतिभा श्रेष्ठ, सुषमा देवकोटा, मञ्जु अधिकारी, तारा पराजुली, पुष्पा के.सी., रुक्मिणी उपाध्याय, उर्मिला यादव, सविता घिमिरे, सीमा रोका मगर, लीला अनमोल, चन्द्रिका कुमारी

चौधरी, अनिता चौधरी, रोशनी शाह, गीता यादव, सीता यादव, गुना सिलवाल, जानकी दहित, विष्णु पन्थी, अनिसा के.सी., अनुपम आँशु, भगवता गौतम, माया पोखेल, शान्ता पौडेल, तारा पुन, रीता खनाल, रीता ज्ञवाली, लीला योगी, सुलोचना गौतम, राधा गौतम, सम्झना न्यौपाने, आशा न्यौपाने, देवा पौडेल आदि रहेका छन् ।

यसरी दङाली नारी लेखन परम्परामा यो चरण प्रथम चरणभन्दा उर्वर देखिन्छ । फुटकर रूपमै पनि यस चरणमा थुप्रै नारी स्रष्टाहरूले कलम चलाएको पाइन्छ भने यसै चरणमा आएर दाङका नारी स्रष्टाहरू कृति प्रकाशनतर्फ उन्मुख भएका छन् । त्यसैले यो चरण दङाली नारी लेख्य परम्परामा उल्लेखनीय एवम् समृद्ध देखिन्छ ।

## ३.३ निष्कर्ष

दाङ जिल्लाका नारी स्रष्टाहरू नेपाली साहित्यका विभिन्न विधामा कलम चलाउँदै अघि बढिरहेका छन् । वि.सं. २००३ बाट प्रारम्भ भएको यहाँको नारी लेखन परम्पराको समग्र अध्ययन गर्दा प्रथम चरणका तुलनामा द्वितीय चरण समुन्नत देखिन्छ । फुटकर तथा कृति प्रकाशनतर्फ अग्रसर द्वितीय चरणमा थुप्रै दङाली नारी स्रष्टाहरूले निरन्तर रूपमा आफूलाई साहित्य सिर्जनामा क्रियाशील बनाउँदै आएका छन् । प्रथम चरणमा देखिएका नारी स्रष्टाहरूमध्ये श्रीमती सुशीला घिमिरेको योगदानलाई महत्त्वपूर्ण मानिन्छ । त्यसैगरी दोस्रो चरणमा फुटकर रूपमा कलम चलाउँदै आएका जानकी सुनार, मधुमालती खत्री लगायत पुस्तकाकार कृति प्रकाशन गर्ने मीना स्वर्णकार, बुनू लामिछाने, बिन्दु शर्मा, चन्द्रकला शाह, सरला रेग्मी, विदुषी पाण्डेय, सरस्वती पोखेल, शारदा शर्मा, कविता उपाध्याय, सुषमा घिमिरे आदिको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ ।

यसरी दङाली साहित्यका फाँटमा प्रथम तथा द्वितीय चरणमा देखिएका सम्पूर्ण नारी स्रष्टाहरूको सिर्जनात्मक भूमिकालाई हेर्दा दङाली साहित्यको श्रीवृद्धिमा नारी स्रष्टाहरूको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । यीमध्ये दोस्रो चरणमा देखिएका बुनू लामिछाने, बिन्दु शर्मा तथा चन्द्रकला शाहले दाङमा मात्र नभई राष्ट्रिय स्तरमा समेत आफ्नो पहिचान स्थापित गरिसकेका छन् । यी प्रतिभाहरूको राष्ट्रिय स्तरमा समेत महत्त्वपूर्ण योगदान रहेको छ ।

# परिच्छेद : चार

# दाङका नारी कविहरूको सङ्क्षिप्त परिचय र तिनका कृतिको अध्ययन

## ४.१ विषय प्रवेश

लोक साहित्यिक परम्पराबाट प्रारम्भ भएको नेपाली साहित्यमा दङाली साहित्यको लेख्य परम्परा भने धेरै पछि मात्र विकसित भएको देखिन्छ । त्यसमा पनि दङाली नारी स्रष्टाहरू २००३ सालबाट मात्रै साहित्य लेखनमा अग्रसर भएको देखिन्छ । नेपालबाट बनारसमा अध्ययनार्थ गएका विद्यार्थीहरूको सक्रियतामा प्रकाशित **उदय**मा २००३ सालमा दङाली नारी स्रष्टा सुशीला शर्मा घिमिरेको *हाम्रो समाजमा शिक्षाको अभाव* शीर्षकमा प्रकाशित निबन्धात्मक लेख नै हालसम्म प्राप्त दङाली नारी स्रष्टाको पहिलो प्रकाशित रचना हो । दङाली नारी लेखन परम्परालाई अघि बढाउन पत्रपत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् । त्यसमा पनि दाङका सन्दर्भमा पत्रपत्रिकाको योगदान अझ उच्च रहेको छ । २००३ सालबाट आरम्भ भएको दङाली नारी लेखन परम्परालाई अघि बढाउन बनारसमा अध्ययनको सिलसिलामा गएका दाङ तथा प्यूठानका उत्साही विद्यार्थीहरूको प्रयासमा प्रकाशित **सन्देश** पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । यसै पत्रिकाको दोस्रो अङ्कमा कुमारी पुष्पा, कुमारी विद्यादेवी लम्साल, श्रीमती प्रभादेवी जस्ता नारी स्रष्टाहरूले साहित्य सिर्जनामा अग्रसरता देखाएको पाइन्छ । त्यस्तै दाङबाट प्रकाशित **ज्योत्स्ना**मा राधिकादेवी आचार्य, खिमकुमारी, कुमारी राधा, विद्यादेवी पन्त, विश्वमाया देवी, पार्वती कुमारी, कृष्ण कुमारी, नारायणी देवी, गिरा कुमारी लगायतका नारी स्रष्टाहरूका रचनाहरू प्रकाशित भएको पाइन्छ । दाङबाट प्रकाशित **छहरा, खलिहान, अन्तर्ध्वनि, राप्तीदूत** लगायतका साहित्यिक पत्रिकाका साथै **नयाँ युगबोध, गाउँघर, सीमारेखा** लगायतका समाचारमूलक पत्रिकाहरूले दाङमा नारी स्रष्टाहरूलाई उचित अवसर दिँदै सिर्जना कर्ममा लाग्न अभिप्रेरित गरेको देखिन्छ । फुटकर रूपमा पत्रपत्रिकामा प्रकाशित रचनाहरूले लामो कालखण्ड पार गरिसकेपछि मात्र २०५५ सालमा आएर नारी स्रष्टाको पुस्तकाकार कृति प्रकाशित भएको पाइन्छ । २०५५ सालमा प्रकाशित मीना स्वर्णकारको **अपमानित क्षणभित्र** कविता सङ्ग्रह नै दङाली नारी स्रष्टाको पहिलो पुस्तकाकार कृति हो । यसपछि मात्र यहाँका नारी स्रष्टाका कृति प्रकाशनले गतिशीलता पाएको देखिन्छ । बुनू लामिछाने, चन्द्रकला शाह, मञ्जु राणा, सरस्वती पोखेल, विदुषी पाण्डेय, बिन्दु शर्मा, शारदा शर्मा, सरला रेग्मी, कविता उपाध्याय, सन्ध्या रेग्मी, सुषमा घिमिरे लगायतका नारी स्रष्टाका कृतिहरू हालसम्म पनि प्रकाशित हुँदै आएको पाइन्छ । न्यून सङ्ख्यामा देखिएका नारी स्रष्टाहरू घर व्यवहारका

कारण आफ्नो लेखन कार्यलाई बीचमै विट मार्न बाध्य भएको पाइन्छ । दङाली साहित्यिक परम्परामा पछिल्लो चरणमा केही आश लाग्दा र सिर्जना कर्मलाई निरन्तरता दिइरहेका नारी स्रष्टाहरूको उपस्थितिले दङाली नारी लेखन परम्परालाई समृद्ध बनाउँदै लगेको छ ।

दाङ जिल्लाका नारी स्रष्टाहरूले सबैभन्दा बढी कविता विधामा कलम चलाएको पाइन्छ र पहिलो प्रकाशित कृति पनि कविता विधाको नै रहेको छ । २०५५ सालमा प्रकाशित मीना स्वर्णकारको **अपमानित क्षणभित्र** कृति नै दङाली नारी स्रष्टाको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । २०५५ सालबाट सुरु भएको कृति प्रकाशनको सिलसिलामा कविता विधाका कृतिहरू प्रकाशित गर्ने अन्य नारी स्रष्टाहरूमा बुनू लामिछाने, आकृति शर्मा पाण्डे, तारा पुन 'निशानी', चन्द्रकला शाह, मञ्जु राणा, विदुषी पाण्डेय, कविता उपाध्याय, अनिता शर्मा मजगैयाँ, उर्मिला लामिछाने, बिन्दु श्रेष्ठ, सुषमा घिमिरे, सन्ध्या रेग्मी, आशा न्यौपाने, रुक्मिणी उपाध्याय 'रेश्मा', निलम शर्मा ओली र ईश्वरी कुमारी बस्नेत रहेका छन् । यस अध्यायमा दाङमा जन्मिएका र दाङलाई कर्मथलो बनाएका नारी कविको सङ्क्षिप्त परिचयका साथै उनीहरूका प्रकाशित कृतिहरूको अध्ययन गरिएको छ । प्राथमिकता क्रममा कृति प्रकाशनको समयलाई आधार बनाइएको छ ।

## ४.२ मीना स्वर्णकार र उनका कृतिको अध्ययन

मीना स्वर्णकारको जन्म वि.सं. २०२९ वैशाख २३ गते हलवार गा.वि.स. वडा नं. १ पर्सेनी दाङमा भएको हो । उनी पिता थलबहादुर स्वर्णकार तथा माता उत्तम स्वर्णकारका कोखबाट जन्मिएकी हुन् । दलितहरूको मुक्तिका लागि निरन्तर सङ्घर्षशील रहेकी स्वर्णकारले स्नातकसम्मको अध्ययन गरेकी छन् ।

**मुक्तिका आवाज** शीर्षकको गीति एल्वम निकाली आफ्नो सुमधुर आवाजमा जनजागरणका थुप्रै गीत गाएर नेपाली सङ्गीतको भण्डारलाई समृद्ध तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेकी मीना स्वर्णकार प्रथम जनजागरण गायिका हुन् । रेडियो नेपालबाट प्रसारित दलित जनजागरण कार्यक्रमकी प्रस्तोता समेत भएर काम गरेकी स्वर्णकारले गाएको *गाइने दाइको सारङ्गीले जीवनको भाका भन्छ, काम गर्ने भोकै मर्ने चलनको अन्त्य हुनुपर्छ* बोलको गीत सम्पूर्ण नेपालीको ढुकढुकी बन्न सफल रहेको छ । गीत सङ्गीतका साथै साहित्यमा रुचि राख्ने स्वर्णकारको **अपमानित क्षणभित्र** (२०५५) कविता सङ्ग्रह प्रकाशित छ । यो कविता सङ्ग्रह कवि स्वर्णकारको एक मात्र प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिले दाङको मात्र नभई समग्र रापती क्षेत्रकै नारी हस्ताक्षरद्वारा लेखिएको प्रथम प्रकाशित पुस्तकाकार कृति बन्ने सौभाग्य प्राप्त गरेको छ । यसरी नेपाली साङ्गीतिक तथा साहित्यिक क्षेत्रमा क्रियाशील स्वर्णकार २०५५ साल वैशाख २१ गते भारतको लखनउ जाने क्रममा जीप दुर्घटनामा परी २६ वर्षको अल्पायुमै यस संसारबाट बिदा हुन पुगिन् । उनको

मृत्युले दाङ जिल्लालाई मात्र नभई समग्र नेपाली साहित्यका साथै साङ्गीतिक क्षेत्रमा समेत अपूरणीय क्षति हुन पुगेको छ ।

दङाली नारी स्रष्टा मीना स्वर्णकारद्वारा रचित **अपमानित क्षणभित्र** (२०५५) कविता सङ्ग्रह कवि स्वर्णकारको मृत्यु पश्चात् प्रकाशित कृति हो । एम.एल. नेपाली प्रकाशक रहेको यस सङ्ग्रहमा उनका जम्माजम्मी बीसओटा गद्य कविताहरू समावेश छन् । प्रस्तुत सङ्ग्रहका कवितामा स्वर्णकारले नेपाली समाजमा व्याप्त जातिभेद, लिङ्गभेद र वर्गभेदको अन्त्य हुनुपर्ने आवाज बुलन्द गरेकी छन् । उनले समाजमा दलित प्रति हुने गरेका अमानवीय विकृत तथा क्रुर व्यवहारको चित्राङ्कन गर्दै त्यसका विरुद्ध लाग्न सङ्घर्षको अठोटका साथ सम्पूर्ण दलितहरू एकत्रित भई लाग्नुपर्ने चाहना व्यक्त गरेकी छन् ।

कवि मीना स्वर्णकारले प्रस्तुत सङ्ग्रहका प्रायः सबैजसो कवितामा दलितहरूले दलित भएकै कारणले गर्दा भोग्नु परेका आर्थिक, सामाजिक, धार्मिक तथा मानसिक यातनाहरूको चित्रण मार्मिक रूपमा गरेकी छन् । सबै नेपालीहरू एउटै आमाका सन्तान भएर पनि जातीयताको साँध सीमा कोर्दै उपल्लो र तल्लो दर्जा कायम गरी उपल्लो दर्जाका भनिनेहरूले दलितहरूप्रति गर्ने गरेका तिरष्कारपूर्ण अमानवीय तथा अत्याचारी प्रवृत्तिप्रति तीक्ष्ण वाण प्रहार गर्दै त्यसका विरुद्ध सङ्गठित भएर लाग्ने र ती साँध सीमालाई भत्काउँदै अघि बढ्ने अठोट यसरी व्यक्त गर्दछिन् :

*वीर आमाकी स्वाभिमानी छोरी आज*
*पलपलमा अपमानित हुँदै, आफ्ना पीर व्यथा बोकी*
*तिरस्कृत जिन्दगी बिताउन बाध्य छे ।*

....

*अब त महान् आत्मवल र साहस बोकी*
*हराइ सकेका अधिकार प्राप्त गर्न जमर्को गर्दैछु*
*स्वच्छन्द चराहरू आकाशमा उडेको देखेर*
*कसिएका अन्यायका साङ्लाहरू चुँडाल्दैछु ।*

.......

*अन्धकारमा लाखौँलाख दीयोहरू*
*एकैपल्ट बल्नेछन्*
*मुक्तिका चाहना बोकेका अपमानित*
*मनहरू फेरि सङ्गठित भएर सङ्घर्ष गर्दैछन् (अपमानित क्षणभित्र, पृ. ९) ।*

त्यस्तै जबसम्म अन्याय, अत्याचार र उत्पीडन समाप्त हुँदैन तबसम्म विजय प्राप्तिका लागि निरन्तर लडिरहने प्रण गर्दै स्वर्णकार आफ्नो विचार यसरी प्रकट गर्दछिन् :

*अन्याय, उत्पीडनका घाउहरू पुर्न*
*निद र भोक प्यासलाई बिर्सँदै*
*सङ्घर्ष गर्दै अगाडि बढिरहेका छौं*
*.......*
*हार स्वीकार गरेको छैन*
*विजय प्राप्तिको क्षणमा दौडिरहेको छु (उन्मुक्ति, पृ. २९)*

कवि स्वर्णकारले दलितहरूका पीडा व्यथाका साथै नारी जातिमाथि पुरुषबाट हुने गरेका अमर्यादित व्यवहारप्रति आक्रोश पनि व्यक्त गरेकी छन् । आफ्ना बाबु बाजेको सम्पत्तिमा ऐस गर्दै सडक र गल्ली गल्लीमा केटीहरूप्रति गिद्धे नजर लगाउँदै हिड्ने आवारा ठिटाहरूको अमर्यादित प्रवृत्तिप्रति उनी विद्रोहको स्वर यसरी उराल्छिन् :

*किनकि-किनकि म तिम्रो अगाडि बादल बनेर*
*धेरैपल्ट गर्जी सकेकी छु*
*त्यसैले म विद्रोहको आवाज बोक्ने बादल सहितको आकास हुँ*
*अन्यायको प्रतिरोध गर्न गड्याङगुडुङको आवाज सँगै गर्जिरहन्छु (मौन विद्रोह, पृ. २७) ।*

यसरी मीना स्वर्णकारले प्रस्तुत सङ्ग्रहका कवितामा आफ्नो जातीय पहिचानका लागि आफूहरूप्रति गरिने अन्याय, अत्याचार एवम् उत्पीडनका विरुद्ध सबै दलित समुदाय सङ्गठित भएर निद्रा, भोक, प्यास कुनै कुराको वास्ता नगरी विजय पथमा लम्कन आह्वान गरेकी छन् । साथै उनले दलितहरूले भोग्ने गरेका अमानवीय क्रुर व्यवहार, उँचनीचको भावना तथा अनेकन सामाजिक विकृति विसङ्गतिका विरुद्ध प्रतिरोध गर्दै सम्पूर्ण मानव एउटै भएको र कोही पनि जातका आधारमा सानो वा ठूलो नहुने विचार व्यक्त गर्दै समतामूलक समाज निर्माण हुनुपर्ने धारणा आफ्ना कविताहरूमा व्यक्त गरेकी छन् । कतिपय ठाउँहरूमा वर्णविन्यासगत त्रुटिहरू भेटिए पनि सरल, सहज एवम् सम्प्रेषणीय भाषाशैली, विभिन्न बिम्ब प्रतीकको प्रयोग आदिले गर्दा उनका कविताहरू श्रुतिमधुर बनेका छन् ।

दङाली साहित्यका फाँटमा प्रथम कृति प्रकाशन गर्ने नारी स्रष्टाका रूपमा सुपरिचित स्वर्णकारको कृतिबाटै छरपस्ट रहेको साहित्यलाई भण्डार गर्ने कामको थालनी भएकाले पनि उनी दङाली नारी लेखन परम्परामा महत्त्वपूर्ण स्रष्टाका रूपमा चिनिन्छिन् ।

## ४.३ बुनू लामिछाने र उनका कृतिको अध्ययन

बुनू लामिछानेको जन्म वि.सं. २०३१ भाद्र श्रीकृष्ण जन्माष्टमीका दिन तुलसीपुर नगरपालिका वडा नं. ६ गोलौरा दाङमा भएको हो । उनी पिता अशोक कुमार लामिछाने तथा माता सुभद्रादेवी लामिछानेका कोखबाट जन्मिएकी हुन् । उनले स्नातकोत्तर सम्मको औपचारिक अध्ययन पूरा गरेकी छन् ।

वि.सं. २०५५ मा पहिलो पटक *शुभकामना* शीर्षकको कविता **दङाली आवाज** पत्रिकामा प्रकाशित गरी औपचारिक रूपमा नेपाली साहित्यमा पाइला चालेकी बुनू लामिछानेले नेपाली साहित्यका कविता, कथा, निबन्ध, समालोचना आदि विविध विधामा कलम चलाएको पाइन्छ । यसरी साहित्यका विविध विधामा कलम चलाउने लामिछानेका चारओटा कृतिहरू प्रकाशित भइसकेका छन् । उनका **विहानीका पाइलाहरू** (२०५८-कविता सङ्ग्रह), **सुलोचना महाकाव्यको विश्लेषण** (२०५८) तथा **याचना** (२०६०) र **विद्रोही इन्द्रकुमारी** (२०६४) महाकाव्यहरू प्रकाशित छन् । लामिछानेले महाकाव्यका क्षेत्रमा नेपालकै प्रथम नारी महाकाव्यकार बन्ने सौभाग्य प्राप्त गरेकी छन् । उनको **याचना** महाकाव्य नारी स्रष्टाद्वारा लेखिएको नेपालकै पहिलो महाकाव्य कृति हो । साहित्यका विविध विधामा कलम चलाउँदै महाकाव्य लेखनसम्मको यात्रा पार गरिसकेकी प्रतिभाशाली कविका रूपमा परिचित बुनूले नेपाली साहित्यमा गरेको योगदान स्वरूप विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेकी छन् । उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू निम्न रहेका छन् :

- नवरङ्ग स्रष्टा सम्मान (२०६०)
- श्रीकृष्ण मजगैयाँ सर्जक साहित्य पुरस्कार (२०६०)
- अधिराज्यव्यापी महिला कविता प्रतियोगितामा द्वितीय पुरस्कार (२०६१)
- गुञ्जन नवप्रतिभा पुरस्कार (२०६१)
- नन्द प्रज्ञा पुरस्कार (२०६२)
- युवा वर्ष मोती पुरस्कार (२०६२)
- वैजयन्ती स्रष्टा सम्मान (२०६६) आदि ।

नेपाली साहित्यको उन्नयनमा आफूलाई समर्पित गर्दै साहित्य साधनामा तल्लीन बुनू लामिछानेले काठमाडौँलाई कर्मथलो बनाएकी छन् । उनले दङाली साहित्यमा मात्र नभई राष्ट्रिय स्तरमै महत्त्वपूर्ण योगदान दिएकी छन् ।

**बिहानीका पाइलाहरू** कविता सङ्ग्रह बुनू लामिछानेको पहिलो कृति हो । कवि लामिछानेको आफ्नै प्रकाशनमा प्रकाशित यस सङ्ग्रहमा ३६ ओटा छन्दोबद्ध कविताहरू समावेश छन् । राष्ट्रप्रेम, प्रकृति प्रेम, माता पिता तथा गुरु प्रतिको उच्च श्रद्धा भाव, बाल्यावस्थाको स्मरण, चाड पर्वहरूको महिमागान लगायतका विभिन्न विषयलाई आफ्ना कविताको विषयवस्तुका रूपमा ग्रहण गर्दै लामिछानेले स्वच्छन्द कवि भावना प्रकट गरेकी छन् ।

नारीलाई सृष्टिको मुहानका रूपमा प्रस्तुत गर्दै नारीको हाँसो एवम् खुशीमा सारा सृष्टि नै सुन्दर बन्दछ र नारीको दुःख तथा रोदनमा सृष्टिको गति नै बन्द हुन्छ भन्ने भाव व्यक्त गर्दै उनी भन्दछिन् :

*संसार तिम्रै सब सृष्टि हो यो*
*आषाढझैँ उर्वर वृष्टि हो यो ।*
*हाँसे तिमी नै भवसार खुल्छ*
*रोए सबै सृष्टि उसै तुहुन्छ (नारीसँग-१)*

प्राकृतिक सुन्दरताले भरिपूर्ण नेपालका प्राकृतिक छटाहरूको सुन्दर वर्णन गर्दै कवि भावना यसरी प्रकट भएका छन् :

*अटल मुकुट तिम्रा माथ अग्ला नझुक्ने*
*अविरल जल बेग्लै गाथ सङ्ला नसुक्ने ।*
*कलकल सरिताका नाद बोल्ने तिमी नै*
*नव-नव कविताका भाव खोल्ने तिमी नै ॥ (धन्य नेपाल आमा-२५)*

त्यसैगरी जीवनमा आइपर्ने विभिन्न किसिमका बाधा अड्चनहरूलाई पन्छाउँदै कर्तव्य पथमा पुग्नका लागि दृढ निश्चयी भई लागेपछि जस्तासुकै अप्ठ्यारा कामहरूलाई पनि सफलतापूर्वक सम्पन्न गर्न सकिन्छ भन्ने सुन्दर भाव उनका रचनाहरूमा व्यक्त भएका छन् :

*नाघिन्छन् सजिलै अलङ्घ्य चुचुरा ज्यूँदा चाहना भए*
*फिक्का बन्दछ दर्द बादल कडा हावा तिमी भैदिए ।*
*भन्छन् त्यै मृदु कल्पना रहरले पाषाण पग्लाउँछ*
*उर्जा त्यो उपयोग गर्न सहसा यात्री नथाकी बढ ॥ (यात्री नथाकी बढ-३७) ।*

कवि बुनू लामिछानेको प्रस्तुत सङ्ग्रहका कवितामा विषयगत विविधता पाइन्छ । यसरी विषयगत विविधताले युक्त उनको यस कृतिमा सङ्गृहित कविताहरू छन्द, लय, भाव, बिम्बालङ्कार आदिको समुचित प्रयोगले गर्दा सुन्दर बनेका छन् ।

**याचना** महाकाव्य बुनू लामिछानेको तेस्रो प्रकाशित कृति हो । नारी साहित्य प्रतिष्ठान काठमाडौँ प्रकाशक रहेको यो कृति नारी स्रष्टाद्वारा लेखिएको नेपालकै प्रथम महाकाव्य कृति हो । उपसंहार बाहेकका २१ सर्गमा संरचित यस काव्यमा छन्द पनि २१ ओटा नै प्रयोग गरिएको छ । विद्याकी देवी सरस्वतीको स्तुतिपरक मंगलाचरणबाट प्रारम्भ गरिएको यस कृतिमा माता, पिता, गुरूप्रति उच्च श्रद्धाभाव व्यक्त गरिनुका साथै दस इन्द्रियका कर्तव्यको वर्णन लगायतका विविध विषयहरू रहेका छन् । नायक नायिका विहीन यो महाकाव्यमा पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियको कार्यव्यापारको वर्णन तथा जीवन

जगत्का विभिन्न भोगाइ एवम् अनुभूतिहरू प्रति महाकाव्यकार लामिछानेका दार्शनिक चिन्तनयुक्त विचारहरू अभिव्यक्त भएका छन् ।

जन्म दिने आमा आफ्ना सन्तानलाई विभिन्न किसिमका दुःख एवम् दर्द सहँदै हुकाउँदै, बढाउँदै अनि विभिन्न सांस्कारिक शिक्षादीक्षा दिँदै असल सन्तान बनाउने कार्यमा तल्लीन हुन्छिन् । तिनै ममतामयी जननीको सन्तानप्रतिको स्नेह सिक्त प्रेम भावनालाई महाकाव्यकार लामिछाने यसरी व्यक्त गर्दछिन् :

*दौडेर हिड्दा पनि सावधानी*
*जोगाउँथिन् यी किन हो नजानी*
*छ काँधमा त्यो अभिशप्त भारी*
*दिएर हिँड्ने उनको चिनारी (२/११ पृष्ठ १०) ।*

नेपाली प्रकृतिलाई सभ्यताको परिचायक मान्दै आफ्नो राष्ट्र र राष्ट्रियतालाई बिर्सँदै गएका नेपालीहरूको विकृतिजन्य वर्तमान यथार्थको चित्रण गर्दै त्यस्तो संस्कार आफूमा अनि समग्र मान्छेमा नहोओस् भन्ने आकाङ्क्षा राखिएका सुन्दर भावहरू तलको श्लोकमा प्रकट भएका छन् :

*कुसुमित वन मास्ने सभ्यता भो नदेऊ*
*विकृतितिर उकास्ने नव्यता त्यो नदेऊ*
*मुलुक घर नचिन्ने भव्यता चाहिँदैन*
*लहर सुख दिवाको स्वप्न दीगो हुँदैन (१०/४१, पृ. ९५) ।*

मानवीय शरीर दश इन्द्रियको योगबाट बनेको हुन्छ र यी इन्द्रियका आ-आफ्नै कर्तव्य वा कार्य व्यापारले मानिस पूर्ण मानिसका रूपमा रहेको हुन्छ भन्दै दस इन्द्रियहरूको महत्तामाथि प्रकाश पार्दै आफ्ना दार्शनिक विचारधारा लामिछानेले यसरी प्रस्तुत गर्दछिन् :

*अपूर्ण यो देह अपूर्ण नै थियो*
*मिली सबै पूर्ण हुँदै-हुँदै गयो*
*विभिन्नता इन्द्रिय तत्त्वका मिली*
*शरीर यो पूर्ण भयो उमङ्ग ली (१९/४२, पृ. १८१) ।*

महाकाव्यकार बुनू लामिछानेको प्रस्तुत महाकाव्य कृतिको प्रकाशकीय भूमिकामा भने जस्तै यो महाकाव्यमा हृदयको गहिराइबाट दर्शन र संवेदनाका गरा रसाउँदै धरतीको सौन्दर्य, माधुर्य र हृदयका प्रकाशशील र विकासशील भावनाहरूको प्रस्तुति रहेको छ ।

**विद्रोही इन्द्रकुमारी** महाकाव्य बुनू लामिछानेको चौथो प्रकाशित कृति हो । नारी साहित्य प्रतिष्ठान काठमाडौं प्रकाशक रहेको यो कृति ९० सर्गमा संरचित छ । ९० सर्गमा विभक्त यस महाकाव्य कृतिमा ५८ ओटा छन्दहरू प्रयोग भएका छन् । गोर्खाली युवराज

पृथ्वीनारायण शाह नायक र उनकी जेठी रानी मकवानपुरका राज हेमकर्ण सेनकी पुत्री इन्द्रकुमारी नायिका रहेको यो महाकाव्य ऐतिहासिक विषयवस्तुमा आधारित छ । प्रस्तुत महाकाव्य कृतिमा नायिका इन्द्रकुमारीभित्रका विद्रोहात्मक स्वरूपहरूका साथै नेपाल एकीकरणका विविध ऐतिहासिक घटनाक्रमहरू रहेका छन् ।

पृथ्वीनारायणले दाइजोमा कुरा नमिले पछि इन्द्रकुमारीसँगको विवाह असफल हुन पुग्दछ । इन्द्रकुमारीसँगको वैवाहिक जीवन असफल भएपछि पृथ्वीनारायणले काशी नरेशकी छोरीसँग विवाह बन्धनमा बाँधिन गरेको निर्णयले इन्द्रकुमारीका मनमा उठेका विद्रोहात्मक ज्वारभाटाहरू यस महाकाव्यमा यसरी व्यक्त भएका छन् :

*अनन्त ज्वाला हुन कल्पनाहरू*
*बढेर दावानल चिन्ताहरू*
*दनन्न बल्दा मनमा यताउति*
*गरी बसेथेँ सब हर्ष आहुति (४८/२९, पृ. ४३३) ।*

महाकाव्यमा प्रकृतिको मनोरम चित्रण गर्दै कविका सुन्दर भावाभिव्यक्ति यसरी प्रकट भएका छन् :

*हेरी सर्वोच्च माथा हृदय निकट भै सौम्य सौभाग्य ल्याई*
*सिन्दुरे मिर्मिरे दी उदित रवि सधैँ शैलश्रेणी सजाई*
*कस्तो शिष्ट शोभा भनिकन दिनमा नित्य आभा नियाल्दै*
*थप्छन् शृङ्गार जे छन् अपुग सब तिनी फेरि सूर्यास्तमा गै (३/२२, पृ. २६) ।*

नेपाल एकीकरणका क्रममा पृथ्वीनारायण शाहले विभिन्न राज्यहरूमाथि आक्रमण गरी विजय प्राप्त पश्चात्को गोर्खालीको हर्षानुभूति महाकाव्यमा यसरी अभिव्यक्त भएका छन् :

*बेला भाद्र अठार विक्रम शुदी अठार सौ तीनमा*
*आए साँखु र चाँगु कान्तिपुरका गोर्खा डुब्यो हर्षमा*
*मिल्ने यो क्रम नालदूमसँगका बाँकी अरू क्षेत्रमै*
*ताकी जित्न समर्थ भै क्रमसँगै गै दोलखासम्म नै (६७/२५, पृ. ५७५) ।*

यसरी कतै नेपाल एकीकरण अभियानका ऐतिहासिक घटनाक्रम त कतै नारीमाथि गरिएका आघातका कारण उब्जिएका ज्वारभाटा प्रस्तुत महाकाव्यमा रहेका छन् । ऐतिहासिक घटनामा आधारित यो महाकाव्य नेपाली साहित्यका फाँटमा महत्त्वपूर्ण कृतिका रूपमा रहेको देखिन्छ र यस काव्यकी सर्जक बुनू लामिछानेको योगदान राष्ट्रिय स्तरमै उल्लेखनीय रहेको छ ।

## ४.४ आकृति पाण्डे र उनका कृतिको अध्ययन

आकृति पाण्डे 'वृष्टि'को जन्म वि.सं. २०४४ भाद्र २८ गते काठमाडौँ महानगरपालिका वडा नं. ६ बौद्ध महांकालमा भएको हो । उनी पिता मधुसूदन पाण्डेय र माता किरण पन्थी पाण्डेयका कोखबाट जन्मिएकी हुन् । उनले स्नातकसम्मको औपचारिक अध्ययन पूरा गरेकी छन् । स्थायी ठेगाना गढवा गाउँ विकास समिति वडा नं. १ आँटीपाकर दाङ भए पनि जन्मथलो अनि कर्मथलो भने काठमाडौँ भएकी आकृति पाण्डे सानै उमेरदेखि कविता सिर्जनामा लागेकी नारी स्रष्टा हुन् । उनका कविता, निबन्ध तथा थुप्रै लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । १६ वर्षकै कलिलो उमेरमा कृति प्रकाशन गरेर आफ्नो सिर्जन क्षमतालाई प्रदर्शन गर्न सफल उनको **देश हराएको सूचना** (२०६०) कविता सङ्ग्रह प्रकाशित कृति हो ।

आकृति पाण्डे 'वृष्टि'द्वारा रचित **देश हराएको सूचना** कविता सङ्ग्रह उनको एक मात्र प्रकाशित कृति हो । कवि पाण्डे स्वयं प्रकाशक रहेको यस कृतिमा उनका २४ ओटा कविता र पिता मधुसुदन पाण्डेयको एउटा गरी पच्चीसओटा गद्य कविताहरू समावेश छन् । यस सङ्ग्रहमा सङ्गृहित उनका कवितामा युद्धकालीन अवस्थाको चित्रण, राष्ट्रिय अस्मिता माथिको सङ्कटको चित्रण, अतितको गौरवप्रति श्रद्धाभाव, मानवीय संवेदना हराउँदै गएको वर्तमान स्थिति लगायतका विविध विषयहरू रहेका छन् । उनका कविताहरूमा देश प्रेमको भाव अत्यन्त गम्भीर रूपमा प्रकट भएको पाइन्छ ।

देशमा चलेको दश वर्षे जनयुद्ध ताकाको नेपाली परिवेशको चित्रण गर्दै युद्धजन्य अवस्थाले गर्दा बन्दुक र बारुदको गन्धभित्र नेपाल आमाका सपनाहरू मुर्झाएको प्रसङ्ग उल्लेख गर्दै नेपाल र नेपालीको दुर्गतिप्रति चिन्तित उनका कवि भावना यसरी प्रकट भएका छन् :

*नेपाली जातिले आज*
*बन्दुकको भाषा र गोलाबारुदको वर्णमाला सिकेका छन्*
*के आशा गरेकी थिइन् नेपाल आमाले तर*
*उनको सपना र आकाङ्क्षाहरू*
*बारुदको गन्धमै रुमल्लिएको छ (नेपाल ओझेलमै छ, पृ. २५) ।*

पाण्डे बेचिएका नेपाली चेलीहरूका पीडा, वेदना र काल कोठरीमा जिउँदो लाससरी बाँच्नु पर्दाको कारुणिक अवस्थाप्रति व्यथित हुँदै आफ्ना भाव यसरी पोख्दछिन् :

*एउटा कोठामा सीमित संसार बनेकी छु*
*उही पुरानो आँशु र आँशुले भिजेको*

*ओछ्यान बनेकी छु*

*म त्यही बेचिएकी चेली बनेकी छु (म बनेकी छु, पृ. ८) ।*

कवि पाण्डेका कवितामा पीडा, दुःख, वेदनाले भरिएका छटपटी मात्र होइन केही आशावादी भाव पनि भेटिन्छन् । त्यसैले त उनी सधैँ निराश मात्र होइन केही उत्साह पनि हुनुपर्छ भन्दै भविष्यप्रति आशावादी बन्दै अगाडि भन्छिन् :

*पाइला हटाउने होइन, शक्ति जुटाउने हो*

*युग सँगसँगै तिमीले*

*पाइलाको चाल फेर्नुछ*

*परिवर्तनको आँखाले अब*

*यो विश्वलाई हेर्नु छ (युग फेरिँदै छ, पृ. ९) ।*

पाण्डेको प्रस्तुत सङ्ग्रहका कविताहरू कला पक्षका दृष्टिले कमजोर देखिन्छन् तापनि भाव सम्प्रेषणका दृष्टिले हेर्दा सफल रहेका छन् । सानै उमेरमा साहित्यप्रति रुचि राख्दै यत्तिको कृति दिन सक्नु नै महत्त्वपूर्ण पक्ष हो र दङाली साहित्यका फाँटमा उनको यस कृतिले इँटा थप्ने काम अवश्य नै गरेको छ ।

## ४.५ तारा पुन 'निशानी' र उनका कृतिको अध्ययन

तारा पुन 'निशानी'को जन्म वि.सं. २०४२ फागुन १ गते ह्वामा ९ रिस्वाङ रोल्पामा भएको हो । उनी पिता सन्तवीर पुन तथा आमा धनसरा पुनका कोखबाट जन्मिएकी हुन् । उनले प्रवीणता प्रमाणपत्र तहसम्मको अध्ययन गरेकी छन् ।

तारा पुन रोल्पामा जन्मेर दाङलाई कार्यक्षेत्र बनाई साहित्य सिर्जनामा लागेकी नारी स्रष्टा हुन् । उनको कृतिका रूपमा **जिन्दगी** (२०६०) कविता सङ्ग्रह प्रकाशित रहेको छ । यो कविता सङ्ग्रह पुनको एकमात्र प्रकाशित कृति हो । यसमा कवि पुनका ३७ ओटा गद्य कविताहरू समावेश छन् । यी कविताहरूमा मातृभूमिप्रतिको अगाध स्नेह, नारीले भोग्नु परेका विविध पीडादायक स्थितिको मार्मिक चित्रणका साथै आर्थिक अभावले गर्दा विदेशिन बाध्य भएका नेपाली युवाहरूको विदेश पलायन र त्यसले गर्दा समाजमा देखिएका विकृत पक्षको उद्घाटन लगायतका विविध विषयहरू समेटिएका छन् । देशमा व्याप्त अशान्तिका कारण लाटा सोझा जनताहरूले भोग्नु परेका दुःखप्रति कवि पुन चिन्तित देखिन्छिन् ।

त्यस्तै उनका कविताहरूमा जन्मभूमिप्रति अगाध प्रेम तथा श्रद्धा भाव झल्कन्छ । आफ्नो जन्मभूमि रोल्पाको प्राकृतिक सुन्दरताको वर्णन गर्दै उनी भन्छिन् :

*पहाडहरूको घुइँचोले मात्र होइन*

*हरियो वन जङ्गलले पनि*

*भरिपूर्ण छ रोल्पा*

*वन्यजन्तुहरूले मात्र होइन*
*स्वच्छ हावा पानीले पनि*
*भरिपूर्ण छ रोल्पा (रोल्पा, पृष्ठ ८)*

नेपालमा शान्ति स्थापना नभएका कारण लाटा, सोझा जनताहरूले दुःख खेप्नु परेको छ भने चलाखहरू आफ्ना स्वार्थ पूरा गर्ने कार्यमा जुटेका हुन्छन् भन्ने भाव प्रकट गर्दै कवि भन्छिन् :

*सधैँभरि यहाँ हाहाकार नै हुन्छ*
*शान्ति छ नेपालमा भन्छन्*
*आखिर दुःख पाउने लाटो सोझो नै हुन्छ*
*चलाखभरि लुकेर जान्छन् (भ्रष्टाचार, पृ. ७) ।*

पुनको प्रस्तुत सङ्ग्रहमा सङ्गृहित कविताहरू शिल्प संरचनाका दृष्टिले हेर्दा निकै कमजोर देखिन्छन् । कवि स्वयंले मिलाई नमिलाई भए पनि कविता कोर्ने प्रयास गरेको र आफू एक सिकारु भएको स्वीकारोक्ति पुस्तकको लेखकीय भूमिका अन्तर्गतको 'आफ्नै भनाइ'मा गरेबाट र यी कविताको अध्ययन गर्दा पनि केही कविता बाहेक धेरैजसो कविताहरू रहरका उपज देखिन्छन् । तसर्थ उनका कविताहरूलाई एक सिकारु नारीका सिर्जनात्मक अभिव्यक्तिका रूपमा लिँदै दुर्बल पक्षहरूलाई छाडेर भावका दृष्टिले मात्र हेर्दा उपयुक्त हुने देखिन्छ ।

## ४.६ चन्द्रकला शाह र उनका कृतिको अध्ययन

चन्द्रकला शाहको जन्म वि.सं. २००६ चैत्र रामनवमीका दिन हापुर गा.वि.स. वडा नं. १ सिस्नेरी दाङमा भएको हो । उनी पिता पदमबहादुर मल्ल ठकुरी तथा माता जयकला मल्ल ठकुरीका कोखबाट जन्मिएकी हुन् । एस.एल.सी. सम्मको औपचारिक अध्ययनका साथै सङ्गीतमा बी.म्युज. (प्रभाकर) गरेकी चन्द्रकला सानैदेखि गीत सङ्गीतप्रति रुचि राख्ने गर्दथिन् । १७ वर्षको उमेरमा काठमाडौँ आएकी यिनले यहीँबाटै आफ्नो साङ्गीतिक यात्रा सुरु गरिन् ।

२०३२ सालमा चन्द्रकला शाहको सङ्कलनमा गायिका तीर्थकुमारीले *'माथिबाट बगाइ ल्यायो दही खाने बटुकी लै लै हो जाले रुमाल, कि त साटम हातको औँठी कि साटम पटुकी लै लै हो जाले रुमाल'* बोलको गीत गाएपछि लोकगीत सङ्कलका रूपमा परिचित शाह २०३६ सालमा 'वल्लो डाँडा इन्द्रेणी पल्लो डाँडा इन्द्रेणी, माझै डाँडा लाग्यो झुल्के घाम', माइतीका देशैमा नौरङ्गी डाँफे बासनी, बाबैका आँगनीमा सुनको बिहानी' बोलको तीजको गीतमार्फत सङ्कलकका रूपमा रहेकी शाह लोक गायिकाका रूपमा परिचित बन्न पुगिन् । उनका दोहोरी गीत, लोक गीत, भजन, भाषाभाषी गीत, गाथा गीत आदि गरी ३०

ओटा गीति एल्वम बजारमा आइसकेका छन् । नेपाली गीत सङ्गीतका क्षेत्रमा उनले गरेको योगदान महत्त्वपूर्ण मानिन्छ ।

यसरी नेपाली गीत सङ्गीतका क्षेत्रमा समर्पित शाहले २०५० सालको **मधुपर्क**मा प्रकाशित गरेको *ऋतुराज* शीर्षकको कविताबाट नेपाली साहित्यका क्षेत्रमा पाइला टेकेकी हुन् । त्यसपछि **मधुपर्क, कान्तिपुर, गोरखापत्र** लगायतका विभिन्न पत्रपत्रिकामा फुटकर रचनाहरू प्रकाशित गराउँदै साहित्य सिर्जनामा आफूलाई सक्रिय राख्दै आएकी उनको प्रकाशित कृतिका रूपमा **आँधी आएर** (२०६१) ताङ्का तथा हाइकु सङ्ग्रह रहेको छ । नेपाली गीत सङ्गीतका साथै साहित्यमा समेत कलम चलाउने शाहले विभिन्न पुरस्कार तथा सम्मान प्राप्त गरेकी छन् । उनले प्राप्त गरेका पुरस्कार तथा सम्मानहरू यसप्रकार रहेका छन् :

- रेडियो नेपालद्वारा आयोजित लोकगीत प्रतियोगितामा सर्वोत्कृष्ट सङ्कलक (२०४०)
- राष्ट्रिय प्रतिभा पुरस्कार (२०५५)
- दाङ बाह्रकुने सम्मान (२०५८)
- दाङ जिल्ला संस्कृति महोत्सव (२०५९)
- दाङ जिल्ला अभिनन्दन पत्र (२०६०)
- गोर्खा म्युजिक सम्मान पत्र (२०६१)
- प्रबल गोर्खा दक्षिणबाहु (२०६१)
- राप्ती साहित्य परिषद् दाङद्वारा सम्मान पत्र (२०६९) आदि ।

**आँधी आएर** चन्द्रकला शाहको एक मात्र प्रकाशित कृति हो । गजल मञ्च काठमाडौँ प्रकाशक रहेको यस कृतिमा कवि शाहका ताङ्का १२० र हाइकु ९६ गरी जम्मा २१६ ओटा रचनाहरू समावेश छन् । गन्तीमा गल्ती भएका कारण पुस्तकमा ताङ्काको सङ्ख्या १२१ रहेको देखिन्छ तर पृष्ठ ३७ मा ६७ पछि ६८ हुनुपर्नेमा ६९ भएका कारण यस्तो भएको हो । प्रस्तुत कृतिमा शाहले जापानी साहित्यमा अत्यन्तै लोकप्रिय रहेका कविता ताङ्का तथा हाइकु रचना गरी नेपाली साहित्यका पाठकले छोटो अवधिमै पढ्न सक्ने साहित्यिक खुराक पस्केकी छन् । हाइकु तथा ताङ्काका बारेमा उनको विचार यस्तो छ : अत्यन्तै थोरै शब्दबाट पनि भन्न चाहेको कुरालाई सिङ्गो रूपले छर्लङ्ग्याउने क्षमता भएको एक सुन्दर कवितात्मक रूप हाइकु हो भने त्यसकै अलिकति विस्तारित रूपम ताङ्का हो । ५,७,५ अक्षर सूत्र भएको तीन हरफको हाइकु तथा ५,७,५,७,७ अक्षर सूत्र भएको पाँच हरफको ताङ्काका माध्यमबाट शाह थोरै शब्दमा जीवन जगत्का विविध विषयवस्तुलाई टपक्क टिपी सुन्दर ढङ्गले आफ्ना रचनामा पस्कन सफल भएकी छन् । उनको प्रस्तुत सङ्ग्रहका

रचनामा देशप्रेम, प्रकृति चित्रण, नेपाली संस्कृतिको महिमा, राष्ट्रका महान् व्यक्तिहरूप्रति श्रद्धा भाव, प्रेम प्रणय लगायतका विषयवस्तुहरू समेटिएका छन् । यस्तै राष्ट्र र राष्ट्रियताप्रति अगाध स्नेह प्रकट भएको रचनाका रूपमा तलको रचनालाई लिन सकिन्छ :

*नेपाली हुँ म*
*जो जहाँ गए पनि*
*मेरो देशको*
*अनुहार मभित्र*
*झल्की नै रहन्छ त्यो (पृ. ४६) ।*

त्यस्तै नेपाली साहित्यका महान् व्यक्तिहरूको योगदानको उच्च मूल्याङ्कन गरिएका उनका कवितात्मक बान्कीहरूमध्ये देवकोटाका सन्दर्भमा उनी यस्तो विचार व्यक्त गर्दछिन् :

*लक्ष्मीको नाम*
*सरस्वतीको काम*
*साहित्यभित्र*
*देवकोटा महान*
*औँशी रात उज्यालो (पृ. ३८) ।*

द्वन्द्वकालीन अवस्थामा बन्दुक र बारुदको गन्धले रुमल्लिएको नेपाली परिवेशको चित्रण गर्दै त्यस्तो अवस्थाका कारण धेरै नेपालीले भोग्नु परेका पीडा एवम् वेदनाको कारुणिक चित्रलाई शाह आफ्ना रचना मार्फत् यसरी व्यक्त गर्दछिन् :

*आमा रुन्थिन्*
*छाती पिटेर चर्किन्थ्यो*
*मुटु कलेजा*
*मौन थियो आकाश*
*अगाडि थियो लास ! (पृ. ३६) ।*

प्रेममय वातावरणको सुन्दर वर्णन गर्दै शाह आफ्ना भाव यसरी प्रस्तुत गर्दछिन् :

*भमरा भुँ भुँ*
*फूलहरू रमाए*
*आफै सर्माए ! (पृ. ६५) ।*

*तिमी बाँसुरी*
*म ओठ भएँ आजु*
*सुनाऊ मिली ! (पृ. ७६) ।*

यसरी चन्द्रकला शाहले ताङ्का तथा हाइकुको सङ्गालोका रूपमा प्रस्तुत यस कृतिमा थोरै शब्दबाट पनि जीवनका विविध पक्षहरूको समग्रता प्रस्तुत गर्न सफल भएकी

छन् । छोटा तर व्यापक अर्थ बहन् गर्ने क्षमता भएका हाइकु तथा ताङ्का रचना गरी शाहले दङाली साहित्यको मात्र नभई समग्र नेपाली साहित्यको समृद्धिमा उल्लेखनीय भूमिका निर्वाह गरेकी छन् ।

## ४.७ मञ्जु राणा र उनका कृतिको अध्ययन

मञ्जु राणाको जन्म वि.सं. २०१२ माघ १० गते दाङको ढिकपुर गा.वि.स. वडा नं. ८ तेघरामा भएको हो । उनी पिता पुष्पेन्द्र बहादुर शाह तथा माता भुवन्द शाहका कोखबाट जन्मिएकी हुन् । उनले प्रवीणता प्रमाणपत्र सम्मको औपचारिक अध्ययन पूरा गरेकी छन् ।

स्थानीय स्तरमा विभिन्न पत्रपत्रिकाहरूमा आफ्ना फुटकर रचनाहरू प्रकाशित गर्दै साहित्यमा समर्पित राणाले श्रीमान् नरेशजङ्ग राणासँग संयुक्त रूपमा कविता सङ्ग्रह प्रकाशित गरेकी छन् । **दुई थुङ्गा फूल** (२०६१) संयुक्त कविता सङ्ग्रह उनको एकमात्र प्रकाशित कृति हो । राणाले दङाली साहित्यमा गरेको योगदान स्वरूप राप्ती साहित्य परिषद्का तर्फबाट २०५८ सालको 'विष्णु नुमा' पुरस्कार प्राप्त गरेकी छन् । यसरी फुटकर तथा सङ्ग्रह समेत प्रकाशन गरी सिर्जनात्मक कार्यमा निरन्तर क्रियाशील राणाको २०६३ कात्तिक १ गते ५१ वर्षको उमेरमा भएको निधनले दङाली साहित्यमा अपुरणीय क्षति हुन पुगेको छ ।

**दुई थुङ्गा फूल** संयुक्त कविता सङ्ग्रहमा मञ्जु राणाका २०३४ देखि २०६० सालका बीचमा रचना गरिएका ५२ ओटा कविता समावेश भएका छन् । प्रस्तुत सङ्ग्रहका कवितामा कवि राणाले माया प्रेम, नारीले भोग्नु परेका पीडा, व्यथा, युद्धकालीन अवस्थाको चित्रण तथा हराउँदै गएको मानवीय संवेदना लगायतका जीवनका विविध पक्षहरूलाई विषयवस्तुका रूपमा ग्रहण गरेकी छन् ।

कवि राणाले युद्धकालीन समय र त्यसले निम्त्याएको कहालीलाग्दो दृश्यलाई देखेर पनि चुपचाप बस्नु परेको पीडादायक स्थितिका बारेमा यसरी आफ्ना भावना प्रस्तुत गर्दछिन् :

*कोलाहल छ, सन्त्रास छ समय*
*मन मन जागिरहेछन्*
*म चूपचाप हेरिरहेछु देखिरहेछु विभत्स*
*सहिरहेछु कैयौँ चोटहरू*
*रगतको खोला बगिरहेछ (जिन्दगी त्यो थियो, पृ. १३०) ।*

उनी मान्छेमा हराउँदै गएको मानवीय संवेदनाप्रति अत्यन्त चिन्तित देखिन्छिन् । भाषणमा मात्रै मानवता फलाक्ने मानवीय ढोँगी प्रवृत्तिको विरोध गर्दै मानवता बचाउनु पर्ने आग्रह गर्छिन् :

*कहीँ भेटिदैन मानवता*
*मानवता खोज्नु परिरहेछ*
*मानवता बचाउनु परिरहेछ*
*भाषण-भाषण प्रचार प्रसारमा*
*फलाकिन्छ मानवता (कहाँ छ मानवता, पृ. ११३) ।*

त्यस्तै कवि राणाले नारीहरू सदियौँदेखि सामाजिक बन्धनका साङ्लाहरूभित्र थिचिदै मिचिदै आएका र अझै पनि त्यही घेराभित्र नै सीमित रहेको देखेर अब पनि त्यसरी नारीहरू अन्याय अत्याचार सहेर बस्न हुँदैन । त्यसका विरुद्ध आवाज उठाइ आफ्ना हक र अधिकारहरू स्थापित गर्न यसरी आह्वान गर्दछिन् :

*कर्मको खोजीमा आज तिमी उठ्नुपर्छ*
*डोऱ्याउँदै जुट्नुपर्छ*
*ज्योति बाली कान्तिहीन आँखाहरूमा*
*बिउँझ अब नारीहरू (नारी अब उठ, पृ. ८७) ।*

राणाका कतिपय कविताहरूमा वर्णविन्यासगत त्रुटी पाइन्छन् । कला पक्षभन्दा भाव पक्षलाई महत्त्व दिइएका उनका कविताहरू सरल, सहज एवम् सम्प्रेषणीय देखिन्छन् । दङाली साहित्यको विकासमा उनको योगदान महत्त्वपूर्ण रहेको छ ।

## ४.८ विदुषी पाण्डेय र उनका कृतिको अध्ययन

विदुषी पाण्डेयको जन्म वि.सं. २०१६ श्रावण २७ गते दाङ जिल्लाको हापुर गा.वि.स. साहिपुरमा भएको हो । उनी पिता दामोदर गौतम तथा माता नीमा गौतमका कोखबाट जन्मिएकी हुन् । उनले एस.एल.सी. सम्मको औपचारिक अध्ययन पूरा गरेकी छन् । पाण्डेयका **विरहका आँसु** (२०६२) र **मेघ वर्षा** (२०६४) गरी दुईओटा कृतिहरू प्रकाशित छन् ।

**विरहका आँसु** शोककाव्य विदुषी पाण्डेयको प्रथम प्रकाशित कृति हो । लेखक सङ्घ दाङ प्रकाशक रहेको यस काव्यमा पाण्डेयले आफ्ना पति मेघराज पाण्डेय (श्यामबाबु)को मृत्युले गर्दा पीडित एवम् व्यथित मनमा उठेका वेदनाका स्वरहरूलाई लिपीबद्ध गरेकी छन् । सात उछ्वासमा विभक्त यस शोक काव्यमा जीवनभर सँगै जिउने सँगै मर्ने कसम खाएर विवाह बन्धनमा बाँधिएका दम्पतीहरू बीच बाटामै छुटिनु पर्दाका पीडा, व्यथाका वेदनाजन्य भावाभिव्यक्ति प्रकट भएका छन् । कवि पाण्डेयले पतिसँगको वियोगका कारुणिक स्वरहरूका साथै यस काव्यमा आफ्नो जन्मस्थान, बाल्यकाल, वैशालु वय एवम् विवाह पश्चात्का प्रेम प्रणयहरूको स्मरण समेत गर्न पुगेकी छन् । विवाह पश्चात्का आफ्ना घर व्यवहार प्रतिका कर्तव्य, पतिसँग बिताएका सुखैश्वर्यपूर्ण दिनहरूको पनि सम्झना गरेकी छन् । यी विभिन्न

जीवन भोगाइका अनुभव र अनुभूतिका साथै समाजले विधवाप्रति हेर्ने दृष्टिकोण, १० वर्षे माओवादी जनयुद्धताकाको लुटपाट एवम् हत्या हिंसाको चित्रण लगायतका विषयवस्तुलाई आफ्नो काव्यमा सहजताका साथ प्रस्तुत गरेकी छन् ।

ढुकुरका जोडी जस्तै भएर प्रेमपूर्वक रहेका आफूहरूलाई कुन कसुरमा दैवले छुटायो भन्दै ईश्वरसँग आफूमाथि परेको बज्रपातको जवाफ माग्दै उनी आफ्ना भावनाहरू यसरी प्रस्तुत गर्दछिन् :

*हामी ढुक्कुरका जोडी हाँस्दथ्यौँ बातबातमा*
*रमाई उठ्दथ्यौँ हामी सधैँ नौलो प्रभातमा*
*(३/२३, पृ. १४)*

*विधवा के भयो मेरो गल्ती खै अनजानमा ?*
*जोडा मेरा टिप्यौ टप्प ! भित्र दुख्दछ प्राणमा*
*(३/२४, पृ. १४)*
*कहाँ गयौ चरी जस्तै उडी खोज्न म सक्तिनँ*
*भेटूँ भन्दै कहाँ जाउँ ? ठेगाना के म बुझ्दिनँ*
*देह-श्रृङ्गार नै अल्प्यो, यो ठुटो रुख झैँ भयो*
*के सजाय दियौ यस्तो ? हे नारायण ! के भयो ?*
*(१/२०, पृ. २)*

समाजले विधवा नारीप्रति राख्ने दृष्टिकोण अन्यायपूर्ण भएको विचार व्यक्त गर्दै आफ्ना भावहरू यसरी व्यक्त गर्दछिन् :

*गर्ने हात यिनै नै हुन् जो थिए शुभ, मङ्गल*
*विधवा भै भए आफै कसरी अमङ्गल ?*
*यो नारी उही नै हो नि ! कसरी भिन्नता भयो*
*कार्यमा सबले सोचौँ किन यो अन्याय यो भयो ?*
*(७/२२, पृ. ४५)*

यसरी पाण्डेयले प्रस्तुत काव्यमा आफ्ना पतिसँगको वियोगका कारुणिक क्रन्दनहरूका साथै जीवनका अनेकन उहापोहलाई समेत समेटेर दङाली साहित्यका फाँटमा विरहका आँसुद्वारा अर्पण गरेकी छन् ।

**मेघ वर्षा** (२०६४) गीति खण्डकाव्य विदुषी पाण्डेयको दोस्रो प्रकाशित कृति हो । राप्ती साहित्य परिषद् प्रकाशक रहेको यस कृतिमा नेपालमा चलेको १० वर्षे द्वन्द्वका कारण

विधवा बन्न बाध्य नेपाली नारीहरू जो पतिसँगको सुखैश्वर्यपूर्ण प्रेमबाट सदासदाका लागि विछोडिन पुगेका छन् उनीहरूको वियोगपूर्ण एवम् पीडादायक अवस्थालाई प्रस्तुत गरिएको छ । विधवा नारी वर्षा र उसको स्वर्गीय पति मेघको काल्पनिक संवाद गराई उनीहरूका वियोगका वेदना अनि छट्पटिहरूलाई यस गीति काव्यमा सहजताका साथ प्रकट गरिएको छ ।

कवि पाण्डेयले युद्धले गर्दा पति गुमाएका नारीका व्यथा तथा धेरै नेपालीहरूले भोग्नु परेका दुर्दशापूर्ण अवस्थाको चित्रण प्रस्तुत काव्यमा यसरी व्यक्त गरेकी छन् :

*एघार वर्षे युद्धले बन्यो विधवा बेथिति*
*अपाङ्ग बने नेपाली छोरा दान भो वैशाखी*
*तिमीलाई लाग्यो युद्धको गन्ध शरीर फिका भो*
*जसले गर्दा पखाली दियो सौभाग्य टीका यो । (पृ. ६)*

प्राणीहरूमा सर्वश्रेष्ठ मान्छेमा आज मानवता कसरी हराउँदै गएको छ र मान्छे कति स्वार्थी भएको छ त्यसको दृष्टान्त कवि यसरी प्रस्तुत गर्दछिन् :

*जुनीमा श्रेष्ठ मान्छे हो हेर विवेक हरायो*
*स्वार्थ नै मात्र सबैमा भयो विश्वास गुमायो । (पृ. २५)*

विधवा नारीका वैधव्य जीवनका पीडादायक अवस्थाका साथै स्वार्थी समाज, देशको उर्जाशील युवाशक्तिको पलायन, अशान्ति, कुसंस्कार लगायतका विविध विषयहरूलाई पनि यस काव्यले प्रस्तुत गरेको देखिन्छ । संवादात्मक शैलीमा रचिएको यो काव्य सरल, सहज एवम् बोधगम्य छ ।

विदुषी पाण्डेयका उपर्युक्त दुई कृतिहरू **विरहका आँसु** र **मेघ वर्षा** दङाली साहित्यका फाँटमा सुन्दर पुष्प थुङ्गाका रूपमा रहेका छन् । दङाली साहित्यको विकासमा उनले खेलेको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ४.९ कविता उपाध्याय र उनका कृतिको अध्ययन

कविता उपाध्यायको जन्म वि.सं. २०३८ कात्तिक २२ गते दाङ जिल्लाको बिजौरी गा.वि.स. वडा नं. ५ बिजौरीमा भएको हो । उनी पिता खिमकुमार उपाध्याय तथा माता गौरादेवी उपाध्यायका कोखबाट जन्मिएकी हुन् । उनले स्नातकोत्तर सम्मको औपचारिक अध्ययन पूरा गरेकी छन् ।

२०५२ सालमा गोरखपुरबाट प्रकाशित हुने साहित्यिक पत्रिका **सिंहनाद**मा *पढी बनौँ शिक्षित* शीर्षकको कविता प्रकाशित गरी साहित्य लेखनको यात्रा प्रारम्भ गरेकी कविता

उपाध्यायका विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै लेख रचनाहरू प्रकाशित छन् । उनका प्रकाशित कृतिहरूमा **पञ्चामृत** (२०६२) र **त्रिवेणी** (२०६७) संयुक्त गजल सङ्ग्रह रहेका छन् । साहित्यमा निरन्तर क्रियाशील उपाध्याय 'विष्णु नुमा साहित्य पुरस्कार (२०६०)' तथा 'मञ्जु राणा स्मृति साहित्य पुरस्कार (२०६६)' प्राप्त नारी प्रतिभा हुन् ।

**पञ्चामृत** संयुक्त रूपमा पाँच जना स्रष्टाका साहित्यिक कोसेली रहेको लघु आकारको कृति हो । यसमा कविता उपाध्यायका गजलहरूका साथै अन्य स्रष्टाका मुक्तक, गीत, कविता तथा हाइकु समावेश छन् । राप्ती साहित्य परिषद् प्रकाशक रहेको यस पुस्तकमा प्रकाशन वर्षको उल्लेख गरिएको छैन तापनि स्रष्टाहरूको भनाइ अनुसार २०६२ यसको प्रकाशन वर्ष रहेको बुझिन्छ । कविता उपाध्यायका पाँचओटा गजलहरू **पञ्चामृत**मा समावेश गरिएका छन् । यस कृतिमा सङ्गृहित उनका गजलहरूमा नारी अस्तित्वको खोजी, विकृति, विसङ्गतिको चित्रण, देशभक्तिपूर्ण भावहरू अभिव्यक्त भएका पाइन्छन् । युद्धबाट कसैलाई पनि फाइदा नहुने हुँदा युद्धको अन्त्य र शान्तिको स्थापनामा उनका गजलले जोड दिएका छन् ।

नारीहरू सधैँभरि घरभित्रकै चुलोचौकामा मात्र सीमित नरही आफ्नो पहिचान स्थापित गर्न अग्रसर हुनुपर्छ, हक, अधिकार प्राप्तिका लागि अर्काको मुख ताकी बस्ने होइन आफ्नो अधिकार प्राप्तिका लागि आफै सङ्घर्ष गर्दै उज्ज्वल भविष्य निर्माण गर्नतर्फ जुट्नुपर्छ भन्ने हौसलापूर्ण विचार उनका गजलहरूमा अभिव्यक्त भएका छन् । यस्तै भावलाई आत्मसात गरेको उनको गजलका केही सेरहरू हेरौँ :

*चुलो चौको डोको नाम्लो मात्रै सीमित नराखिद्यौ*
*बाहिरी संसार हेर्न हिड सधैँ गुफा पस्छौ कति*
*चाहृयौ भने तिम्रै हातले उज्ज्वल भाग्य लेख्न सक्छौ*
*दुर्भाग्यको कालो टीका सधैँ शिरमा घस्छौ कति (पञ्चामृत, पृ. ३) ।*

युद्धकालीन अवस्थाका कारण हजारौँका काख रित्तिएका र सिउँदो पुछिएको स्थितिको चित्रण गर्दै अब त्यस्तो कहालीलाग्दो दुःखपूर्ण स्थिति कहिल्यै नआओस् भन्दै युद्धको अन्त्य तथा शान्तिको कामना गरिएका उनका भावहरू गजलमा पाइन्छन् । उदाहरणका लागि :

*रित्तिसके हजारौँका काख अनि सिउँदाहरू*
*ममताको मलम लगाउँ विध्वंसको साटो अब*
*उजाडिए गाउँ बेसी धुवाँलिए बस्तीहरू*
*तर सधैँ फुल्न सकोस् हृदयको पाटो अब (पञ्चामृत, पृ. ६)*

यसरी उपाध्यायको यस लघु आकारको कृति **पञ्चामृत**मा सङ्ख्यात्मक रूपमा थोरै गजलहरू देखिए पनि व्यापक परिवेश ओगटेको देखिन्छ ।

**त्रिवेणी** (२०६७) संयुक्त गजल सङ्ग्रह उपाध्यायको दोस्रो प्रकाशित कृति हो । राप्ती साहित्य परिषद् प्रकाशक रहेको यस कृतिमा तीन जना स्रष्टाका गजलहरू रहेका छन् । यस गजल सङ्ग्रहमा नारी स्रष्टा कविता उपाध्यायका २५ ओटा गजलहरू समावेश छन् । उनका गजलमा प्रेमका विविध आयामहरूको वर्णन, देश प्रेम, नेपाली सभ्यता र संस्कृति प्रतिको अगाध स्नेह, राजनीतिमा देखिएका विकृति विसङ्गति, शान्तिको कामना लगायतका विषयहरू रहेका छन् ।

मायालुसँगको मिलनको क्षण आउँदै गर्दा जुन प्रतिक्षाको घडी हुन्छ थोरै भए पनि अत्यन्तै लामो लाग्ने गर्दछ । त्यस्तै प्रतिक्षाको घडीमा मनमा उठेका मृदु कल्पनाका साथै भोलिका दिन कस्ता होलान् भन्ने कुतूहलतापूर्ण भाव तलका पङ्तिमा अभिव्यक्त भएका छन् ।

*सोचिराछु घुम्टो ओडी चढ्दा लाउने*
*उस्ले ल्याको सारी अनि चोली कस्तो होला*
*साह्रै लामो हुँदो रैछ प्रतिक्षाको पल*
*थाहा छैन कविताको भोलि कस्तो होला ? (त्रिवेणी, पृ. ५१)*

बिग्रदो देशको स्थिति प्रति चिन्ता व्यक्त गर्दै देश बनाउने नेताहरू जनताका लागि जिम्मेवार नभई आफ्नै भूँडी भर्ने कार्यमा व्यस्त रहेका छन् । राष्ट्रको ढुकुटी रित्याउँदै गएको वर्तमान अवस्थाको यथार्थ चित्रण गर्दै उपाध्याय आफ्ना भावना यसरी प्रस्तुत गर्दछिन् :

*कतै गाउँ डुबानमा छ कतै गा'छ पैह्रो*
*देशै निल्ने गरी भत्ता खा'छन् अचम्मको*
*समस्याको बीचमा देश गुज्रिरहँदा पनि*
*उनीहरू मोजमस्ती पा'छन् अचम्मको (त्रिवेणी, पृ. ६६) ।*

त्यस्तै आधुनिकताका नाममा नेपाली सभ्यता र संस्कृतिलाई भुल्दै पश्चिमी सभ्यतामा हुर्कंदै गएको आजको विकृतिजन्य परिवेशप्रति चिन्तित उनी आफ्ना भावनाहरू यसरी व्यक्त गर्न पुग्दछिन् :

*हराए कि ? दौरा सुरुवाल गुन्यूचोली पनि*
*सुहाउँदो आफ्नो पोशाक लाउन पनि छाडे*
*खै कहाँ छन् मादल, झ्याली, सारङ्गी र चाँप*
*बिर्से कि त आफ्नै संस्कार जनाउन पनि छाडे (त्रिवेणी, पृ. ५७) ।*

उपाध्यायका गजलहरू संरचना, भाव, लय आदिको समुचित प्रयोगले सुन्दर एवम् सुललित छन् । उनले उपर्युक्त दुई कृतिहरूमा आफ्ना गजलहरू पस्कदै दङाली साहित्यको श्रीबृद्धि गर्नमा महत्त्वपूर्ण योगदान निर्वाह गरेकी छन् ।

## ४.१० अनिता शर्मा मजगैयाँ र उनका कृतिको अध्ययन

अनिता शर्मा मजगैयाँको जन्म वि.सं. २००९ कात्तिक ९ गते दाङ जिल्लाको घोराही नगरपालिका बर्गद्दीमा भएको हो । उनी पिता रामप्रसाद उपाध्याय रेग्मी तथा माता रुक्मिणा रेग्मीका कोखबाट जन्मिएकी हुन् । उनले बनारसबाट एस.एल.सी. सरहको अध्ययन गरेकी छन् ।

**पिता स्मृति** (२०६२) अनिता शर्मा मजगैयाँको एक मात्र प्रकाशित कृति हो । दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान तुलसीपुर प्रकाशक रहेको प्रस्तुत कृति कवि मजगैयाँका पिता रामप्रसाद उपाध्यायको सम्झनामा रचित शोक काव्य हो । पन्ध्र पृष्ठको लघु काव्यका रूपमा रहेको यस कृतिमा विभिन्न शीर्षकका स-साना सात भागहरू रहेका छन् । पिताको स्वर्गारोहणले पीडित भएकी एक छोरीका भावनाहरू यस काव्यमा अभिव्यक्त भएका छन् ।

पिताको मृत्युबाट छोराछोरीहरू टुहुरा भएका अनि सोह्र श्रृङ्गारले युक्त आमा श्रृङ्गारविहीन भई वैधव्य जीवनका कठिन यात्रामा हिड्नु पर्दाका दुःखपूर्ण भावहरू मजगैयाँ यसरी व्यक्त गर्दछिन् :

*हे मेरा बाबा जानु नै भयो हामीलाई छोडेर*
*छ बैनी छोरी एउटा छोरो टुहुरो पारेर*
*यत्रो यो सृष्टि गरेर छाड्यौ दुनिया रुवाई*
*श्रृङ्गारले राति क्या राम्री आमा विधवा बनाई (पिता स्मृति, पृ. ६) ।*

जन्मेपछि एक दिन मर्नै पर्ने विधिको विधान भएकाले यो नियमलाई कसैले तोड्न सक्दैन । त्यसैले पिताको स्वर्गवास पनि त्यही नियमानुसार भएको ठानी आफ्नो चित्त बुझाउँदै मजगैयाँ यस्ता भावहरू प्रकट गर्दछिन् :

*मानिस यहाँ को बाँच्छ सधैँ आएर पृथ्वीमा ?*
*जानुछ अरू जाने हुन् सबै ईश्वरकै सृष्टिमा ॥ (पिता स्मृति, पृ. १०)*

यसरी कवि मजगैयाँले आफ्ना स्वर्गीय पिताको सम्झना स्वरूप रचना गरेको प्रस्तुत कृति कला पक्षका दृष्टिले कमजोर रहेको छ । भाव सम्प्रेषणका दृष्टिले भने कृतिलाई सफल नै मान्नुपर्ने देखिन्छ ।

## ४.११ उर्मिला लामिछाने र उनका कृतिको अध्ययन

उर्मिला लामिछानेको जन्म वि.सं. २०३४ असारमा दाङ जिल्लाको तुलसीपुर नगरपालिका वडा नं. ६ गोलौरामा भएको हो । उनी पिता अशोककुमार लामिछाने तथा माता सुभद्रादेवी लामिछानेका कोखबाट जन्मिएकी हुन् । उनले स्नातकोत्तरसम्मको औपचारिक अध्ययन गरेकी छन् ।

२०५८ सालमा काठमाडौँबाट प्रकाशित हुने **कपन दर्पण** पत्रिकामा **बालक** शीर्षकको कविता प्रकाशित गरी साहित्यमा पाइला चालेकी लामिछानेले कविता, कथा, निबन्ध आदि विधामा कलम चलाएको पाइन्छ । उनका **कविता कोशेली** (२०६३), **चराको चिरबिर** (२०६३) बाल कविता सङ्ग्रह तथा **आमा र छोरा** (२०६६) बाल कथा सङ्ग्रह प्रकाशित छन् । साहित्यमा निरन्तर क्रियाशील लामिछानेले विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेकी छन् । उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारहरू यस प्रकार छन् :

- पद्मकन्या क्याम्पसको आयोजनामा १९औं मोती जयन्तीमा समस्यापूर्ति कविता प्रतियोगितामा तृतीय पुरस्कार (२०६५), भानु जयन्ती कविता प्रतियोगिताका द्वितीय पुरस्कार (२०६५)
- वैजयन्ती स्रष्टा सम्मान (२०६६)
- वसन्त काव्य गोष्ठी द्वितीय पुरस्कार (२०६६) आदि ।

**कविता कोसेली** (२०६३) बाल कविता सङ्ग्रह उर्मिला लामिछानेको प्रथम प्रकाशित कृति हो । वनिता प्रकाशन काठमाडौँ प्रकाशक रहेको यस कृतिमा १७ ओटा बाल कविताहरू रहेका छन् । प्रत्येक कविताका शीर्षक अनुरूपका चित्र दिएर कवितालाई प्रभावकारी बनाउने कार्य गरिएको छ । बालबालिकाका लागि सन्देशमूलक खुराकहरू रहेको यस कृतिमा साहित्यका महान् व्यक्तित्त्वहरू, जीव जनावर, प्रकृति लगायतका विविध विषयहरू रहेका छन् ।

कवि लामिछानेले साहित्यका महान् व्यक्ति भानुभक्तका बारेमा बालबालिकालाई शिक्षा दिने अभिप्रायले लेखिएका सुन्दर कवितात्मक बान्कीहरू यस्ता रहेका छन् :

*यै भाषामा लेखे अरू कृति कस्ता-कस्ता*
*वधूशिक्षा, भक्तमाला प्रश्नोत्तरी जस्ता*
*जहाँ गयो उहीँ पोखे भाव ओतप्रोत*
*घाँसी पनि बने अरे प्रेरणाका स्रोत (कविता कोसेली, पृ. १५) ।*

त्यसैगरी लामिछानेले बूढाबूढीहरूलाई हेला गर्नहुन्न, उनीहरूबाट धेरै कुराहरू सिक्न सकिन्छ । त्यसैले आफ्ना हजुरबा, हजुरआमाहरूलाई हैँला होइन आदर गर्नुपर्छ र उहाँहरूबाट थुप्रै ज्ञानगुणका कुराहरू पाइन्छ भन्दै यस्ता भाव प्रकट गर्दछिन् :

*मैले कैल्यै नसुनेका कुरा गर्नुहुन्छ*
*जे सुनेथैँ आधा-आधा पूरा गर्नुहुन्छ*
*भोगेका ती अनुभव सबै भन्नुहुन्छ*
*हजुरआमा मेरा निम्ति गुरु बन्नुहुन्छ (कविता कोसेली, पृ. २३) ।*

**चराको चिरबिर** (२०६३) उर्मिला लामिछानेको दोस्रो कृति हो । वनिता प्रकाशन काठमाडौं प्रकाशक रहेको यो कृतिको अध्ययनबाट नेपालमा पाइने र नेपालमा नपाइने विभिन्न चराहरूका बारेमा जानकारी पाइन्छ । चराहरूका आवाज, तिनीहरूको आनीबानी, वासस्थान आदि जस्ता विविध जानकारीहरू पाइने यी कविताहरूमा विभिन्न चराचुरुङ्गीका चित्रहरू समेत राखी तिनका बारेमा वर्णन गरिएका छन् ।

प्रकृतिका अनुपम उपहार विभिन्न चराचुरुङ्गीका बारेमा मीठा-मीठा कवितात्मक बान्कीमा रमाउने कवि उर्मिला लामिछानेका प्रस्तुत पङ्तिमा चराहरूको सुन्दर वर्णनका साथै हाम्रो समाजमा रहेको परम्परागत जनविश्वास पनि अभिव्यक्त भएका छन :

*काफल पाक्ने मौसमको*
*समाचार ल्याई*
*काफल पाक्यो भन्दै अब*
*काफल चरी आई*
*यौटा सुबी चरा हुन्छ सुबी सुबी गर्छ*
*भन्छन् सुबी कराए त पक्कै पानी पर्छ (चराको चिरविर, पृ. २५) ।*

उर्मिला लामिछानेले यसरी विभिन्न विषयवस्तुलाई आफ्ना कृतिमा समेट्दै बाल जगत्लाई शिक्षा दिने उद्देश्यका साथ दुईओटा कवितात्मक कोसेली दिन सफल भएकी छन् । उनका उपर्युक्त दुई कृतिहरू बाल साहित्यको विकासका लागि महत्त्वपूर्ण रहेका छन् र बाल साहित्यको समृद्धिका लागि उनको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ ।

## ४.१२ बिन्दु श्रेष्ठ र उनका कृतिको अध्ययन

बिन्दु श्रेष्ठको जन्म वि.सं. २०१५ माघ २४ गते बाग्लुङ जिल्लाको पाङमा भएको हो । उनी पिता हेमबहादुर प्रधान तथा माता देवीकुमारी प्रधानका कोखबाट जन्मिएकी हुन् । उनले स्नातक सम्मको अध्ययन गरेकी छन् । श्रेष्ठका **आस्मा** (२०६३) र **आमा** (२०६४) शोक काव्य प्रकाशित छन् ।

**आस्मा** शोक काव्य बिन्दु श्रेष्ठको प्रथम प्रकाशित कृति हो । प्रस्तुत शोक काव्य कवि श्रेष्ठका देवरकी छोरी आस्माको जीवनीमा आधारित छ । आस्माको जन्मदेखि मृत्युसम्मको सङ्क्षिप्त कथावस्तु रहेको प्रस्तुत शोक काव्यमा कवि बिन्दु श्रेष्ठले छोरी गुमाउँदाका अवस्थाका कारुणिक एवम् पीडादायक क्षणहरूको मर्मस्पर्शी वर्णन गरेकी छन् । आस्मा जन्मदा घरमा छाएको खुशीयालीलाई श्रेष्ठ यसरी प्रस्तुत गर्दछिन् :

*जोडेर नाता बनेर पुत्री*
*लक्ष्मी नै आइन् टेकेर धर्ती*

*घरै भरिलो काखै भरिलो*
*वयाँ-वयाँको स्वरै सुरिलो (आस्मा, पृ. २) ।*

लक्ष्मी स्वरूप घरै उज्यालो पार्दै धर्तीमा उदाएकी आस्मा अकस्मात बिरामी परी उपचार गर्दागर्दै पनि बाँच्न असफल हुन्छिन् । १३ वर्षको बाल्यावस्थामै सारा घर परिवारलाई चटक्कै छाडि बाबु आमालाई कहिल्यै नमेटिने घाउ छाड्दै सुन्दर संसारबाट सदासदाका लागि टाढा भएकी छोरी आस्मासँगको वियोगले गर्दा विह्वल बनेकी कवि आफ्ना दुःखी मनका भावहरू यसरी व्यक्त गर्दछिन् :

*तिमी निदायौ चीर निद्रा भित्र*
*हेरेर बस्छौँ सदा तिम्रो चित्र*
*सन्तानको घाउ कहिल्यै पुरिन्न*
*मलम पट्टिले कहिल्यै भरिन्न (आस्मा, पृ. १०) ।*

**आमा** (२०६४) शोककाव्य कवि बिन्दु श्रेष्ठको दोस्रो प्रकाशित कृति हो । अघिल्लो कृतिमा छोरी आस्माको निधनले विह्वल आमाको कारुणिक क्रन्दन प्रस्तुत छ भने यस कृतिमा ममतामयी आमासँग बिछोडिदाकी छोरीका पीडाजन्य वेदनाहरू रहेका छन् । प्रस्तुत **आमा** शोक काव्यमा श्रेष्ठले आफ्नी आमा देवी कुमारी प्रधानका निधनले गर्दा एउटी छोरीले भोग्ने पीडा, व्यथा एवम् करुण अवस्थाको मार्मिक चित्रण गरेकी छन् ।

यस संसारलाई सधैँका लागि छाडेर सबैसँग टाढा भएकी आमाको सम्झना गर्दै अब कहिले भेट्न अनि बोलाउन पाउँला भन्दै कवि श्रेष्ठ आमा नहुँदाको संसार अन्धकारमय भएको ठान्दै आफ्ना कारुणिक भावहरू यसरी व्यक्त गर्दछिन् :

*घरको दियो निभेर गयो कहिले बल्दछ ?*
*अँध्यारो घर उज्यालो बनी कहिले खुल्दछ ?*
*हे आमा ! तिमी कहिले आउँछ्यौ उज्यालो बनेर*
*बोलाउन पाउँछौ कहिले तिमीलाई ए आमा भनेर (आमा, पृ. ६) ।*

संसारमा पैसा हाले सबै चीज पाइन्छ तर जन्म दिने आमा बाबु केही गरे पनि पाउन सकिन्न भन्ने तथ्यलाई स्वीकार्दै श्रेष्ठले आमाको महानता सबैभन्दा उच्च हुन्छ भन्ने भाव यसरी व्यक्त गरेकी छन् :

*सब थोक मिल्छ संसारमा आज आमा पो पाइन्न*
*नाता र गोता लाइन्छ सब आमा चैँ लाइन्न*
*संसारमा महान आमाको माया किनेर पाइन्न*
*बिछोडको पीडा आमाको आज धोएर धोइन्न (आमा, पृ. १६) ।*

यसरी दङाली साहित्यका फाँटमा दुईओटा काव्य कृतिहरू पस्किएकी श्रेष्ठले आफू आमा भएर सन्तान गुमाउँदा र सन्तान भएर आमा गुमाउँदाका दुईथरी पीडाको भोगाइ एवम् वेदनाका स्वरलाई यी दुई शोक काव्यमा अभिव्यक्त गरेकी छन् । वर्ण विन्यासगत त्रुटीका साथै शिल्प संरचनामा केही शिथिल श्रेष्ठका काव्यहरू भाव सम्प्रेषणका दृष्टिले सफल रहेका छन् ।

## ४.१३ सन्ध्या रेग्मी र उनका कृतिको अध्ययन

सन्ध्या रेग्मीको जन्म वि.सं. २०३८ फागुन ४ गते सल्यान जिल्लाको छायाँक्षेत्र गा.वि.स. वडा नं. १ शङ्खमूलमा भएको हो । उनी पिता डिल्लीराज रेग्मी तथा माता मीना रेग्मीका कोखबाट जन्मिएकी हुन् । स्नातकसम्मको औपचारिक अध्ययन पूरा गरेकी रेग्मी पत्रकारिता पेसामा संलग्न छन् ।

२०५९ सालमा **छहरा** पत्रिकामा *मेरो गाउँ फर्काऊ* शीर्षकको कविता प्रकाशित गरी साहित्य सिर्जनाको यात्रा आरम्भ गरेकी रेग्मीको **मेरो परिवेश** (२०६७) कविता सङ्ग्रह प्रकाशित छ । यसका अतिरिक्त विभिन्न पत्रपत्रिहरूमा निरन्तर रूपमा फुटकर रचनाहरू प्रकाशित गर्दै आएकी रेग्मी विभिन्न पुरस्कारद्वारा सम्मानित नारी स्रष्टा हुन् । उनले प्राप्त गरेका पुरस्कारहरू यसप्रकार छन् :

- नारायण सल्यानी स्मृति प्रतिभा पुरस्कार (२०६०-लेखक सङ्घ दाङ)
- नन्दराम कौशीला भण्डारी पुरस्कार (२०६१-दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान)
- विष्णु नुमा प्रतिभा पुरस्कार (२०६७-राप्ती साहित्य परिषद्) आदि ।

**मेरो परिवेश** (२०६७) कविता सङ्ग्रह सन्ध्या रेग्मीको एक मात्र प्रकाशित कृति हो । डिल्लीराज रेग्मी प्रकाशक रहेको यस सङ्ग्रहमा रेग्मीका चालीसओटा गद्य कविताहरू समावेश गरिएका छन् । विषयसूची अनि शीर्षक सङ्ख्या हेर्दा बयालीसओटा कविता रहेको देखिन्छ तर दुईओटा कविताको शीर्षक परिवर्तन मात्र भई पुनरावृत्ति भएका कारण त्यस्तो भएको देखिन्छ । पृष्ठ १३ को *नारी तिमी* र पृष्ठ ३५ को *आह्वान* शीर्षकको कवितामा खाली बीच बीचमा मात्र छ हरफ फरक र अरू जम्मै ३१ हरफ मिल्ने भएकाले यो कविता एउटै भएको देखिन्छ । त्यसैगरी पृष्ठ ३२ को *आगमन* शीर्षकको कविता र पृष्ठ ४९ को *आजकल आवाज* शीर्षकको कवितामा एक पङ्ति त्यो पनि पृष्ठ ३२ को कवितामा पृष्ठ ४९ को कविताको शीर्षक सुरुकै एक पङ्तिका रूपमा रहेको छ र अरू जम्मै हुबहु रहेको छ । यसबाट ४२ ओटा शीर्षक भए पनि जम्माजम्मी ४० ओटा कविता यस सङ्ग्रहमा सङ्गृहीत भएको देखिन्छ ।

रेग्मीको प्रस्तुत सङ्ग्रहका कविताहरू मुख्य रूपमा नारी समस्यामा केन्द्रित छन् । त्यस बाहेक उनका कवितामा राष्ट्रवादी चेतना, प्रेम प्रणय, राजनीतिक विकृति, विसङ्गति लगायतका विविध विषयहरू रहेका छन् । विश्वको आधा धर्ती ढाकेका नारीहरूले लैङ्गिक असमानताका कारण भोग्दै आएका अन्याय, अत्याचार, शोषण, उत्पीडन तथा पीडा, व्यथाहरूको मार्मिक चित्रण गर्दै कवि रेग्मी आफ्ना भावना यसरी व्यक्त गर्दछिन् :

*आधा धर्ती ओगटेको भनिने*
*मेरो भूगोलको घेराभित्रै*
*किन मेरा दिदीबहिनीहरू बलात्कृत छन् ?*
*खै कहाँ छ लैङ्गीक समानता ?*
*आज पनि*
*मेरा हातहरू*
*असमानताका फलामे जञ्जीरहरूले*
*बाँधिएका छन् (मेरो परिवेश, पृ. १) ।*

प्रजातन्त्रका नाममा जनताका बुइँ चढी सत्ताको बाग्डोर सम्हाल्दै जनताकै छातीमा लात मार्ने देशका नाइकेहरू जसले सिङ्गो नेपाललाई विभिन्न बहानामा खण्डित पार्न चाहन्छन् । उनीहरूलाई औँला ठड्याउँदै अब जनता बाठा भइसकेका छन् र तिम्रा पिछलग्गु भएर बस्नेवाला छैनन् भन्दै रेग्मीले यस्तो खबरदारी गरेकी छन् :

*कहिले सङ्घीयताको नाममा*
*त कहिले जातीयताको नाममा*
*पटक-पटक प्रजातन्त्र खोक्रो पार्न*
*षडयन्त्र बुन्नेहरू*
*......*
*खबरदार जनता जागिसके*
*तिम्रा खोक्रा भाषण*
*तिम्रा झुठा प्रतिबद्धता*
*जनताले बुझिसके (मेरो परिवेश, पृ. ४८) ।*

रेग्मीका कवितामा प्रेमका सुन्दर अभिव्यक्ति पनि पाइन्छन् । प्रेम विनाको जीवन सायद सम्भव हुँदैन, मानिस कुनै न कुनै रूपमा प्रेमको पूजारी हुन्छ । त्यसैले त रेग्मी प्रेम प्रणयका सुन्दर भावहरू यसरी अभिव्यक्त गर्न पुगेकी छन् :

*श्वेत रात्रीको अँगालोमा*
*कतै प्रेम बहानामा*
*प्रेमिल गफ !*
*मात्र तिमी र म (मेरो परिवेश, पृ. ३१) ।*

यसरी कवि रेग्मीको प्रस्तुत **मेरो परिवेश** कविता सङ्ग्रहका कविताहरूमा विषयगत विविधता रहेको पाइन्छ तापनि प्रमुख रूपमा नारी अस्तित्वको खोजी गर्दै नारीका हकहितका लागि आवाज बुलन्द भएका छन् । प्रस्तुत सङ्ग्रहका कविताहरू शिल्प संरचनाका दृष्टिले केही शिथिल देखिन्छन् । वर्ण विन्यासगत त्रुटीका साथै कविताको पुनरावृत्ति पनि यसमा रहेका कमजोर पक्ष हुन् तर भाव सम्प्रेषणका दृष्टिले भने रेग्मीका कविताहरू ज्यादै सशक्त रहेका छन् ।

## ४.१४ सुषमा घिमिरे र उनका कृतिको अध्ययन

सुषमा घिमिरेको जन्म वि.सं. २०२३ असोज २७ गते दाङ जिल्लाको बिजौरी गा.वि.स. वडा नं. ५ बिजौरीमा भएको हो । उनी पिता रामकुमार गौतम तथा माता मनादेवी गौतमका कोखबाट जन्मिएकी हुन् । स्नातकोत्तरसम्मको औपचारिक अध्ययन पूरा गरेकी घिमिरे राजनीतिमा एक अगुवा नारी हुन् । राजनीतिक जीवन बिताइरहेकी घिमिरेको **युग आवाज** (२०६७) कविता सङ्ग्रह प्रकाशित छ ।

**युग आवाज** कविता सङ्ग्रह सुषमा घिमिरेको एक मात्र प्रकाशित कृति हो । विवेक सिर्जनशील प्रा.लि. काठमाडौँ प्रकाशक रहेको यस कृतिमा कवि घिमिरेका जीवनका विभिन्न कालखण्डमा रचना गरिएका ४६ ओटा छन्दोबद्ध कविताहरू समावेश छन् । यस सङ्ग्रहका कविताहरूमा प्रकृतिको सुन्दर चित्रण, देश प्रेम, शोषित पीडित वर्गको अवस्था एवम् अन्याय, अत्याचारका विरुद्ध क्रान्तिको अपरिहार्यता लगायतका विविध विषयहरू रहेका छन् ।

प्रकृतिलाई सन्तानका भोक, प्यास मेट्ने ममतामयी आमाका रूपमा हेर्दै प्रकृतिको सुन्दरता एवम् सौम्यताको वर्णन गरिएका कवि घिमिरेका भावनाहरू यसरी प्रकट भएका छन् :

*हाँस्छे एक्लै प्रकृति रसिलो सौम्यताभित्र हुन्छे*
*गाली गर्दा पनि हृदयको मातृवात्सल्य छर्छे*
*जौँ बारीका डिल वरिपरी घुम्दछे ज्योति छर्दै*
*भोका रित्ता उदरहरूका निम्ति मङ्सिर बन्दै (युग आवाज, पृ. ३२) ।*

त्यस्तै उनले दिनानुदिन देशको सीमा अतिक्रमण भइरहेको र त्यसलाई टुलुटुलु हेरी बस्ने देशका नाइकेहरूको दास मनोवृत्तिले राष्ट्रको अस्तित्व नै समाप्त हुने हो कि भन्ने चिन्ता प्रकट गर्दै राष्ट्रिय भावनाले ओतप्रोत भएका विचारहरू व्यक्त गर्दछिन् :

*कैले लुट्छ मलाई त्यो दशगजा सुस्ता कतै लुट्दछ*
*कैले बुट बजारिँदा हृदयमा जङ्गे पिलर दुख्दछ*
*मेरो स्वत्त्व लुटेर हिँड्छ अरूले हेरेर बस्छौ कति*
*ए आमा ! म त नाङ्गिएर कपडा माग्दैछु पर्दा पछि (.युग आवाज, पृ. २८) ।*

नेपालीहरू आफ्नो सभ्यता र संस्कृतिलाई बिर्सेर दिनानुदिन आधुनिकताको नाममा पाश्चात्य संस्कृतिको भासमा भासिँदै गएको बिडम्बनापूर्ण वर्तमान स्थितिप्रति गम्भीर हुँदै कवि घिमिरे यस्ता भावहरू प्रकट गर्दछिन् :

*कस्तो भ्रष्ट कुसंस्कृतिको जग यहाँ खन्दैछ पाश्चात्यले*
*कस्तो संस्कृति भित्रिदैछ यसरी गिर्दैछ मान्छे अरे*
*नापिन्छन् जब अङ्ग-अङ्ग बनी ती लौ सुन्दरी बन्नेमा*
*तौलिन्छन् मन मानुषी प्रकृति लौ कस्तो अहो कल्पना (युग आवाज, पृ. १०१) ।*

शोषित, पीडित वर्गका पक्षमा उभिदै वर्गीय सङ्घर्षका स्वरहरू कवि घिमिरेले कवितामा अभिव्यक्त गरेकी छन् । त्यस्तै शोषक, पीडक वर्गप्रति शोषित, पीडित वर्गले दिएका चेतावनीयुक्त आवाज बुलन्द भएका भावहरू यसरी अभिव्यक्त भएका छन् :

*बेला अर्कै भयो हामी सर्वहारा उठ्यौं*
*खुल्दैन किन त्यो चेत चुसेर बाँच्न खोज्दछौ ?*
*फटाहा जालीका जाल अब हुन्छन् धुजाधुजा*
*बन्छ संसार यो अर्कै जालीको हुन्छ दुर्दशा (युग आवाज, पृ. ३९) ।*

यसरी कवि घिमिरेको प्रस्तुत सङ्ग्रहका कविताहरूमा प्रकृति, संस्कृति, राष्ट्रियता, वर्ग सङ्घर्ष लगायतका विभिन्न विषयवस्तुलाई सुन्दर एवम् सहज रूपमा प्रस्तुत गरिएको छ । उनका कविताहरू छन्द, लय, भाव, बिम्बालङ्कार आदिको समुचित प्रयोगले सुन्दर एवम् सुललित बनेका छन् ।

## ४.१५ आशा न्यौपाने र उनका कृतिको अध्ययन

आशा न्यौपानेको जन्म वि.सं. २०१२ मङ्सिर २३ गते दाङ जिल्लाको मानपुर गा.वि.स. वडा नं. ३ मजगाउँमा भएको हो । उनी पिता मीनचन्द्र पोखेल तथा माता विष्णुदेवी पोखेलका कोखबाट जन्मिएकी हुन् । न्यौपानेको **सम्झना** (२०६७) शोक काव्य प्रकाशित छ ।

**सम्झना** शोक काव्य आशा न्यौपानेको एक मात्र प्रकाशित कृति हो । खगराज न्यौपाने प्रकाशक रहेको प्रस्तुत शोक काव्य आफन्तजन गुमाउनु पर्दाका पीडाजन्य अनुभूतिहरूको सङ्गालो हो । भाग १,२ र ३ गरी ३ भागमा विभक्त यस काव्यमा पहिलो भागमा कविका बाल्यकालका स्मरणका साथै बाबुको मृत्युले गर्दा घर परिवारमा परेको पीडाबोध, दोस्रो भागमा जन्मघरबाट कर्मघरबाट कर्मघर जाँदाका अनुभूति एवम् हजूर आमाको मृत्युको प्रसङ्ग र तेस्रो भागमा जन्मदिने आमाको सन्तानप्रतिको माया, ममताको स्मरण गर्दै त्यस्ती ममतामयी आमाको मृत्युले पारेको आघात लगायतका प्रसङ्ग रहेका छन् ।

कवि न्यौपानेले आफ्ना पिताको मृत्युले गर्दा परिवारमा पर्न गएको बज्रपातजन्य पीडालाई कारुणिक स्वरमा यसरी अभिव्यक्त गर्दछिन् :

*शोकको तापले गर्दा मुर्झायो परिवार यो*
*निकै पीडक भो यस्तो भव-रीत अपारको*
*घरको फूलबारीका थिए मुर्छित मञ्जरी*
*बाबा सम्झी सधैं आमा रुनुहुन्थ्यो कठैबरी (सम्झना, पृ. ३) ।*

उनी छोरी मान्छे भएपछि एक दिन जन्मघर छाडी कर्मघर जानु नै पर्ने प्राकृतिक नियम भएको र त्यही अनुरूप आफन्तजनहरूले आफ्ना लागि सुयोग्य बरको खोजी गरेको प्रसङ्गलाई यसरी स्मरण गर्दछिन् :

*भयो सुपात्रको खोजी एक्लै बित्दैन जीवन*
*दाम्पत्य सूत्रमा बाँधी जिम्मा लगाउन मन*
*यस्तै विचारमा रम्दै आफन्तमा जनाउँदै*
*बिहेका बात गर्दैथे सुस्तरी गुन्गुनाउँदै (सम्झना, पृ. ८) ।*

सृष्टिकी स्रोतका रूपमा रहेकी आमाको महानताको महिमागान गर्दै कवि न्यौपाने आफ्ना भावहरू यसरी प्रकट गर्दछिन् :

*सृष्टिकै स्रोत हुन् आमा बिम्ब मातृत्वकै पनि*
*जगताधार हुन आमा यिनी वात्सल्यकी धनी*
*खोल्दछिन् ज्ञानका आँखा सन्तानका सधैँधरि*
*परोपरकारको भाव आमा दिन्छिन् मनैभरि (सम्झना, पृ. १४) ।*

त्यस्ती ममतामयी आमाको वात्सल्य प्रेम तथा ममत्वबाट सदासदाका लागि बिछोडिनु पर्दा व्यथित भएकी उनी मनका कारुणिक आवाजलाई यसरी व्यक्त गर्दछिन् :

*कसरी सहने मैले मातृवियोगको व्यथा*
*कसले सुनिदेला यो हाम्रो सम्बन्धको कथा*
*मनभित्र सङ्गालेका गरुँ बात म कोसँग*
*चाहे नि बोल्न सक्दैन एक शब्द तिमीसँग (सम्झना, पृ. १८-१९) ।*

यसरी कवि न्यौपानेले आफ्ना जीवनका विभिन्न कालखण्डमा घटेका घटनाहरूलाई प्रस्तुत शोक काव्यको विषयवस्तु बनाएकी छन् । **सम्झना** शोक काव्य विशेषतः आमाको सम्झना स्वरूप तयार पारिएको हो तापनि यसमा कवि परिवारका अन्य सदस्यहरूका स्मरणका साथै मृत्युले गर्दा उत्पन्न पीडाबोध समेत व्यक्त भएका छन् । शिल्प संरचना पक्ष कमजोर रहेको यस काव्य भाव सम्प्रेषणका दृष्टिले सफल रहेको छ ।

## ४.१६ रुक्मिणी उपाध्याय र उनका कृतिको अध्ययन

रुक्मिणी उपाध्यायको जन्म वि.सं. २०४७ वैशाख १९ गते स्याङ्जा जिल्लाको तुलसीभञ्ज्याङ-५ मा भएको हो । उनी पिता पिताम्बर उपाध्याय तथा माता दोमा कुमारी

उपाध्यायका कोखबाट जन्मिएकी हुन् । नर्सिङ पेशमा संलग्न उपाध्याय दाङलाई कर्मथलो बनाई साहित्य सिर्जनामा लागेकी नारी स्रष्टा हुन् । उनले स्वास्थ्य सेवासँग नजिक रहेर काम गर्दा देखेका भोगेका तथा केही काल्पनिक भावहरूलाई सङ्गालेर **चर्किएको ऐना र बिम्ब** (२०६७) गजल सङ्ग्रह प्रस्तुत गरेकी छन् ।

**चर्किएको ऐना र बिम्ब** (२०६७) गजल सङ्ग्रह उपाध्यायको एक मात्र प्रकाशित कृति हो । उदय आले प्रकाशक रहेको कृतिमा उपाध्यायका पचासओटा गजल समावेश गरिएका छन् । यस सङ्ग्रहमा सङ्गृहित उनका अधिकांश गजलहरू प्रेमसँग सम्बन्धित छन् । कतै प्रेम प्रणयका भावाभिव्यक्ति छचल्किएका छन् भने कतै प्रेम पीडाका उच्छ्वासहरू प्रकट भएका छन् । प्रेमका अतिरिक्त उनका गजलमा राष्ट्र प्रेम, वर्तमान सामाजिक, सांस्कृतिक, राजनीतिक विकृति, विसङ्गतिको यथार्थ अङ्कन, हत्या, हिंसाको विरोध तथा शान्तिको कामना लगायतका विविध विषयवस्तु रहेका छन् ।

प्रेम विनाको संसार सम्भव छैन त्यसैले त हरेक प्राणी प्रेम चाहन्छ । त्यसमा पनि मानिस प्रेम विना निराश एवम् उदास हुन्छ । प्रेमका कारण आफ्ना दुःख एवम् पीडालाई भुल्दै मानिस जीवन मार्गमा अघि बढ्दछ । त्यसैले त गजल स्रष्टा रुक्मिणी उपाध्याय प्रेम प्रणयका सुन्दर वर्णन गरिएका आफ्ना गजलीय भावहरू यसरी व्यक्त गर्दछिन् :

*मुटुभित्र बसेकी छ्यौ भन्दै हात समाई*
*तिम्रो मुटु मेरोमा पो सरे जस्तो लाग्छ*
*सपनी र विपनीमा आइदेऊ फेरि*
*वेदना र पीडा सबै टरेजस्तो लाग्छ (चर्किएको ऐना र बिम्ब, पृ. ४) ।*

उनले प्रेमीबाट पाएका धोका एवम् विश्वासमाथिका ठेसले गर्दा पीडित आवाजलाई पनि आफ्ना गजलमा अत्यन्त सहजताका साथ प्रस्तुत गरेकी छन् । जसलाई आफ्नो जीवनको आधार ठानी मन मुटुमा सजाएर राख्यो त्यही व्यक्तिबाट मायामा पाएका चोटहरूले गर्दा जीवन जिउनुको कुनै अर्थ नभएको निस्सारता बोधका अभिव्यक्ति तलका गजलमा पाइन्छन् :

*न मर्नु न बाँच्नु भयो जिन्दगी*
*त्यसैले त जीवन निराधार पाएँ*
*अर्थहीन लाग्छ जीवन विना तिम्रो साथमा*
*ज्यूँदो लास सरी भा'छु आज तिम्रो यादमा (चर्किएको ऐना र बिम्ब, पृ. ४२) ।*

उपाध्याय गरिबीका कारण जनताहरू एक छाक खान र एक सरो लाउन नपाएर तड्पिरहेका छन् भने जनताका लागि केही गर्न भनि चुनिएर गएका नेताहरू जनतालाई

बेवास्ता गर्दै आफ्नो दुनो सोभ्याउनतर्फ तल्लीन रहेको वर्तमान राजनीतिमा देखिएको विकृतिजन्य यथार्थलाई यसरी प्रस्तुत गर्दछिन् :

*एक गास एक सरो छैन कसैलाई*
*चिल्ला कार पाँचतारे जान्छन् माती माती*
*पहिला स्वार्थ पूरा गर्छन् मौका पाएपछि*
*देश अनि जनताका काम राखी थाँती (चर्किएको ऐना र बिम्ब, पृ. २८) ।*

उनका गजलहरू संरचना, लय, भाव आदिको समुचित प्रयोगले सुन्दर रहेका छन् । दङाली साहित्यको विकासमा उनको यो सङ्ग्रहले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

## ४.१७ निलम शर्मा ओली र उनका कृतिको अध्ययन

निलम शर्मा ओलीको जन्म वि.सं. २०५४ मङ्सिर २२ गते दाङ जिल्लाको घोराही नगरपालिका वडा नं. ११ रतनपुरमा भएको हो । उनी पिता सागर ओली तथा माता विनिता शर्मा ओलीका कोखबाट जन्मिएकी हुन् । शर्मा अहिले कक्षा दशमा अध्ययनरत छन् ।

कक्षा ६ मा पढ्दा नै साहित्य सिर्जनामा लागेकी निलमको २०६५ सालमा **युगबोध**मा प्रकाशित *मेरो सुन्दर नेपाल* शीर्षकको कविता पहिलो प्रकाशित रचना हो । ११ वर्षकै उमेरमा साहित्य सिर्जनामा समर्पित ओलीको **यात्रा** (२०६८) कविता सङ्ग्रह प्रकाशित छ । बाल नारी स्रष्टा ओलीले 'महेश साहित्य सर्जक पुरस्कार-२०६७' तथा १९ नम्बर बाहिनी अड्डा तुलसीपुर दाङबाट कदर पत्र प्राप्त गरेकी छन् ।

**यात्रा** कविता सङ्ग्रह निलम शर्मा ओलीको एक मात्र प्रकाशित कृति हो । सागर ओली तथा विनिता शर्मा ओली प्रकाशक रहेको प्रस्तुत कविता सङ्ग्रहमा ४५ ओटा कविताहरू समावेश गरिएका छन् । यस सङ्ग्रहका कविताहरूमा बाल अधिकार, देश प्रेम, नारीप्रति गरिने शोषण, दमन, गरीब जनताले भोग्नु परेका पीडा, व्यथा, समाजमा विद्यमान विभिन्नखाले विकृति, विसङ्गति लगायतका विषयहरू रहेका छन् ।

बाल स्रष्टा ओलीले भोलिका कर्णधार बालबालिकाहरूलाई बेवास्ता गरेकामा रोष प्रकट गर्दै बालअधिकार सुनिश्चित हुनुपर्ने विचार यसरी व्यक्त गर्दछिन् :

*किन हो ?*
*कसैले नगरेको बालकलाई सरोकार*
*के हामी राष्ट्रका कर्णधार होइनौँ ?*
*.....*
*अब अति भो सरकार*
*चाहियो हामीलाई बाल अधिकार (यात्रा, पृ. १३) ।*

शिक्षा सबैका लागि अपरिहार्य भएको विचार व्यक्त गर्दै शिक्षा विनाको मानिस संसारमा पूज्य बन्दैन भन्दै शिक्षाको महत्त्व दर्शाएका उनका सुन्दर भावहरू यसप्रकार रहेका छन् :

*शिक्षा विना रहेनछ यो संसारमा काम*
*पढ लेख ज्ञानी बन चल्छ ठूलो नाम*
*धेरै शिक्षा पाएकालाई भन्छौं हामी विद्वान*
*शिक्षा नै रहेछ है सबैभन्दा महान् (यात्रा, पृ. १५) ।*

संस्कृतिका नाममा गरिने पशुहरूको मारकाट तथा चाडपर्वमा खेलिने जुवा तासजस्ता विकृतिहरूको अन्त्य हुनुपर्ने चाहना राख्दै उनी अगाडि भन्छिन् :

*कहिले अन्त्य हुने होला बली हान्ने प्रथा ?*
*संस्कृतिलाई विकृतिमा लगिरा'छन् जनता*
*जुवातास खेलेर मान्छन् चाडवाड*
*कहिलेसम्म अन्त्य होला बली कारकाट ? (यात्रा, पृ. ३५) ।*

बाल कवि निलम शर्मा ओलीका कवितामा विषयगत विविधता पाइन्छ । १३ वर्षकै कलिलो उमेरमा नै कविता कृति प्रकाशित गर्न सफल उनका कविताका संरचनात्मक पक्षहरू हेर्दा थुप्रै कमी कमजोरीहरू रहेका देखिन्छन् तर बाल्यावस्थामा नै यत्तिको साहित्यिक कृति उनीबाट रचिनुलाई उपलब्धिपूर्ण मान्न सकिन्छ । संरचनात्मक पक्ष छोडी भाव पक्षलाई मात्र हेर्दा उनका कविताहरू निकै सशक्त रहेका छन् ।

## ४.१८ ईश्वरी कुमारी बस्नेत र उनका कृतिको अध्ययन

ईश्वरी कुमारी बस्नेतको जन्म वि.सं. २०१८ वैशाख १५ गते दाङ जिल्लाको घोराही नगरपालिका वडा नं. ६ मसिनामा भएको हो । उनी पिता जगत बहादुर के.सी. तथा माता छमादेवी के.सी.का कोखबाट जन्मिएकी हुन् । आठ कक्षासम्मको औपचारिक अध्ययन पूरा गरेकी उनको **सन्देशमूलक गीतहरू** (२०६८) गीति सङ्ग्रह प्रकाशित छ ।

**सन्देशमूलक गीतहरू** ईश्वरी कुमारी बस्नेतको एक मात्र प्रकाशित कृति हो । सत्रओटा लघु आयामका सन्देशमूलक गीतहरू रहेको लघु आकारकै प्रस्तुत गीति सङ्ग्रहमा कवि बस्नेतले विभिन्न पेशामा संलग्न व्यक्तिहरूलाई सचेत बनाउने उद्देश्य राखेकी छन् । नेता, विद्यार्थी, अभिभावक, शिक्षक, डाक्टर, ड्राइभर लगायतका व्यक्तिहरूलाई उनले आफ्ना गीत मार्फत कर्तव्यको बोध गराएकी छन् । त्यसैगरी बेचिएका चेलीका पीडा, व्यथाको चित्रण गर्दै त्यसबाट बच्न आह्वान गर्दै हत्या, हिंसाको अन्त्य तथा शान्तिको कामना पनि उनका गीतमा रहेको पाइन्छ ।

महिलाहरू छोरी तथा बुहारी जुनसुकै अवस्थामा हुँदा पनि स्वतन्त्रसँग बाँच्न पाएका छैनन् । जहिले पनि उनीहरू विभिन्न बन्धनहरूमा बाँधिनु पर्ने बाध्यतालाई आफ्ना गीतमा उनले यसरी प्रस्तुत गरेकी छन् :

*छोरी हुँदा मिलेन कै जान*
*बुहारी हुँदा परियो बन्धन*
*औँशी र पुण्य आउँछन्*
*पन्ध्र पन्ध्र दिनमा*
*महिलालाई भने छैन*
*सुख कुनै दिनमा (**सन्देशमूलक गीतहरू,** पृ. ३) ।*

शिक्षाको महत्त्वलाई दर्शाउँदै विद्यार्थीहरूले लेख्ने पढ्ने उमेरमा कतै दायाँ बायाँ नगरी पढाइमा ध्यान दिनुपर्छ भन्ने सन्देश तलका पङ्तिमा अभिव्यक्त भएका छन् :

*भाइ बहिनी पढ्न लेख्न नखाए हार*
*भोलिका हौ तिमी हेर कर्णधार*
*घुमेर जाला बाबु हो पढ्ने उमेर (**सन्देशमूलक गीतहरू,** पृ. १४) ।*

विभिन्न सन्देश दिने उद्देश्य स्वरूप लेखिएको बस्नेतको प्रस्तुत गीति सङ्ग्रह संरचनाका दृष्टिले अत्यन्तै फितलो रहेको छ । वर्णविन्यासगत त्रुटीहरूको पनि त्यत्तिकै आधिक्य रहेको यो लघु कृति भाव सम्प्रेषणका दृष्टिले भने सफल नै रहेको मान्नुपर्ने हुन्छ ।

## ४.१९ निष्कर्ष

बनारसबाट प्रकाशित हुने **उदय** पत्रिकामा २००३ सालमा छापिएको सुशीला शर्मा घिमिरेको निबन्धात्मक लेखबाट आरम्भ भएको दाङको नारी लेखन परम्पराले वर्तमानसम्म आइपुग्दा झन्डै सात दशकको समयावधि पार गरिसकेको छ । बदलिँदो समयसँगै साहित्यिक क्षेत्रमा नारीहरूको सहभागिता बढ्दै गएको छ । पहिलो चरणमा रहरले लेख्ने गरेका नारी स्रष्टाहरूले पछिल्लो चरणमा साहित्यिक जिम्मेवारीबोधका साथ साहित्य सिर्जनामा लागेका छन् । दाङको सन्दर्भमा पनि बढी नारी स्रष्टाहरूले कविता विधामा नै कलम चलाएका छन् । दङाली नारी कवि परम्परामा बुनू लामिछाने महत्त्वपूर्ण प्राप्ति हुन् । कविता विधामा सशक्त रूपमा देखिएका दङाली नारी स्रष्टाहरूले नेपाली साहित्यको विकासमा समेत महत्त्वपूर्ण भूमिका खेल्दै आएका छन् । व्यावहारिक कठिनाइका अतिरिक्त पनि साहित्यिक क्षेत्रमा देखिएको नारीहरूको सहभागिताले दङाली नारी लेखन परम्परालाई मजबूत बनाउँदै लगेको छ ।

## परिच्छेद : पाँच

# दाङका नारी गद्यकारहरूको सङ्क्षिप्त परिचय र तिनका कृतिको अध्ययन

### ५.१ विषय प्रवेश

गद्य लेखनबाट सुरु भएको दाङको नारी लेखन परम्परा विकासक्रममा भने कविता विधाभन्दा पछाडि परेको छ । २००३ सालमा बनारसबाट प्रकाशित **उदय** पत्रिकामा निक्लेको सुशीला शर्मा घिमिरेको निबन्धात्मक लेखबाट दाङको नारी लेखन परम्पराको सुरुआत भएको देखिन्छ । २००३ सालबाट सुरु भएको नारी लेखन परम्पराले पाँच दशक बढी समय पार गरिसकेपछि मात्र कृति प्रकाशनलाई आत्मसात गरेको पाइन्छ । अझ गद्य विधाको पहिलो कृति २०६१ सालमा आएर मात्र प्रकाशित भएको छ । २०५८ सालमा प्रकाशित बुनू लामिछानेको **सुलोचना महाकाव्यको विश्लेषण** समालोचनात्मक कृति दङाली नारी गद्य साहित्यको पहिलो कृति हो । झन्डै छ दशकको अवधि पार गरिसकेपछि मात्र दङाली नारी गद्य परम्परामा कृति प्रकाशित भएको देखिन्छ । बुनू लामिछानेबाट सुरु भएको दाङको गद्य कृति प्रकाशन शृङ्खलालाई सरस्वती पोखेल, बिन्दु शर्मा, उर्मिला लामिछाने, किरण पन्थी पाण्डेय, सरला रेग्मी, शारदा शर्मा र झुपा ओलीले निरन्तरता दिएका छन् । गद्य लेखनबाट सुरु भएको दङाली नारी लेखन परम्परामा गद्य विधाका कृति प्रकाशन भने निकै कम भएको देखिन्छ । दाङको नारी गद्यलेखन परम्परा कृति प्रकाशन भन्दा पत्रपत्रिकाहरूमा फुटकर रूपमा बढी विकसित भएको छ । दङाली नारी गद्यलेखन परम्परालाई अघि बढाउन पत्रपत्रिकाहरूको भूमिका सराहनीय रहेको छ । फुटकर रूपमा पत्रपत्रिकामा रचना प्रकाशित गरी आफ्नो क्षमतालाई अभिबृद्धि गरेपछि मात्र स्रष्टाहरूले कृति प्रकाशन गरेबाट पनि यसको पुष्टि हुन्छ । पत्रपत्रिकाहरूले नवप्रतिभाहरूको लेखनमा निखारता ल्याउँदै प्रतिष्ठित बनाउन ठूलो भूमिका खेल्दै आएका छन् । न्यून सङ्ख्यामा देखिएका नारी स्रष्टाहरूको गद्यलेखनमा झनै न्यून उपस्थिति रहेको देखिन्छ । व्यावहारिक समस्याका अतिरिक्त दङाली नारी स्रष्टाले सिर्जना कर्ममा देखाएको रुचिलाई भने महत्त्वपूर्ण मान्नु पर्दछ । क्रमशः दाङको नारी गद्य लेखन परम्परा पनि समृद्ध बन्दै गएको छ ।

आख्यान तथा आख्यानेतर गद्यलाई समेटिएको यस अध्यायमा गद्य विधाका कृति प्रकाशित गर्ने दङाली नारी स्रष्टाहरूको सङ्क्षिप्त परिचय र तिनका कृतिहरूको अध्ययन गरिएको छ । प्राथमिकता क्रममा कृति प्रकाशनको समयलाई आधार बनाइएको छ ।

## ५.२ सरस्वती पोखेल र उनका कृतिको अध्ययन

सरस्वती पोखेलको जन्म वि.सं. २०२० वैशाख १४ गते प्यूठान जिल्लाको खैरामा भएको हो । उनी पिता हरिप्रसाद शर्मा आचार्य तथा माता शारदादेवी आचार्यका कोखबाट जन्मिएकी हुन् । विद्यावारिधिसम्मको औपचारिक अध्ययन पूरा गरेकी पोखेल प्राध्यापन पेशामा संलग्न छन् ।

साहित्य लेखन र शास्त्र चिन्तनमा रुचि राख्ने सरस्वती पोखेलका संस्कृत र नेपाली भाषाका थुप्रै कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । महेन्द्र विद्याभूषणबाट विभूषित पोखेल भरतमणि घिमिरे शारदादेवी साहित्य पुरस्कार (२०५५-लेखक सङ्घ दाङ), स्वामी अद्वैतानन्द सर्जक प्रतिभा पुरस्कार (२०५८-साहित्य तथा संस्कृति प्रतिष्ठान दाङ), विष्णुनुमा पुरस्कार (२०५९-राप्ती साहित्य परिषद्) आदिद्वारा सम्मानित नारी प्रतिभा हुन् । उनको **बिछोडका पाइला** (२०६१) उपन्यास प्रकाशित छ ।

**बिछोडका पाइला** उपन्यास पोखेलको एकमात्र प्रकाशित कृति हो । श्रीमती प्रभालक्ष्मी राणा प्रकाशक रहेको प्रस्तुत उपन्यास १५ परिच्छेदमा विभाजित छ । नेपालको ग्रामीण क्षेत्रको पारिवारिक, सामाजिक तथा आर्थिक अवस्थाको चित्रण पाइने यस उपन्यासमा काम र मामको खोजीमा मुगलान पस्न बाध्य गरिब नेपालीहरूको अवस्थालाई देखाइएको छ । उपन्यासको प्रमुख पात्र रम्दीकोटेजस्ता थुप्रै नेपालीहरू परिवार र देशको मायालाई मुटुभरी राखेर सुखद भविष्यका लागि आफ्नो देशमा रोजगार नपाई विदेशी भूमिमा आफ्नो श्रम र सीप खर्चिरहेको वर्तमानको यथार्थता उपन्यासमा चित्रित छ । चेलिबेटी बेचबिखनका विरुद्ध आवाज उठाइएको प्रस्तुत उपन्यासमा व्यक्तिको जुक्ति र बुद्धिले कठिन कामहरू पनि सहजताका साथ गर्न सकिने धारणा व्यक्त गरिएको छ । ग्रामीण पहाडी परिवेशका साथै भारतका विभिन्न स्थानहरूको परिवेशलाई समेटेको यो उपन्यासमा उच्च राष्ट्रभावना रहेको पाइन्छ । आफ्नो आर्थिक अवस्था सुधार्नका लागि विदेशिएको रम्दिकोटे मुगलानी ठाउँमा आपतमा परेका नेपालीहरूको उद्धारमा अनेक दुःख कष्ट सहेर पनि हरपल हाजिर हुन्छ । आफ्नो दुःखभन्दा पनि अर्काको दुःखमा मर्माहत हुने उसमा आफ्नो धर्म, संस्कृति र रीतिरिवाजको गहिरो प्रभाव पाइन्छ । देश छाडेर बाहिर गए पनि आफ्नो धर्म, संस्कृति एवम् भेषभुषालाई उसले कहिल्यै छाडेको छैन । यसबाट नेपालीहरू जहाँ गए पनि आफ्नो राष्ट्रियता, धर्म, संस्कृति एवम् परम्परालाई भुल्दैनन्, राष्ट्रप्रेम हुन्छ र हुनुपर्छ भन्ने अभिव्यक्ति उपन्यासमा पाइन्छ ।

नेपाली भाषा, संस्कृति, राष्ट्रियताप्रति अगाध स्नेह प्रकट गरिएको यस उपन्यासमा आफ्नो निजी स्वार्थभन्दा माथि उठी सामूहिक हितका लागि समर्पित हुनुपर्ने धारणा अभिव्यक्त भएको पाइन्छ । सरल एवम् सहज भाषा शैलीको प्रयोग पाइने यस उपन्यासमा ठाउँ-ठाउँमा उखान टुक्काको प्रयोगले रोचकता प्रदान गरेको छ । प्यूठान तथा अर्घाखाँचीतिर

बोलिने भाषिकाको प्रयोगका साथै केही अङ्ग्रेजी तथा संस्कृत शब्द तथा आवश्यकताअनुसार हिन्दी भाषाको पनि यथेष्ट प्रभाव उपन्यासमा पाइन्छ । दङाली साहित्यको गद्य विधाको उन्नयनमा पोखेलको यस उपन्यासले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

## ५.३ बिन्दु शर्मा र उनका कृतिको अध्ययन

बिन्दु शर्माको जन्म वि.सं. २०३३ वैशाख १८ गते उरहरी-२ कचिली दाङमा भएको हो । उनी पिता वलदेव शर्मा तथा माता यज्ञ कुमारी शर्माका कोखबाट जन्मिएकी हुन् । स्नातकोत्तरसम्मको औपचारिक अध्ययन पूरा गरेकी शर्मा प्राध्यापन पेशामा संलग्न छन् ।

२०५६ सालमा काठमाडौँबाट प्रकाशित हुने **मिर्मिरे** पत्रिकामा गीत प्रकाशित गरी साहित्य लेखनको यात्रा प्रारम्भ गरेकी बिन्दु शर्माका विभिन्न पत्रिकामा गीत, गजल, संस्मरण तथा समालोचना प्रकाशित छन् । यसरी साहित्यका विविध विधामा कलम चलाउँदै आएकी शर्माका **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे** (२०६२) र **आधारभूत नेपाली समालोचना** (२०६५) कृति प्रकाशित छन् । शर्माले २०६१ सालको खुल्ला गजल प्रतियोगितामा प्रथम पुरस्कार समेत प्राप्त गरेकी छन् ।

**गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे** बिन्दु शर्माको प्रथम प्रकाशित कृति हो । अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन बागबजार काठमाडौं प्रकाशक रहेको प्रस्तुत समालोचात्मक कृतिमा राष्ट्रकवि माधव घिमिरेको साहित्यिक रचनाधर्मिता, गीति नाट्य यात्रा र प्रवृत्तिहरूको निरूपण गर्दै उनका सम्पूर्ण गीति नाटकहरूको सैद्धान्तिक आधारमा कृतिपरक विश्लेषण गरिएको छ । **आधारभूत नेपाली समालोचना** (२०६५) सङ्ग्रह शर्माको दोस्रो प्रकाशित कृति हो । तन्नेरी प्रकाशन काठमाडौँको प्रकाशनमा प्रकाशित यस कृतिमा नेपाली साहित्यका विभिन्न विधाका एघारओटा समालोचना सङ्गृहित छन् । जसमा उपन्यास विधाका ४, कथा, कविता र नाटक विधाका २/२ र निबन्ध विधाको एउटा समालोचना रहेका छन् । सैद्धान्तिक र प्रायोगिक दुबै प्रकारको समालोचनाको प्रयोग गरी लेखिएका उनका समालोचना वस्तुपरक, विश्लेषणात्मक र मूल्याङ्कनपरक रहेका छन् । शर्माले कृतिको मूल्याङ्कन गर्दा निर्भीक भएर आफ्नो अडान स्थापना गरेकी छन् । उनको भाषा खँदिलो, परिष्कृत एवम् ओजपूर्ण रहेको छ ।

दङाली साहित्यमा मात्र नभई समग्र नेपाली साहित्यमा बिन्दु शर्माको महत्त्वपूर्ण स्थान रहेको छ । समालोचनाका क्षेत्रमा नारीहरूको न्यून उपस्थिति रहेको अवस्थामा एक सशक्त समालोचकका रूपमा देखिएकी शर्माको उपस्थितिलाई महत्त्वपूर्ण प्राप्तिका रूपमा लिन सकिन्छ ।

## ५.४ किरण पन्थी पाण्डेय र उनका कृतिको अध्ययन

किरण पन्थी पाण्डेयको जन्म वि.सं. २०१७ मा काठमाडौँको धोबिधारामा भएको हो । उनी पिता नीलाम्बर पन्थी तथा माता तारादेवी पन्थीका कोखबाट जन्मिएकी हुन् । स्नातकोत्तर सम्मको औपचारिक अध्ययन पूरा गरेकी पाण्डेय प्राध्यापन पेशामा संलग्न छन् ।

स्थायी ठेगाना गढवा-१ आँटीपाकर दाङ भएकी पाण्डेय २०४३ सालमा **राजधानी** साप्ताहिक पत्रिकामा *दुई कविता (नेपालीका धड्कन बी.पी. र आदर्शको बीउ)* प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेकी हुन् । विभिन्न पत्रपत्रिकामा उनका थुप्रै फुटकर कविता तथा लेख रचनाहरू प्रकाशित छन् । पुस्तकाकार कृतिका रूपमा उनका **नेपालका प्रमुख धार्मिक स्थलहरू** (२०६२-सहलेखन), **धर्मयोद्धा विवेकानन्द** (२०६५) **नेपालका चाडपर्वहरू** (२०६८), प्रकाशित रहेका छन् ।

**नेपालका धार्मिक स्थलहरू** (२०६२-सहलेखन) किरण पन्थी पाण्डेयको प्रथम प्रकाशित कृति हो । पैरवी प्रकाशन काठमाडौँ प्रकाशक रहेको यस कृतिमा किरण पन्थी पाण्डेय र मधुसूदन पाण्डेयको सहलेखन रहेको छ । यसमा नेपालका विभिन्न स्थानमा रहेका ११२ ओटा धार्मिक स्थलहरूको परिचय, ऐतिहासिक महत्त्वका साथै तिनका विशेषता, प्रचलित किंवदन्ती र त्यहाँसम्म पुग्ने यात्रामार्गको समेत उल्लेख गरिएको पाइन्छ । यसरी धार्मिक तथा ऐतिहासिक महत्त्व बोकेका धार्मिक स्थलहरूको परिचयात्मक सङ्गालोका रूपमा यो कृति उभिएको छ ।

**धर्मयोद्धा विवेकानन्द** (२०६५) को प्रकाशक पनि पैरवी प्रकाशन नै रहेको छ । यो कृति धार्मिक व्यक्तित्व स्वामी विवेकानन्दको जीवनीमा आधारित रहेको छ । स्वामी विवेकानन्दको जीवनका विविध आयामहरूलाई यस कृतिमा समेटेको पाइन्छ । **नेपालका चाडपर्वहरू** (२०६८) मा नेपालका विभिन्न जातजातिले मनाउने ६७ ओटा चाडपर्व, मेला, जात्रा, उत्सव आदिको परिचय, तिनको ऐतिहासिक महत्त्व, प्रचलित किंवदन्ती लगायत तीसँग सम्बन्धित विभिन्न प्रसङ्गहरूको उल्लेख गरिएको छ ।

पाण्डेयका फुटकर रूपमा विभिन्न पत्रपत्रिकाहरूमा साहित्यिक रचनाहरू प्रकाशित भए तापनि कृति प्रकाशनमा भने उनको रुचि साहित्य इतरका विषयमा रहेको देखिन्छ । उनका प्रकाशित कृतिहरू धार्मिक एवम् ऐतिहासिक महत्त्वका दृष्टिले अत्यन्तै महत्त्वपूर्ण रहेका छन् ।

## ५.५ सरला रेग्मी र उनका कृतिको अध्ययन

सरला रेग्मीको जन्म वि.सं. २०२६ भदौ ३० गते घोराही नगरपालिकाको वर्गद्दी दाङमा भएको हो । उनी पिता शक्तिराज रेग्मी तथा माता शिवादेवी रेग्मीका कोखबाट जन्मिएकी हुन् । प्रविणता प्रमाणपत्रसम्मको अध्ययन गरेकी उनी राजनीतिमा एक अगुवा नारी हुन् ।

सरला रेग्मीको साहित्य यात्रा विद्यार्थीकालदेखि नै प्रारम्भ भएको हो । उनले विद्यालयमा पढ्दादेखि नै कथा, कविता, गीत तथा नाटक लेख्ने गर्दथिन् । फुटकर रूपमा उनका रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । राजनीतिमा व्यस्त रहँदा रहँदै पनि साहित्यतिरको रुचिका कारण उनले कृति प्रकाशन गरी आफ्नो प्रतिभाको परिचय दिएकी छन् । उनका **चुँडाल्दै बन्धनहरू** (२०६३) कथा सङ्ग्रह, **प्रवाह** (२०६६) उपन्यास तथा **कम्युनिष्ट आन्दोलनका बहसहरू** (२०६६) कृति प्रकाशित छन् ।

**चुँडाल्दै बन्धनहरू** कथा सङ्ग्रह सरला रेग्मीको प्रथम प्रकाशित कृति हो । अखिल नेपाल जनसांस्कृतिक महासङ्घ भेरी-कर्णाली क्षेत्रीय समिति प्रकाशक रहेको प्रस्तुत कथा सङ्ग्रहमा रेग्मीका १३ ओटा कथाहरू रहेका छन् । यी कथाहरूले नेपाली समाजको सामाजिक, सांस्कृतिक, आर्थिक तथा राजनीतिक पक्षका विविध आयामहरूलाई चित्रण गरेका छन् । प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत कथाहरूमा विशेष गरी शोषक सामन्तहरूबाट पीडित निम्न वर्गका जनताका जीवन भोगाई एवम् नारीहरूले भोग्नु परेका समस्याहरूलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । उनका प्रायः सबै कथाहरूमा समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, उत्पीडनको अन्त्यका लागि क्रान्ति अनिवार्य भएकाले शोषक सामन्त वर्गका विरुद्ध सम्पूर्ण उत्पीडित वर्ग एकजुट भई सङ्घर्ष गर्दै आफ्ना हक अधिकारको स्थापना गर्न अग्रसर हुन जरुरी भएको विचार व्यक्त भएको पाइन्छ ।

ग्रामीण वातावरण र परिवेशका साथै युद्धकालीन समयको चित्रण पाइने उनका कथाहरूमा मानवीय जीवनमा आइपर्ने विभिन्न सङ्कटहरूका साथै दश वर्षको माओवादी जनयुद्ध, ग्रामीण अशिक्षित तथा निम्न वर्गका नेपालीहरू माथिल्लो वर्गका भनिने शोषक सामन्तबाट कसरी पीडित तथा दमित छन् त्यसको यथार्थ चित्रण पाइन्छ । त्यस्तै कथाकार रेग्मी नारी जातिले भोग्नु परेका विभिन्न समस्याहरूको उजागर गर्दै नारी अस्मिताको रक्षार्थ नारीहरू स्वयं सङ्घर्षशील हुनुपर्ने धारणा व्यक्त गर्दछिन् ।

युद्धकालीन परिवेशमा खान र बस्न दिएका निहुँमा गरिब, निमुखा जनता तथा महिलाहरू देशका पहरेदार आर्मी पुलिस र शोषक वर्गका व्यक्तिहरूबाट कसरी अन्याय र थिचोमिचोमा पर्दथे भन्ने कुरा सरला रेग्मीका कथामा सरल एवम् स्वाभाविक रूपमा अभिव्यक्त भएका छन् । त्यस्तै अन्याय, अत्याचार र थिचोमिचोका कारण साधारण जनता पनि क्रान्तिमा होमिन बाध्य भएको यथार्थतालाई रेग्मीले कथामा यसरी प्रस्तुत गरेकी छन् :

> *'अझ मुखमुखै लाग्दी रहिछे यो रण्डी । ए कान्छा यसलाई स्वाद चखाइदे' हवल्दारले भन्यो । दुश्मनहरूले छोरा छोरीका अगाडि सामुहिक बलात्कार गरेर कान्छी बज्यैलाई कुन्दाले हानेर रित्तो हात फर्के दुष्टहरू ।*

*साँझपख मुखिया आइपुगेर भने-मुखमुखै लाग्ने अनि ..................... तिमीले माफी माग्नुपर्छ बुझ्यौ कान्छी । कान्छी बर्ज्यैले आक्रोशित भएर भनिन् 'आजसम्म मैले तपाइँलाई मुखिया बाजे भनेर मान्दै आएकी थिएँ । आज .......................... तपाइँजस्ता मान्छेहरूको यही व्यवहारले गर्दा नै माओवादीको जन्म भएको रहेछ । बल्ल आज छर्लङ्ग भएको छ (**प्रसन्नता**, पृ. ३३) ।*

नारीहरूले पतिबाट प्रेम स्नेह र सहयोग पाउनुको साटो जुनसुकै परिस्थितिमा पनि लोग्नेको यौन तृष्णा पूरा गर्नुपर्ने र सन्तानोत्पादन गर्ने एक साधनका रूपमा जीवन निर्वाह गर्नु परेको कटु सत्यलाई उनी आफ्नो कथामा यसरी प्रस्तुत गर्दछिन् :

*बुढासँगका यी ३५ वर्षहरू, मात्र बुढालाई चाहिएको बेला म कुनै पनि उपयोगमा आएँ तर अहँ मेरा इच्छाहरू, आकाङ्क्षाहरू, रहरहरू पोख्न पाएँ न त राख्न नै पाएँ ! सधैँभरी आफ्ना इच्छाहरू, रहरहरू जबर्जस्ती दबाएर राख्नु नै मेरो जीवन बन्यो । बच्चाहरू पाउनु, हुर्काउनु ............ के यस्तै हो त बुढाबुढीको सम्बन्ध र जीवन भनेको ?*

आफ्नो पहुँच हुँदासम्म कर्मचारी तथा शोषक सामन्त वर्गका नाइकेहरू एउटा सामान्यभन्दा सामान्य जनताका काम गर्नुपर्दा जनताहरूलाई कसरी सताउँछन् र आफ्नो पहुँच समाप्त भएपछि चिप्लो घस्दै कसरी साखै बन्न पुग्दछन् । त्यस्ता स्वार्थी एवम् लाचारी प्रवृत्तिका व्यक्तिहरूको चित्रण उनको *लालपूर्जा* शीर्षकको कथामा अभिव्यक्त भएको पाइन्छ । जस्तै :

*'बहिनी ! मात्र जमिनको नामसारी गर्न पनि यत्रो वर्ष लड्नुपर्‍यो हगी' श्यामले भन्यो । ................ आवश्यक परे मलाई भन्नु है उजेली बहिनी म १५ नम्बर कोठामा हुन्छु (लालपूर्जा, पृ.३५) ।*

शोषक सामन्त वर्गहरूप्रति विरोध तथा शोषित पीडित निम्न वर्गीय जनताप्रति स्नेह प्रकट गरिएका रेग्मीका कथामा क्रान्तिबाटै परिवर्तन सम्भव हुने भएकाले क्रान्तिको अपरिहार्यतामा जोड दिइएको पाइन्छ । अन्याय, अत्याचार, उत्पीडन लगायतका विभेदजन्य संस्कारको अन्त्य भई समतामूलक समाज निर्माणको परिकल्पना गरिएका रेग्मीका कथा कलात्मकताका दृष्टिले केही कमजोर देखिए पनि भाव सम्प्रेषणका दृष्टिले सशक्त रहेका छन् । वर्णविन्यास तथा वाक्य गठनमा थुप्रै त्रुटी देखिने उनका कथामा परिष्कार एवम् परिमार्जनको आवश्यकता रहेको देखिन्छ ।

सरला रेग्मीको अर्को कृति **प्रवाह** उपन्यास विधाको रहेको छ । विवेक सिर्जनशील प्रकाशन प्रा.लि. प्रकाशक रहेको प्रस्तुत उपन्यास अठार परिच्छेदमा विभाजित छ । उपन्यास माओवादीको दसवर्षे सशस्त्र युद्धसँग निकट रहेको छ । सशस्त्र युद्धमा लाग्ने व्यक्तिहरूको दैनन्दिन जीवन, तिनका साङ्गठनिक क्रियाकलापको यथार्थ वर्णन गरिएको यस उपन्यासमा

राजनीतिक अस्तव्यस्तताका कारणले देशमा सिर्जित विभिन्न अवस्थाहरूको चित्रण गरिएको छ । समाजमा व्याप्त अन्याय, अत्याचार, दुराचार, शोषण, बलात्कारजस्ता विविध सन्दर्भबाट नेपाली जनताले भोगिरहेका पीडा र त्रासदीलाई प्रस्तुत गरिएको यस उपन्यासमा नेपाली समाजमा व्याप्त जातीयता र लैङ्गिक विभेदको विरोध गरिएको छ । माओवादीद्वारा सञ्चालित सशस्त्र युद्धको पृष्ठभूमि, त्यसका कारकहरू, युद्धकालीन अवस्था र गतिविधिलाई उपन्यासको विषयवस्तु बनाइएको छ । पारिवारिक एवम् सामाजिक दुबैतिरबाट नेपाली महिलाहरू अत्यन्त निरिह भएर बाँच्नुपरेको यथार्थ स्थितिको चित्रण गरिएको यस उपन्यासमा शोषण पराकाष्टामा पुगेपछि विद्रोहको जन्म हुन्छ भन्ने यथार्थ प्रस्तुत गरिएको छ । उपन्यासमा सरल र सहज भाषाशैलीको प्रयोग गरिनाका साथै आवश्यकताअनुसार थारू भाषाको समेत प्रयोग गरिएको छ । भाषा शैलीगत दृष्टिले पनि उपन्यास सजिव बनेको छ । विचारको प्रधानताले गर्दा औपन्यासिकतालाई थिचेको छ । सशस्त्र युद्धका कारक तत्त्वहरूको विश्लेषण गर्दै युद्धको अपरिहार्यता देखाइएको यो उपन्यास सामाजिक, सांस्कृतिक रूपान्तरणका दृष्टिले पनि निकै सशक्त रहेको छ ।

दङाली गद्यलेखन परम्परामा नारीहरूको उपस्थिति अत्यन्त न्यून रहेको अवस्थामा रेग्मीका कृतिहरूको महत्त्वपूर्ण स्थान रहेको छ । दङाली गद्य साहित्यको विकासमा रेग्मीको योगदान महत्त्वपूर्ण एवम् उल्लेखनीय रहेको छ ।

## ५.६ शारदा शर्मा र उनका कृतिको अध्ययन

शारदा शर्माको जन्म वि.सं. २०२७ मङ्सिर १५ गते नारायणपुर गा.वि.स. वडा नं. १ नारायणपुर दाङमा भएको हो । उनी पिता ओपेन्द्र गौतम तथा माता रत्नशोभा गौतमका कोखबाट जन्मिएकी हुन् । उनले स्नातकसम्मको औपचारिक अध्ययन पूरा गरेकी छन् । महेन्द्र बहुमुखी क्याम्पस दाङमा कार्यरत शर्मा पत्रकार पेशामा समेत संलग्न छन् ।

महिला हक हितका लागि कलम चलाउने शर्माका विभिन्न पत्रपत्रिकामा थुप्रै लेख रचनाहरू प्रकाशित छन् । महिला अधिकारका लागि निरन्तर क्रियाशील उनी महिला सशक्तीकरण पत्रकारिता पुरस्कार (२०६२) द्वारा सम्मानित नारी स्रष्टा हुन् । उनको **महिला** (२०६३) निबन्ध सङ्ग्रह प्रकाशित छ ।

**महिला** निबन्ध सङ्ग्रह  शारदा शर्माको एक मात्र प्रकाशित कृति हो । अस्मिता प्रकाशन भोटाहिटी काठमाडौं प्रकाशक रहेको यस कृतिमा उनका **गाउँघर, युगबोध** लगायतका पत्रिकाहरूमा विभिन्न समयमा प्रकाशित २९ ओटा लेखहरू सङ्गृहित छन् । यस सङ्ग्रहमा सङ्गृहित सबै निबन्धात्मक लेखहरूमा मूलतः महिलाका हक अधिकारको स्थापनाका लागि सशक्त आवाज उठाएको पाइन्छ । महिलाहरू पितृसत्तात्मक समाजका कारण सदियौंदेखि आफ्नै परिवार, समाजबाट अनेकौं अन्याय, अत्याचार र थिचोमिचो सहँदै

जिउन बाध्य भएका यथार्थ प्रस्तुति निबन्धमा रहेका छन् । त्यसैले समाजमा व्याप्त लैङ्गिक असमानताको अन्त्य भई महिलाले पनि पुरुष सरह अधिकार पाउनु पर्छ भन्ने धारणा लेखिकाको रहेको छ । पुस्तकमा सङ्कलित रचनाहरूमा देशका नियम, कानूनमा महिला अधिकारका थुप्रै राम्रा कुराहरू लेखिएका भए पनि ती कागजी रूपमा मात्र सीमित रहेको तथ्य उजागर गर्दै व्यवहारमा लागु गर्न सम्बन्धित निकायलाई आग्रह गरिएको छ । महिलाहरू मूल रूपमा लैङ्गीक असमानताकै कारण हरेक क्षेत्रमा पछि पर्नु परेको यथार्थता औँल्याउँदै सबैखाले असमानताको अन्त्य हुनुपर्ने तथा हरेक क्षेत्रमा महिलाको पहुँच स्थापित हुनुपर्ने विचार निबन्धमा अभिव्यक्त भएको पाइन्छ ।

शर्माले आम नेपाली महिलाहरूले विभिन्न बहानामा भोग्दै आएका अन्याय, अत्याचार, दमन, शोषणबाट मुक्ति पाउनुपर्ने चाहना व्यक्त गरेकी छन् । महिला मुक्तिका लागि परिवार, समाज र राष्ट्र संवेदनशील बन्नुपर्ने धारणा अभिव्यक्त भएका यी निबन्धहरूमा महिला स्वयं पनि आफ्नो हक अधिकारका लागि सङ्घर्षशील एवम् सचेत हुनुपर्ने खाँचो औँल्याइएको छ । महिला अधिकार, मानव अधिकार लगायतका विविधखाले अधिकारबाट कोही पनि बञ्चित बन्नु नपरोस् र सबै विभेदको अन्त्य भई समतामूलक समाज निर्माण होस् भन्ने भावना यी निबन्धमा रहेका छन् । घरायसी कामधन्दा र मेलापातमा सीमित नारीहरूलाई राज्यको मूल प्रवाहमा आउन समेत आह्वान गरिएको छ ।

प्रस्तुत सङ्ग्रहका निबन्धहरू सरल एवम् बोधगम्य छन् । विभिन्न स्थानमा उखानको प्रयोगले गर्दा भाव सम्प्रेषणमा सशक्तता प्रदान गरेको पाइन्छ । दङाली साहित्यको विकासमा शर्माको यस निबन्ध सङ्ग्रहले उल्लेख्य भूमिका खेलेको छ भने पत्रकारिता तथा साहित्यमा उनको महत्त्वपूर्ण योगदान रहेको छ ।

## ५.७ झुपा ओली र उनका कृतिको अध्ययन

झुपा ओलीको जन्म बाघमारे गा.वि.स. वडा नं. ५ सिमसुन्दरपुरमा भएको हो । उनी पिता धनबहादुर ओली तथा माता पदमा ओलीका कोखबाट जन्मिएकी हुन् । उनको **मिलनचक्र** (२०६७) उपन्यास प्रकाशित छ ।

**मिलनचक्र** उपन्यास झुपा ओलीको आफ्नै प्रकाशनमा प्रकाशित कृति हो । सुरुदेखि अन्त्यसम्म एउटै परिच्छेदका रूपमा रहेको प्रस्तुत उपन्यास युवायुवतीको प्रेमकथामा आधारित छ । उपन्यासका प्रमुख पात्र दिवानी र आगमनका केन्द्रियतामा रचिएको यस उपन्यासमा उनीहरूको प्रेम बिछोड र पुनः मिलन लगायतका विविध घटनाक्रमहरूको प्रस्तुति पाइन्छ । साँचो प्रेममा जस्तोसुकै हण्डर र ठक्कर खानु परे पनि अन्ततः मिलन भएरै छाड्दछ भन्ने विचार उपन्यासमा अभिव्यञ्जित भएको छ । प्रेमका विविध प्रसङ्गका साथै समाजमा विधवा नारीप्रति गरिने अन्यायपूर्ण व्यवहारको चित्रण पनि उपन्यासमा पाइन्छ ।

नेपालमा चलेको द्वन्द्वका कारण कैयौँ नेपालीहरूको रगतको खोलो बगेको प्रसङ्गको उल्लेख पाइने यस उपन्यासमा थोरै भए पनि राष्ट्रप्रतिको चिन्ता व्यक्त भएको देखिन्छ । हत्या र हिंसाबाट कसैलाई पनि फाइदा नपुग्ने हुँदा गौतम बुद्ध जस्ता शान्तिका अग्रदूत जन्मिएको देशमा अशान्तमय वातावरणको तुवाँलो अशोभनीय भएको अभिव्यक्ति उपन्यासमा रहेको छ ।

नेपालका दाङ, प्यूठान, डोल्पा, काठमाडौँ लगायत भारतका केही स्थानहरूको परिवेशलाई समेटेको प्रस्तुत उपन्यास मूलतः आदर्श प्रेमको पक्षमा उभिएको छ । त्यस अतिरिक्त समाजमा विद्यमान विधवा समस्या र तिनीहरूले भोग्नु परेका विभेदजन्य व्यवहारको विरोध उपन्यासमा पाइन्छ । भाषाशैलीगत दृष्टिले हेर्दा थुप्रै वर्णविन्यासगत त्रुटी, धेरै लामा-लामा वाक्यको प्रयोग, अनावश्यक शब्दहरूको पुनरावृत्ति लगायतका थुप्रै कसरहरू रहेका छन् । कथा विन्यासमा पनि अत्यन्तै फितलो देखिने यो उपन्यासमा अत्यन्तै परिष्कारको खाँचो रहेको देखिन्छ ।

## ५.८ निष्कर्ष

गद्य लेखनबाट सुरु भएको दाङको नारी लेखन परम्परामा गद्य लेखन भने आशातित रूपमा फस्टाउन सकेको छैन । कविता विधामा स्रष्टाहरूको उल्लेख्य सहभागिता भए पनि गद्यतिर त्यति रुचि भएको पाइँदैन । २००३ सालबाट सुरु भएको दाङको गद्य लेखन परम्परामा २०६१ सालमा आएर मात्र कृति प्रकाशित भएको देखिन्छ । सुरुका दिनहरूमा रहरका लागि लेख्ने नारी स्रष्टाहरू पछिल्लो समयमा व्यापक अध्ययन, अनुसन्धान गर्दै जिम्मेवारीबोधका साथ सिर्जना कर्ममा जुटेका छन् । दाङको नारी गद्य लेखनमा बिन्दु शर्मा प्रतिष्ठित समालोचकका रूपमा देखिएकी छन् ।

## परिच्छेद : छ

# उपसंहार तथा निष्कर्ष

### ६.१ उपसंहार

भारतको बनारसबाट प्रकाशित **उदय** पत्रिकामा २००३ सालमा सुशीला शर्मा घिमिरेको निबन्धात्मक लेख प्रकाशनसँगै दङाली नारी लेखन परम्पराको सुरुआत भएको मानिन्छ । २००३ सालको **उदय** पत्रिकामा प्रकाशित *हाम्रो समाजमा शिक्षाको अभाव* शीर्षकको लेख नै पहिलो दङाली नारी स्रष्टाको रचना भएको हालसम्मको अध्ययनबाट पुष्टि हुन्छ । **उदय, सन्देश** हुँदै स्थानीयस्तरबाट प्रकाशित विभिन्न पत्रिकाहरूबाट अगाडि बढेको दाङको नारी लेखन परम्परामा २०५५ सालमा आएर मात्र कृति प्रकाशन भएको देखिन्छ । २०५५ सालमा प्रकाशित मीना स्वर्णकारको **अपमानित क्षणभित्र** कविता सङ्ग्रह दङाली नारी स्रष्टाको पहिलो प्रकाशित कृति हो । यसरी क्रमिक रूपमा अगाडि बढ्दै आएको दाङको नारी लेखन परम्पराले विभिन्न आरोह अवरोहहरू पार गर्दै आइरहेको छ । हालसम्म आइपुग्दा त्यति पर्याप्त नारी स्रष्टाहरू साहित्य सिर्जनामा क्रियाशील नभए पनि विभिन्न व्यावहारिक समस्याका अतिरिक्त पनि साहित्य सिर्जनामा महिलाको सहभागितालाई सन्तोषजनक रूपमा नै लिन सकिन्छ ।

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोध परिचय राखिएको छ । शोध परिचयको सुरुमा विषय परिचय प्रस्तुत गरिएको छ । त्यसपछि प्रस्तुत शोधकार्यका समस्या के-के हुन् तिनलाई राखिएको छ । शोधकार्यको उद्देश्यमा शोध गर्नुको उद्देश्य के हो भन्ने बारेमा प्रष्ट पारिएको छ । दाङका नारी स्रष्टाहरूका बारेमा हालसम्म भएका अध्ययन, अनुसन्धानलाई पूर्वकार्यको समीक्षाका रूपमा प्रस्तुत गरिएको छ । त्यसपछि अध्ययनको औचित्यमाथि प्रकाश पारिएको छ । अध्ययनको सीमा, सामग्री सङ्कलन विधि, सैद्धान्ति ढाँचा र शोधविधि र अन्त्यमा शोधपत्रको रूपरेखा के-कस्तो रहने त्यस बारेमा जानकारी दिइएको छ ।

दोस्रो अध्यायमा दाङ जिल्लाको परिचय र सङ्क्षिप्त साहित्यिक इतिहासको चर्चा गरिएको छ । दाङ जिल्लाको नामकरणका विभिन्न प्रसङ्गहरूको चर्चा गर्दै भौगोलिक, प्राकृतिक, जलवायु, ऐतिहासिक पृष्ठभूमि, सामाजिक सांस्कृतिक अवस्था, जनसङ्ख्या, ऐतिहासिक एवम् धार्मिक स्थलहरूको सङ्क्षिप्त वर्णन गरिएको छ । १८९९ सालमा रचित 'सिद्धगादी चरित'बाट आरम्भ भएको मानिएको दाङको लेख्य साहित्यिक परम्परा वर्तमानसम्म आइपुग्दा निकै समृद्ध भइसकेको छ । उन्नाइसौँ शताब्दीको उत्तरार्द्धबाट सुरु भएको दाङको लेख्य साहित्यिक परम्परामा नारी स्रष्टाहरूको क्रियाशीलता २००३ सालबाट भएको देखिन्छ । दाङको लेख्य साहित्यिक परम्परालाई समृद्ध गराउन नेपालबाट अध्ययनार्थ

बनारस पुगेका विद्यार्थीहरूको सक्रियतामा प्रकाशित विभिन्न साहित्यिक पत्रिकाहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । त्यसमध्ये पनि **उदय, छात्रदूत, छात्रवाणी, छात्रप्रभा,** तथा दाङ अनि प्यूठानका विद्यार्थीहरूको सक्रियतामा प्रकाशित **सन्देश, सुमन** जस्ता पत्रिकाहरूको भूमिका विशेष उल्लेखनीय रहेको छ । त्यसैगरी स्थानीय स्तरबाट प्रकाशित **प.प. हाइस्कूल पत्रिका, मानस-प्रभा, अन्तर्ध्वनि, छहरा, राप्तीदूत** र **खलिहान** आदि पत्रिकाहरूले दाङको साहित्यिक फाँटलाई हराभरा बनाएका छन् । धेरैपछि मात्र कृति प्रकाशन भएको दाङको साहित्यिक परम्परालाई गतिशील एवम् समृद्ध बनाउन पत्रिकाहरूले खेलेको भूमिका सराहनीय रहेको छ । त्यसमा पनि शैक्षिक स्तरबाट धेरैभन्दा धेरै पत्रिकाहरू प्रकाशित छन् । ती पत्रिकाहरूले साहित्यिक क्षेत्रमा क्रियाशीलता बढाउन सर्जकहरूलाई प्रेरित गरेको देखिन्छ । वर्तमानसम्म आइपुग्दा दङाली साहित्य निकै समृद्ध भइसकेको छ । दङाली स्रष्टाका थुप्रै कृतिहरू प्रकाशित भइसकेका छन् साथै विभिन्न नारी स्रष्टाहरूले समेत कृति प्रकाशित गरी साहित्य साधनामा अग्रसरता देखाएको पाइन्छ ।

शोधपत्रको तेस्रो अध्यायमा दाङ जिल्लाका नारी स्रष्टाहरूको लेख्य परम्परा पहिल्याउने प्रयास गरिएको छ । २००३ सालबाट आरम्भ भएको नारी लेखन परम्परालाई २ चरणमा विभाजन गरी विकासक्रमको चर्चा गरिएको छ । प्रथम चरण (२००३-२०४५), दोस्रो चरण (२०४६ सालदेखि हालसम्म) । श्रीमती सुशीला घिमिरेको **उदय** पत्रिकामा २००३ सालमा प्रकाशित हाम्रो समाजमा शिक्षाको अभाव शीर्षकको लेख प्रकाशनसँगै दाङको नारी लेखन परम्परा आरम्भ भएको मानिन्छ । उदयमा प्रकाशित यही रचना नै दाङका नारी स्रष्टाको लेखन परम्पराको आरम्भ बिन्दु हो । दाङको नारी लेखन परम्परालाई गतिशील तुल्याउन **उदय** (१९९३), **सन्देश** (२०१४) पत्रिकाको भूमिका महत्त्वपूर्ण रहेको छ । **उदय**बाट आरम्भ भएको नारी लेखन परम्परालाई गतिशील तुल्याउन **सन्देश**ले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । कुमारी पुष्पा, कुमारी विद्यादेवी लम्साल, श्रीमती प्रभादेवी, तारा सुवेदी, कुमारी अना **सन्देश**बाटै साहित्य लेखन आरम्भ गरेका नारी स्रष्टाहरू हुन् । त्यसैगरी स्थानीयस्तरबाट प्रकाशित **ज्योत्स्ना, छहरा** र **खलिहान** पत्रिकाले दाङको नारी लेखन परम्पराको पहिलो चरणमा थुप्रै नारी स्रष्टाहरूका रचनाहरू प्रकाशित गरी नारी लेखन परम्परालाई विकसित तुल्याएका छन् । **ज्योत्स्ना**बाट साहित्य सिर्जनामा लागेका नारी स्रष्टाहरूमा राधीकादेवी आचार्य, खिमकुमारी, कुमारी राधा, विद्यादेवी पन्त, विश्वमायादेवी, खिमा योगी आदि थुप्रै नारी स्रष्टाहरू पर्दछन् । दाङको महेन्द्र बहुमुखी क्याम्पसबाट प्रकाशित **छहरा** (२०३०) ले पनि थुप्रै नारी स्रष्टाहरू उत्पादन गरेको छ । राधा शाह, मञ्जु योगी, गौरा रेग्मी, सरिता खनाल, राधा अधिकारी, सुधा धिताल, विमला न्यौपाने, बाल्मी के.सी. आदि **छहरा**बाट लेखन कार्यमा अग्रसर देखिएका नारी स्रष्टाहरू हुन् । **खलिहान** (२०४३) बाट सुधा धिताल र कल्पना ज्ञवाली साहित्य साधनामा क्रियाशील भएको देखिन्छ ।

दङाली नारी लेखन परम्पराको पहिलो चरणलाई साहित्यिक पत्रिकाले गतिशील बनाएका छन् । जसमा **उदय, सन्देश, ज्योत्स्ना, छहरा** र **खलिहान** पर्दछन् ।

२०४६ सालमा मुलुकमा आएको राजनीतिक परिवर्तनसँगै दङाली नारी लेखन परम्परामा दोस्रो चरणको थालनी भएको मान्न सकिन्छ । पहिलो चरणमा विद्यार्थी जीवनमा रचना प्रकाशित गर्ने तर पछाडि गृहस्थ जीवनमा नै हराउने परिपाटी विद्यमान रहेको अवस्थामा त्यस किसिमको स्थितिलाई चिर्दै दोस्रो चरणमा फुटकर रूपमै भए पनि नारी स्रष्टाहरू साहित्य साधनामा अग्रसर रहेको देखिन्छ । दोस्रो चरण आरम्भ भएको १ दशकपछि मात्र दङाली नारी स्रष्टाको कृति प्रकाशित भएको देखिन्छ । २०५५ सालमा प्रकाशित मीना स्वर्णकारको **अपमानित क्षणभित्र** कृति नै दाङका नारी स्रष्टाको पहिलो प्रकाशित कृति हो । यसपछि दङाली नारी स्रष्टाहरू कृति प्रकाशनतर्फ, बढी अग्रसर भएको देखिन्छ । त्यसपश्चात् बुनू लामिछानेका **बिहानीका पाइलाहरू** (२०५८) **सुलोचना महाकाव्यको विश्लेषण** (२०५८), **याचना** (२०६०), **विद्रोही इन्द्रकुमारी** (२०६४), आकृति शर्मा पाण्डेको **देश हराएको सूचना** (२०६०), तारा पुन निशानीको **जिन्दगी** (२०६०), चन्द्रकला शाहको **आँधी आएर** (२०६१), मञ्जु राणाको **दुई थुङ्गा फूल** (२०६१), विदुषी पाण्डेयको **विरहका आँसु** (२०६२), **मेघ वर्षा** (२०६४), कविता उपाध्यायको **पञ्चामृत** (२०६१), **त्रिवेणी** (२०६७), अनिता शर्मा मजगैयाँको **पितास्मृति** (२०६२), उर्मिला लामिछानेका **कविता कोशेली** (२०६३), **चराको चिरबिर** (२०६३), **आमा र छोरा** (२०६६), बिन्दु श्रेष्ठका **आश्मा** (२०६३) र **आमा** (२०६४), सन्ध्या रेग्मीको **मेरो परिवेश** (२०६७), सुषमा घिमिरेको **युग आवाज** (२०६७), आशा न्यौपानेको **सम्झना** (२०६७), रुक्मिणी उपाध्यायको **चर्किएको ऐना र बिम्ब** (२०६७), निलम शर्मा ओलीको **यात्रा** (२०६८), ईश्वरी कुमारी बस्नेतको **सन्देशमूलक गीतहरू** (२०६८) कविता विधाका कृतिहरू प्रकाशित भएका छन् । त्यसैगरी गद्य विधातर्फ सरला रेग्मीका **चुँडाल्दै बन्धनहरू** (२०६३), **प्रवाह** (२०६६), **कम्युनिष्ट आन्दोलनका बहसहरू** (२०६६), सरस्वती पोखेलको **बिछोडका पाइला** (२०६१), झुपा ओलीको **मिलनचक्र** (२०६७), शारदा शर्माको **महिला** (२०६३), किरण पन्थी पाण्डेयको **नेपालका प्रमुख धार्मिक स्थलहरू** (२०६२), **धर्मयोद्धा विवेकानन्द** (२०६५), **नेपालका चाडपर्वहरू** (२०६८), बिन्दु शर्माका **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे** (२०६२), **आधारभूत नेपाली समालोचना** (२०६५) कृतिहरू प्रकाशित भएको देखिन्छ । दङाली नारी लेखन परम्पराको दोस्रो चरण फुटकर र कृति प्रकाशन दुबै स्तरबाट अगाडि बढेको देखिन्छ । यस चरणमा पनि थुप्रै नारी स्रष्टाहरूले फुटकर रूपमा रचनाहरू प्रकाशित गरेका छन् । समग्रमा भन्नुपर्दा दङाली नारी लेखन परम्परा कृति प्रकाशन भन्दा पनि फुटकर रूपमा नै अगाडि बढेको देखिन्छ । दोस्रो चरणमा देखिएका बुनू लामिछाने, चन्द्रकला शाह, बिन्दु शर्माले राष्ट्रियस्तरमा आफ्नो पहिचान स्थापित गराइसकेका छन् । यी स्रष्टाहरूले दङाली साहित्यलाई राष्ट्रिय प्रवाहमा समाहित गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

शोधपत्रको चौथो अध्यायमा कृति प्रकाशन गरेका दाङाली नारी कविहरूको सङ्क्षिप्त परिचयका साथै तिनका प्रकाशित कृतिहरूको अध्ययन गरिएको छ । त्यसैगरी शोधपत्रको पाँचौं अध्यायमा कृति प्रकाशन गर्ने दङाली नारी गद्य स्रष्टा र तिनका कृतिहरूको अध्ययन गरिएको छ । कृतिका सबल तथा दुर्बल पक्षहरू पहिल्याउने कार्य समेत यी दुई अध्यायहरूमा गरिएको छ ।

शोधपत्रको छैटौँ तथा अन्तिम अध्यायमा उपसंहार तथा निष्कर्षलाई राखिएको छ । यस शोधपत्रको अध्यायगत कार्यको समीक्षा र दाङका नारी स्रष्टाहरूको अध्ययनबाट प्राप्त उपलब्धिलाई निष्कर्षमा उल्लेख गरिएको छ ।

## ६.२ निष्कर्ष

२००३ सालबाट आरम्भ भएको दाङको नारी लेखन परम्परा हालसम्म आइपुग्दा निकै समृद्ध भइसकेको छ । छ दशक लामो अवधिसम्म विकसित दाङको नारी लेखन परम्परा नेपाली साहित्यको विकासका लागि पनि महत्त्वपूर्ण साबित भएको छ । दाङका नारी स्रष्टाहरूको अध्ययनबाट प्राप्त उपलब्धिलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

१. दाङको नारी लेखन परम्पराको आरम्भ २००३ सालबाट भएको देखिन्छ । बनारसबाट निक्लेको **उदय** पत्रिकामा २००३ सालमा प्रकाशित सुशीला शर्मा घिमिरेको निबन्धात्मक लेख नै दङाली नारी स्रष्टाको पहिलो प्रकाशित रचना हो ।

२. दाङको नारी लेखन परम्परालाई मुख्य रूपमा दुई चरणमा विभाजन गर्न सकिन्छ । जसअनुसार प्रथम चरणलाई २००३ देखि २०४५ सालसम्म र द्वितीय चरणलाई २०४६ सालदेखि वर्तमान समयसम्म विभाजन गर्न सकिन्छ ।

३. दङाली नारी स्रष्टाको कृति प्रकाशन श्रृङ्खला २०५५ सालबाट आरम्भ भएको देखिन्छ । २०५५ सालमा प्रकाशित मीना स्वर्णकारको **अपमानित क्षणभित्र** (कविता सङ्ग्रह) कृति नै दङाली नारी स्रष्टाको पहिलो प्रकाशित कृति हो ।

४. समग्र नेपाली साहित्यमा कविता विधाको बाहुल्य भए झैँ दङाली नारी स्रष्टाहरू पनि कविता विधामा नै बढी केन्द्रित रहेको देखिन्छ ।

५. दङाली नारी लेखन परम्परालाई गतिशील तुल्याउन पत्रिकाहरूको भूमिका महत्त्वपूर्ण रहेको छ । दङाली नारी लेखन परम्पराको पहिलो चरण पत्रिकाहरूबाट नै गतिशील भएको देखिन्छ । दोस्रो चरणको पनि करीब एक दशक पछि मात्र कृति प्रकाशन भएको पाइन्छ र हालसम्म पनि पत्रिकाहरूको भूमिका उल्लेखनीय रहँदै आएको छ ।

६. दङाली नारी लेखन परम्परालाई राष्ट्रिय स्तरमा स्थापित गर्न दाङका नारी स्रष्टाहरूले खेलेको भूमिका महत्त्वपूर्ण रहेको छ । समग्र नेपाली साहित्यको विकासका निम्ति दङाली नारी स्रष्टाहरूको योगदान उल्लेखनीय रहेको छ ।

७. दङाली नारी स्रष्टाहरूले राष्ट्रिय स्तरमा आफ्नो छुट्टै पहिचान स्थापित गरिसकेका छन् । पहिलो नारी महाकाव्यकारको श्रेय पनि दाङकै बुनू लामिछानेलाई नै जान्छ ।

८. दाङको नारी लेखन परम्परा कृति प्रकाशन भन्दा पनि फुटकर रूपमा नै गतिशील रहँदै आएको देखिन्छ । २००३ सालदेखि सुरु भएको दाङको नारी लेखन परम्परा हालसम्म आइपुग्दा २३ जना नारी स्रष्टाहरूले मात्र कृति प्रकाशन गरेका छन् ।

९. दङाली नारी लेखन परम्पराको विभिन्न चरणमा देखिएका नारी स्रष्टाहरू विद्यार्थी जीवनमा मात्रै क्रियाशील भएको देखिन्छ । गृहस्थ जीवनको थालनीसँगै उनीहरू प्रायः साहित्य सिर्जनामा निस्क्रीय रहेका छन् ।

१०. प्रायः नारी स्रष्टाका रचनाहरू विधागत सचेतताका आधारमा कमजोर रहेका छन् । यसलाई दङाली नारी स्रष्टाहरूको सीमाका रूपमा लिनुपर्ने देखिन्छ ।

दङाली नारी लेखन परम्पराका महत्त्वपूर्ण उपलब्धिका रूपमा बुनू लामिछाने र बिन्दु शर्मालाई लिन सकिन्छ । बुनू लामिछाने नेपाली काव्य विधाको राष्ट्रिय प्रवाहकै सशक्त नारी प्रतिभा हुन् भने बिन्दु शर्मा नेपाली समालोचनाका क्षेत्रमा स्थापित नारी समालोचक हुन् ।

# सन्दर्भसामग्री सूची

## पुस्तक सूची


उपाध्याय, कविता. २०६२. **पञ्चामृत**. दाङ : राप्ती साहित्य परिषद् ।

____________ . २०६७. **त्रिवेणी**. दाङ : राप्ती साहित्य परिषद् ।

उपाध्याय, रुक्मिणी. २०६७. **चर्किएको ऐना र बिम्ब**. उदय आले ।

ओली, झुपा. २०६७. **मिलनचक्र**. झुपा ओली ।

घिमिरे, सुषमा. २०६७. **युगआवाज**. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

**दाङ जिल्लाको बस्तुगत विवरण.** २०६२. दाङ : जिल्ला विकास समिति दाङ ।

न्यौपाने, आशा. २०६७. **सम्झना**. खगराज न्यौपाने ।

पन्थी (पाण्डेय), किरण. २०६२. **नेपालका धार्मिक स्थलहरू**. काठमाडौँ : पैरवी प्रकाशन ।

____________ . २०६५. **धर्मयोद्धा विवेकानन्द**. काठमाडौँ : पैरवी प्रकाशन ।

____________ . २०६८. **नेपालका प्रमुख चाडपर्वहरू**. काठमाडौँ : पैरवी प्रकाशन ।

पाण्डे, आकृति. २०६०. **देश हराएको सूचना**. आकृति पाण्डे ।

पाण्डेय, विदुषी. २०६२. **विरहका आँसु**. दाङ : लेखक सङ्घ ।

____________ . २०६४. **मेघवर्षा**. दाङ : राप्ती साहित्य परिषद् ।

पुन निशानी, तारा. २०६०. **जिन्दगी**. तारा पुन निशानी ।

पोखेल सरस्वती. २०६१. **बिछोडका पाइला**. प्रभालक्ष्मी राणा ।

बस्नेत, ईश्वरी कुमारी. २०६८. **सन्देशमूलक गीतहरू** ।

भट्टराई, घटराज र शरदचन्द्र भट्टराई. (सम्पा.). २०५९. **प्राचीन नेपाली पद्य**. काठमाडौँ : साझा प्रकाशन ।

मिश्र, डिल्लीराम. २०६६. **युवावर्ष मोती पुरस्कार सर्जक र सिर्जना**. राष्ट्रिय युवा सेवा कोष ।

राणा, मञ्जु. २०६१. **दुई थुङ्गा फूल**. प्रज्ञा राणा (शाह) र अन्य ।

रेग्मी सन्ध्या. २०६७. **मेरो परिवेश**. डिल्लीराज रेग्मी ।

रेग्मी, सरला. २०६३. **चुँडाल्दै बन्धनहरू**. अखिल नेपाल जनसांस्कृतिक महासङ्घ भेरी कर्णाली क्षेत्रीय समिति ।

____________ . २०६६. **प्रवाह**. काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

लामिछाने, उर्मिला. २०६३. **कविता कोशेली**. काठमाडौँ : वनिता प्रकाशन ।

____________ . २०६३. **चराको चिरबिर**. काठमाडौँ : वनिता प्रकाशन ।

लामिछाने, बुनू. २०५८. **बिहानीका पाइलाहरू**. बुनू लामिछाने ।

____________ . २०६०. **याचना**. काठमाडौँ : नारी साहित्य प्रतिष्ठान ।

____________ . २०६४. **विद्रोही इन्द्रकुमारी**. काठमाडौँ : नारी साहित्य प्रतिष्ठान ।

लुइँटेल, लीला. २०६८. **नेपाली महिला उपन्यासकार**. ललितपुर : साझा प्रकाशन ।

शर्मा मजगैयाँ, अनिता. २०६२. **पितास्मृति.** दाङ : दाङ साहित्य तथा संस्कृति प्रतिष्ठान ।

शर्मा, गिरिराज. २०६६. **केही कृति समीक्षा र विविध**. दाङ : नयाँ युगबोध राष्ट्रिय दैनिक ।

शर्मा, ठाकुर. २०६६. **विमर्शन.** दायित्व वाङ्मय प्रतिष्ठान नेपाल ।

शर्मा, बिन्दु. २०६२. **गीति नाट्य परम्परामा राष्ट्रकवि घिमिरे**. काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

___________ . २०६५. **आधारभूत नेपाली समालोचना**. काठमाडौँ : तन्नेरी प्रकाशन ।

शर्मा, शारदा. २०६७. **महिला**. काठमाडौँ : अस्मिता प्रकाशन ।

शाह, चन्द्रकला. २०६१. **आधी आएर**. काठमाडौँ : गजल मञ्च ।

श्रेष्ठ, बिन्दु. २०६३. **आस्मा**. ध्रुवकुमार श्रेष्ठ ।

___________ . २०६४. **आमा**. ध्रुवकुमार श्रेष्ठ ।

स्वर्णकार, मीना. २०५५. **अपमाणित क्षणभित्र**. एम एल नेपाली ।

सुवेदी, केशव. २०५३. रापतीका कविता : पृष्ठभूमि र परम्परा, **मध्यपश्चिमका कविता.**काठमाडौँ : मध्यपश्चिमाञ्चल साहित्य परिषद् ।

___________ . २०६५. **रापतीको साहित्यिक रूपरेखा**. काठमाडौँ : एकता प्रकाकशन ।

शर्मा ओली, निलम. २०६८. **यात्रा**. सागर ओली र विनिता शर्मा ओली ।

## पत्रपत्रिका सूची

उदासी, टीकाराम. २०५९. छहराभित्रका नारी स्रष्टाहरू, **छहरा**. दाङ :स्वतन्त्र विद्यार्थी युनियन म.ब.क्या. ।

**उदय**. २००३. बनारस. ९ : ७-८ ।

पोखेल, सुनील. २०६२. दाङ जिल्लाको सामान्य परिचय, **हाम्रो दाङ-हाम्रो तस्विर स्मारिका**. काठमाडौँ : दाङ विद्यार्थी समिति, त्रि.वि. कीर्तिपुर ।

मजगैयाँ, उत्तमकृष्ण. २०५४. दाङको लेख्य साहित्यिक परम्परा र प्रथम पुस्ताका साहित्यकारहरू, **प्रवाह**. दाङ : लेखक सङ्घ ।

**सन्देश**. २०१४. वाराणसी : दाङ प्यूठान छात्रमण्डल, (१ : २) ।

## शोध सूची

शर्मा, निर्मला. २०५९. **दाङ जिल्लाका कवि र तिनका कविता कृतिको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँ : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

रिजाल, वासुदेव. २०६५. **दाङ जिल्लाका उपन्यासकार र तिनका उपन्यासहरूको परिचयात्मक अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँ : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

रेग्मी, माधवा. २०६६. **दङाली कथाकार र तिनका कथा सङ्ग्रहहरूको अध्ययन**. अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौँ : नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।